# अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमाप्रयुक्तभाषा


शोधार्थी

मेलिना मल्ल


स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर अन्तर्गत नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनकालागि नेपालीशिक्षाशिक्षण समितिमा प्रस्तुत

## शोधपत्र

२०७३/२०१७


मध्यपश्चिमाञ्चल विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

शिक्षाशास्त्र केन्द्रीयक्याम्पस

सुर्खेत,  नेपाल

# प्रतिबद्धता पत्र

प्रस्तुत शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा शास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । शोधपत्र मैले सम्बन्धित पाठ्यपुस्तक, पुराना शोधकार्य पत्रिकाहरूको खोज र गहन अध्ययन गरी तयार पारेको छु । यस शोध पत्रमा मैले कुनै पनि पाठ्यपुस्तकका लेख रचना, पुराना शोधपत्रबाट हुबहु पूर्ण रूपले साभार गरेको छैन। प्रस्तुत शोधलाई सहयोग पुग्ने गरी उपयोग गरिएका पाठ्यपुस्तकहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरिएको छ ।यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्ध गर्न सक्ने मञ्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

...........................

शोधार्थी

मेलिना मल्ल

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल

☎ ०८३-५२३४८५

पत्र सङ्ख्या :

चलानी नम्बर : मिति :-

# सिफारिस पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि.५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **'अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषा'** शीर्षकको शोधपत्र शोधार्थी मेलिना मल्लले मेरो निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्रअत्यन्त मेहेनत र परिश्रमपूर्वक तयार पारिएकाले आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति :वि.सं. : २०७३/१०/२५
इ.सं. : ७ फेब्रुअरी २०१७

..........................
लक्ष्मीप्रसाद आचार्य
शोध निर्देशक

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल
☎ ०८३-५२३४८५

पत्र सङ्ख्या :

चलानी नम्बर : मिति :-

# स्वीकृति पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, (एम.एड) चौथो समेस्टरमा अध्ययनरत शोधार्थी मेलिना मल्लद्वारा तयार पारिएको **'अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषा'** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त ठहरिएकाले स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. नाम | पद | हस्ताक्षर |
|---|---|---|
| १. उपप्रा. हरि जङ्ग शाह | शिक्षण समिति प्रमुख | ------------- |
| २.उपप्रा. लक्ष्मीप्रसाद आचार्य | शोध निर्देशक/क्या.प्र. | ------------- |
| ३. उपप्रा. रामप्रसाद कँडेल | बाह्य परीक्षक | ------------- |

मिति : वि.सं. : २०७३/११/०४

इ.सं. : १५ फेब्रुअरी २०१७

# कृतज्ञता ज्ञापन

**'अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषा'** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम.एड (स्नातकोत्तर) तह चौथो सेमेस्टर अन्तर्गत नेपाली विषयको नेपा. शि. (५४३) पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म उत्साह, प्रेरणा, निर्देशन तथा महत्त्वपूर्ण सुझाव दिनु हुने शोध निर्देशक आदरणीय गुरु लक्ष्मीप्रसाद आचार्यप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधपत्र पुरा गर्ने क्रममा अमूल्य सल्लाह सुझाव दिनु हुने आदरणीय गुरूहरू शिक्षण समिति प्रमुख श्री उपप्रा हरि जङ्ग शाह, संयोजकश्री उपप्राराम प्रसाद कंडेल, उपप्रा श्री खुम बहादुर खड्का, उपप्राफूलमति खराल र उपप्रा द्रोणलता खत्रीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र पूरा गर्ने क्रममा आवश्यक सामग्री संकलनमा सहयोग गर्नु हुने अनलाइन सुर्खेत डटकमका प्रो. दिपक बुढा, नेपाल गाथा डटकमका सम्पादक त्रिभुवन वि.सी र रमेश डिजिटल स्टुडियोका प्रो. रमेश शाह ज्यूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यस क्रममा पुस्तक उपलब्ध गराई सहयोग गर्नु हुने देउती पुस्तक पसल, र प्रभात पुस्तक पसललाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

जीवनका विविध कठिनाईको सामना गर्दै मलाई यहाँसम्म ल्याई पुऱ्याउनु हुन मेरो आदरणीय बुबामुमा सम्मर बहादुर मल्ल, मैमासरा मल्ल, गीता मल्ल र मेरो अध्ययनलाई पूरा गर्न अवसर प्रदान गर्नु हुने सुसुराबुवामुमा गणेशबहादुर, दत्तकुमारी र देवरवावु नगेन्द्र बहादुर चन्द साथै जीवनको हरेक पाइलामा साथ दिनु हुने श्रीमान प्रेमप्रकाश चन्द र छोरी रिहाना चन्दप्रति आजन्म ऋणी छु । यसैगरी लेखन कार्यका लागि विशेष सहयोग तथा हौसला प्रदान गर्नु हुने आदरणीय दिज्यु लोकमाया, भाइ उपेन्द्र, विजय मल्ल र बहिनीहरू कमला र शलिना मल्लप्रति पनि आभार प्रकट गर्दछु । शोधपत्र लेखन कार्यको दौडानमा आवश्यक सामग्री सङ्कलनका लागि सहयोग गर्नुहुनेसम्पूर्ण आत्मीय साथीहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा कम्प्युटरमा शुद्ध टाइप गरेर सहयोग पुऱ्याउनु हुने एभरेष्ट इन्फोसिस परिवारप्रति कृतज्ञता व्यक्त गर्दै आवश्यक मूल्याङ्कनका लागि प्रस्तुत शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय नेपाली शिक्षा शिक्षण समितिमा पेश गर्दछु ।

शोधार्थी
मेलिना मल्ल

# शोध सार

**अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषा'** शीर्षकको शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षा केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि.५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । यस शोधमा अनलाइन सुर्खेत डटकममा मुख्य समाचारको बाह्य पक्ष शीर्षक, विषयवस्तु, संरचना, शैली र चित्र/तस्विरको अध्ययन गर्नु, अनलाइन सुर्खेत डटकममा मुख्य समाचारको आन्तरिक पक्ष शब्दभण्डार, काल, वाच्य र पक्षको अध्ययन गर्नु र अनलाइन सुर्खेत डटकममा मुख्य समाचार सम्बन्धी कमीकमजोरी पहिचान गरी आवश्यक सुझाव प्रस्तुत गर्नु उद्देश्यहरू रहेका छन् ।

मिति २०७३/२/१२ देखि मिति २०७३/२ /३१ सम्म अपलोड भएका जम्मा १० वटा मुख्य समाचारलाई अध्ययनको विषयवस्तुका रूपमा लिइएको छ । यसमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । समाचार लेखनमा भाषाको प्रयोग गर्दा विषयवस्तुसंग मेल खाने, वाक्य संरचना, शव्द चयन र संयोजन गर्न आवश्यक देखिएको छ । अध्ययनमा समावेश अनलाइन सुर्खेत डटकमको १० वटा मुख्य समाचारका शीर्षकमा सबैभन्दा बढी शब्द समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्यमा ९ वटा शब्द रहेका छन् भने सबैभन्दा कम शब्द कृषि पेशा यान्त्रीकरण बन्दैमा ४ वटा मात्र रहेका छन् । विषयवस्तुका आधारमा समाचारको संरचनालाई हेर्दा सबैभन्दा बढी ५७० शब्द सङ्ख्या काँक्रेविहारलाई लुम्बिनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा रहेको पाइयो भने सबैभन्दा कम ९८ वटा शब्द सङ्ख्या वरिष्ठ सङ्गीतकार अम्बर गुरूङको निधन शीर्षकको समाचारमा रहेको पाइयो । अनुच्छेद संरचनाका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी १३ वटा काँक्रेविहारलाई लुम्बिनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा अनुच्छेद रहेको पाइयो भने सबैभन्दा कम ३ वटा वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको समाचारमा रहेको पाइयो । शब्द संरचनाका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी २६२ वटा मूल शब्द रहेका पाइयो भने सबैभन्दा कम २८ वटा रहेको पाइयो त्यसैगरी व्युत्पन्न शब्दलाई हेर्दा सबैभन्दा बढी ३०८ वटा शब्द रहेको पाइयो भने सबैभन्दा कम ७० वटा व्युत्पन्न शब्द रहेको पाइयो । यस अध्ययनमा समावेश गरेका मुख्य समाचारका शीर्षकहरू वस्तुपरक

शैलीमा आधारित रहेको पाइयो । चित्र/तस्विरको सङ्ख्याका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी ३ वटा चित्र रहेको पाइयो ।

शीर्षक अन्तर्गत शब्दभण्डारलाई हेर्दा सबैभन्दा बढी ६ वटा तत्सम शब्द रहेको पाइयो भने सबैभन्दा कम १ वटा तत्सम शब्द रहेको पाइयो । तद्भव शब्दहरूलाई हेर्दा सबैभन्दा बढी ३ वटा रहेका पाइयो भने सबैभन्दा कम १ वटा शब्द रहेको पाइयो । आगन्तुक शब्दलाई हेर्दा चार वटा मुख्य समाचारमा १/१ वटा रहेको पाइयो भने अन्य मुख्य समाचारमा आगन्तुक शब्द नरहेको पाइयो । शब्दवर्गका आधारमा शब्दभण्डारको विश्लेषण गर्दा सबैभन्दा बढी ३६५ वटा नाम शब्द रहेको पाइयो भने सबैभन्दा कम ६० वटा नाम रहेको पाइयो । सर्वनामलाई हेर्दा सबैभन्दा बढी ९ वटा सर्वनाम शब्द रहेको पाइयो भने सबैभन्दा कम १ वटा शब्द रहेको पाइयो । विशेषणलाई हेर्दा सबैभन्दा बढी ६१ वटा विशेषण शब्द रहेको पाइयो भने सबैभन्दा कम ११ वटा शब्द रहेको पाइयो । क्रियालाई हेर्दा सबैभन्दा बढी १११ वटा क्रिया शब्द रहेको पाइयो भने सबैभन्दा  कम १९ वटा शब्द रहेको पाइयो । अव्ययलाई हेर्दा सबैभन्दा ३९ वटा अव्यय शब्द रहेको पाइयो भने सबैभन्दा ३ वटा अव्यय शब्द रहेको पाइयो । कालका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी १८ वटा वर्तमान काल वाक्य रहेको पाइयो भने सबैभन्दा कम १/१ वटा वाक्य रहेको पाइयो । भूतकाललाई हेर्दा सबैभन्दा बढी १९ वटा भूतकालका वाक्य रहेको पाइयो भने सबैभन्दा कम १ वटा वाक्य रहेको पाइयो । भविष्यत् काल वाक्यलाई हेर्दा सबैभन्दा बढी ७ वटा भविष्यत् कालका वाक्य रहेको पाइयो भने सबैभन्दा कम १/१ वटा रहेको पाइयो । वाच्यका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी २८ वटा कर्तृवाच्य रहेको पाइयो भने सबैभन्दा कम ६ वटा कर्तृवाच्य रहेको पाइयो । पक्षका आधारका विश्लेषण गर्दा सबैभन्दा बढी १७ वटा वाक्य सामान्य पक्ष रहेको पाइयो भने सबैभन्दा कम १ वटा वाक्य सामान्य पक्ष रहेको पाइयो । अपूर्ण पक्षलाई  हेर्दा १ वटा मात्र वाक्य रहेको पाइयो । पूर्ण पक्षका वाक्यलाई हेर्दा सबैभन्दा बढी १३/१३ वटा वाक्य पूर्ण पक्ष रहेको पाइयो भने सबैभन्दा कम ४ वटा वाक्य पूर्ण पक्षका रहेको पाइयो ।

समग्रमा अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा धेरै कमीकमजोरीहरू देखापरका छन् । मुख्य समाचारको शीर्षकमा नै वर्णविन्यासमा त्रुटि भेटिनु तथा मुख्य समाचारकोवर्णविन्यासमा त्रुटि भेटिनु, वाक्य संरचनामा नमिलाउनु, अनुच्छेद संरचना

नमिलाउनु, व्युत्पन्न शब्दको  बढी प्रयोग हुनु, चित्रमा अस्पष्ट हुनु, आदि कमीकमाजोरीहरू देखापरेका छन् । अनलाइन सुर्खेत डटकममा प्रकाशन भएका मुख्य समाचारहरू प्रायः वस्तुपरक शैलीमा र लाक्षणिक शैलीमा  आधारित भएकाले उपयुक्त नै देखिन्छ ।यस आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दहरू एकरूपतामा छनोट गरेमा मुख्य समाचारलाइ प्रभावकारी बनाउन सकिन्छ । मुख्य समाचारहरूमा नाम शब्दको सबैभन्दा बढी प्रयोग भएकाले प्रभावकारी देखिन्छ ।मुख्य समाचार भूत कालमा नै रहेकाले सान्दिर्भिक देखिन्छ ।अनलाइन समाचार कर्तृवाच्यमा नै हुने भएकाले सबै समाचारहरू कर्तृवाच्य भएकाले उपयुक्त देखिन्छन् । अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययन गर्दा वर्णविन्यास, फन्ट, वाक्य संरचना, चित्र, अपलोड लगायत विभिन्न पक्षमा विभिन्न कमजोरीहरू देखापरेका छन् । अनलाइन सुर्खेत डटकमले मुख्य समाचार सम्प्रेषणमा देखिएका कमजोरीहरूलाई सम्बन्धित पक्षले निराकरण गरेको खण्डमा अनलाइन सुर्खेत डटकमको समाचार उत्कृष्ट एवम् प्रभावकारी बन्ने कुरामा कुनै दुई मत छैन ।

# विषय सूची


क्र.स.    शीर्षक    पृष्ठ सङ्ख्या

प्रतिबद्धता पत्र    क
सिफारिस पत्र    ख
स्वीकृति पत्र    ग
कृतज्ञता-ज्ञापन    घ
शोधसार    ङ
विषय-सूची    ज
तालिका सूची    ट
चिह्न-सूची    ठ
सङ्क्षिप्त शब्दावली    ड

अध्याय : एक
शोध परिचय

१.१ अध्ययनको पृष्ठभूमि    १
१.२ समस्या कथन    ५
१.३ अध्ययनको उद्देश्य    ६
१.४ अध्ययनको औचित्य    ७
१.५ अध्ययनको परिसीमा    ९
१.६ अध्ययनको रूपरेखा    ९

अध्यायः दुई
पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा    १०
२.२ पूर्वकार्यको उपादेयता    १५
२.३ अध्ययनको अवधारणात्मक ढाँचा    १७
२.४ सम्बन्धित विषयको सैद्धान्तिक अध्ययन    २१
२.४.१ भाषा    २१
२.४.२ सञ्चार    २२
२.४.३ सञ्चारको उत्पत्ति    २२
२.४.४ सञ्चारको अर्थ    २३
२.४.५ सञ्चारका परिभाषा    २३
२.४.६ सञ्चार प्रक्रिया    २४
२.४.७ सञ्चार प्रक्रियाका तत्त्व    २५
२.४.८ सञ्चारका प्रकार    २५
२.४.९ सञ्चारको तह    २५
२.५ आम सञ्चार    २६
२.६ समाचार    २७

२.६.१ समाचारको परिभाषा २८
२.६.२ समाचारका प्रकार २९
२.६.३ समाचारको भाषा ३३
२.७मुख्य समाचार ३४
२.७.१ मुख्य समाचारको महत्त्व ३५
२.८ अनलाइन ३७
२.८.१ अनलाइनका लागि समाचार लेखन ३८
२.८.२ अनलाइन समाचार, लेख तथा रचनाका तत्त्व ३८
२.८.३ अनलाइन समाचारका विशेषता ४१
२.८.४ अनलाइन समाचारका उपयोगिता ४२

## अध्याय : तिन

## अध्ययन विधि

३.१ अनुसन्धानको ढाँचा ४४
३.२ तथ्याङ्कको प्रकृति र स्रोत ४४
३.३ सामग्री निर्माण र मानकीकरण ४५
३.४ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट ४५
३.५ तथ्याङ्क सङ्कलन विधि ४६
३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण विधि ४६
३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा ४७

## अध्याय : चार

## नतिजाको व्याख्या र विश्लेषण

४.१ बाह्य पक्षका आधारमा विश्लेषण अध्ययन ४८
४.१.१ शीर्षक ४८
४.१.२ विषयवस्तु ५०
४.१.३ संरचना ५३
४.१.४ शैली ६०
४.१.५ चित्र/तस्विर ६४
४.२ आन्तरिक पक्षका आधारमा अध्ययन ७४
४.२.१ शब्दभण्डार ७५
४.२.२ काल ८२
४.२.३पक्ष ८४
४.२.४वाच्य ८७
४.३ मुख्य समाचारमा भएका कमीकमजोरी ८९
४.३.१ वर्णविन्यासगत कमीकमजोरी ८९
४.३.२ चित्र सम्बन्धी कमीकमजोरी ९३
४.३.३ समाधानका उपाय ९३

## अध्याय : पाँच
## निष्कर्ष र सुझाव


| | |
|---|---|
| ५.१ निष्कर्ष | ९५ |
| ५.२ सुझाव | ९९ |
| ५.२.१ नीतिगत तह | ९९ |
| ५.२.२ कार्यान्वयन तह | १०० |
| ५.२.३ अनुसन्धानात्मक तह | १०० |
| ५.३ भावी अनुसन्धानका शीर्षक | १०१ |
| सन्दर्भ सूची | |
| परिशिष्ट | |
| व्यक्तिवृत्त | |

# तालिका सूची


| तालिका नं. | तालिका शीर्षक | पृष्ठसङ्ख्या |
|---|---|---|
| तालिका नं. १ | शीर्षक संरचनाका आधारमा | ४९ |
| तालिका नं. २ | विषयवस्तुका आधारमा समाचारको संरचना | ५० |
| तालिका नं.३ | विषयवस्तुको क्षेत्रका आधारमा मुख्य समाचार | ५२ |
| तालिका नं. ४ | शब्द संरचनाका आधारमा | ५३ |
| तालिका नं.५ | वाक्य संरचनाका आधारमा | ५६ |
| तालिका नं. ६ | अनुच्छेद संरचनाका आधारमा | ५८ |
| तालिका नं. ७ | शीर्षकको शैलीका आधारमा | ६१ |
| तालिका नं. ८ | विषयवस्तुको शैलीका आधारमा | ६२ |
| तालिका नं. ९ | चित्र/तस्विर सङ्ख्याका आधारमा | ६४ |
| तालिका नं. १० | चित्रमाप्रस्तुत वस्तुका आधारमा | ६६ |
| तालिका नं. ११ | सङ्केत गरेको विषयवस्तुका आधारमा | ६९ |
| तालिका नं. १२ | चित्रको आकारका आधारमा | ७२ |
| तालिका नं. १३ | शीर्षक अन्तर्गत शब्दभण्डारका आधारमा | ७५ |
| तालिका नं. १४ | मुख्य समाचारको विषयवस्तु अन्तर्गत शब्दभण्डारका आधारमा | ७७ |
| तालिका नं.१५ | शब्दवर्गका आधारमा | ७९ |
| तालिका नं. १६ | कालका आधारमा | ८२ |
| तालिका नं. १७ | पक्षका आधारमा | ८५ |
| तालिका नं.१८ | वाच्यका आधारमा | ८७ |
| तालिकानं. १९ | शीर्षकको वर्णविन्यासगत आधारमा | ९० |
| तालिका नं. २० | मुख्य समाचारको वर्णविन्यासगत आधारमा | ९१ |

# चिन्ह सूची

| | | |
|---|---|---|
| । | : | पूर्ण विराम |
| ? | : | प्रश्नवाचक |
| , | : | अल्पविराम |
| ; | : | अर्धविराम |
| / | : | विकल्प बोधक |
| ( ) | : | कोष्ठक |
| “ ” | : | दोहोरो उद्धरण |
| ‘ ’ | : | एकल उद्धरण |
| ! | : | उद्‌गार |
| . | : | सङ्क्षेप |
| : | : | विसर्ग |
| - | : | योजक |

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| एम.एड. | : | मास्टर अफ एजुकेसन |
| संस्क. | : | संस्करण |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| त्रि.वि. | : | त्रिभुवन विश्व विद्यायालय |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| डा. | : | डाक्टर |
| वि.सं. | : | विक्रम सम्वत |
| प्र.अ. | : | प्रधानाध्यापक |
| ना.न.पा. | : | नारायण नगरपालिका |
| नेपाशि. | : | नेपाली शिक्षा |
| रो.नं. | : | रोल नम्बर |
| नं. | : | नम्बर |
| उपप्रा. | : | उपप्राध्यापक |

# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

एक व्यक्तिबाट अर्को व्यक्तिसम्म सङ्केत, बोली, लिपि वा अन्य कुनै प्रकारको विचार, धारणा एवम् जानकारी पुऱ्याउने कामलाई सञ्चार भनिन्छ । सञ्चार मानव-मानव, मानव-मेसिन र मेसिन-मेसिन बिच हुनसक्छ । वास्तवमा सञ्चार बृहत अवधारणा हो भने त्यसभित्रको एउटा पाटो मानव सञ्चार हो । 'सञ्चार' भनेको दुई वा दुईभन्दा बढी व्यक्तिहरू बीच विचार, सूचना वा सन्देशको आदान प्रदान गर्ने प्रक्रिया हो ।

सञ्चार अङ्ग्रेजी शब्द कम्युनिकेसनको नेपाली रूपान्तरण हो । यो ल्याटिन भाषाको 'कम्युनस' बाट बनेको हो जसको अर्थ हुन्छ समान, साझा वा बाँड्नु । यसरी सञ्चार भन्नाले एक अर्काबिच सूचना, विचार, धारणा, जानकारी बाँड्ने, साटासाट गर्ने वा विनिमय गर्ने प्रक्रिया हो जसबाट समझदारी कायम हुन्छ । सञ्चार प्रक्रियामा दुई पक्ष सहभागी हुन्छन् । एउटा सूचना दिने पक्ष र अर्को सूचना लिने पक्ष । यी पक्ष बीच जति बढी अन्तरक्रिया हुन्छ त्यति नै सञ्चार सहज, अर्थपूर्ण र प्रभावकारी सञ्चार हुन्छ । भनेका कुरा ग्रहण गर्नु नै प्रभावकारी सञ्चारको उद्देश्य हो र सन्देशित गर्नु तथा आपसी समझदारी कायम गर्नु हो । त्यसैले सञ्चार सूचनाका माध्यम द्वारा गरिने सामाजिक अन्तरक्रिया हो । सञ्चार दोहोरो प्रक्रिया हो । सञ्चार मानव सभ्यता रहुन्जेल निरन्तर चलिरहन्छ, सञ्चार लिखित, मौखिक, श्रव्य, दृश्य साङ्केतिक आदि किसिमका हुन्छन् । सञ्चारका साधन भन्नाले लक्षित वर्गमा सन्देश पुऱ्याउन प्रयोग गरिने माध्यम बुझिन्छ । जस्तैः पत्रपत्रिका, कम्प्युटर, चलचित्र, रेडियो, टेलिभिजन, पोष्टर, पम्प्लेट, अनलाइन, म्यागजिन, आदि । यी साधनका सहायताले एक अर्काका भाव र विचार बुझ्न सकिन्छ । समग्रमा सञ्चार भन्नाले सूचनाको हस्तान्तरण गर्ने प्रक्रिया हो । एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म सङ्केत बोली, लिपि, दृश्य, चिन्ह इशारा वा अन्य कुनै माध्यमबाट विचार, धारणा एवम् जानकारी पुऱ्याउने प्रक्रिया हो । एक व्यक्तिबाट अर्को व्यक्तिलाई सन्देश सम्प्रेषण गर्ने प्रक्रियालाई सञ्चार भनिन्छ ।

नेपालमा मर्कन्टायल प्रा.लि.ले www.nepalnews.com नामक वेभसाइट मार्फत अनलाइन पत्रकारिता आरम्भ गरेको पाइन्छ । अनलाइन सञ्चार माध्यमहरूमा समाचारहरू मात्र नभई विचारमूलक लेखहरू, टिप्पणीहरू पनि समावेश गराइएको हुन्छ । छोटकरीमा समाचार पढ्ने सुविधा भएकाले शीर्षक-शीर्षक पढेर पनि समय समयमा खबर थाहा पाउन सकिन्छ । अनलाइन सञ्चार माध्यममा पत्रकारीता गर्नको लागि एउटा राम्रो पत्रकारमा हुनुपर्ने सम्पूर्ण गुण चाहिन्छ । पाठकले कम्प्युटर प्रविधि जान्नु अनिवार्य नै हुन्छ । पत्रकारले घटनास्थलबाटै सूचना जानकारी पठाउने गर्दछ र अनलाइनका सम्पादकहरूको सम्पादन गरी वेवसाइटमा राखिदिन्छन । इन्टरनेटको पहुँच प्राप्त पाठकले यसलाई पढ्न सक्छन् । अहिले विश्वमा इन्टरनेटको लोकप्रियतासँगै अनलाइन पत्रकारिताले तीव्र गति लिदैछ ।

इन्टरनेटको विकाससँगै अनलाइन समाचार सर्वप्रथम सैनिक निकायको पहुँचमा थियो । वैज्ञानिक परीक्षणले सफलता प्राप्त गरे लगत्तै सेनाले उपयोग गरेको थियो । त्यसपछि सन् १९८० को दशकको अन्त्य र ९० को दशकको सुरूतिर अनलाइन समाचारलाई कम्प्युटरसँग जोडेर सूचना आदान प्रदान गर्ने प्रविधि विश्वव्यापी सञ्जालको रूपमा विकसित हुन थालेको हो । मानिसको जीवनमा प्रभाव पार्न सुरू गर्ने वित्तिकै पत्रकारितामा पनि यसको प्रयोग हुन थाल्यो । सुरूमा पत्रकारले सूचना प्राप्त गर्न र समाचार सङ्कलन कार्य सुधार गर्न यसको प्रयोग थाले तर सन् ९० को दशकको आधातिर आई पुग्दासम्म पत्रपत्रिका इन्टरनेटमा उपलब्ध हुन थालिसकेका थिए । अनलाइन पत्रकारिताको जग खन्ने प्रविधिका रूपमा टेलिभिजनमा हुने टेलिटेक्स्ट र भिडियो टेक्स्टलाई लिने गरिन्छ । अमेरिकाको सिकागो ट्रिब्यूनले सन् १९९२ मा इन्टरनेट पहिलो अनलाइन मिडियाका रूपमा सिकागो अनलाइन नामक समाचार पस्कियो (कार्लसन, सन् २००५)

इन्टरनेटको माध्यमबाट समाचार सम्प्रेषण एवम् प्रकाशन गर्ने पत्रकारितालाई अनलाइन पत्रकारिता भनिन्छ । अन्य सञ्चार माध्यम भन्दा अलग्गै किसिमको गुण भएकाले यस प्रविधिलाई न्यू मिडिया र यसबाट गरिने पत्रकारितालाई न्यू मिडिया जर्नलिज्म पनि भनिन्छ । विश्वका प्रायः सबै प्रमुख सञ्चार माध्यमले इन्टरनेट मार्फत सूचना तथा समाचार सम्प्रेषण गर्दछन् । प्रसारण वा छापा पत्रकारिता गर्ने थुप्रै समाचार संस्थाहरूले पनि अनलाइन पत्रकारिता सँगसँगै सुरू गरेर आफ्ना लक्षित पाठक, श्रोता वा दर्शकलाई सूचना सुविधा दिइरहेका छन् । ब्रिटिस ब्रोडकास्टिङ्ग कर्पोरेसनको बिबिसी न्यूज डटकम विश्वकै

ठूलो अनलाइन समाचार सेवा हो । यसका अतिरिक्त सिएनएन, अलजेजिरा, तेहल्का डटकम, द न्युयोर्क टाइम्स, टाइम्स अफ इन्डिया, विश्वका चर्चित अनलाइन माध्यम हुन् । नेपालमा वि.स.२०५६ देखि मर्कन्टाइल कम्यूनिकेसनको नेपाल न्युज डटकमले व्यावसायिक रूपमा अनलाइन पत्रकारिता सुरू गरेको हो । अहिले नेपाल र नेपाली पाठकलाई लक्षित गरेर ५ सय अनलाइन साइटहरू सञ्चालनमा छन् । अनलाइन पत्रकारिताले परम्परागत पत्रकारितामा व्यापक परिवर्तन ल्याइदिएको छ । सुरूमा त यसले छापा माध्यम लगाएतका सम्पूर्ण परम्परागत पत्रकारितालाई विस्थापित गर्ने हो कि भन्ने अनुमान गरिएको थियो तर पछि यसलाई परम्परागत पत्रकारितालाई प्रभावकारी बनाउने थप प्रविधिको रूपमा सहजै ग्रहण गरियो । अचेल नेपालमा रेडियोले पनि इन्टरनेट मार्फत विश्वव्यापी प्रसारण सुरू गरेका छन् । त्यस्तै टेलिभिजनका महत्त्वपूर्ण कार्यक्रमहरू इन्टरनेटमा राखिएको हुन्छ । जसले गर्दा आफूले चाहेको समयमा विश्वका जुनसुकै स्थानबाट यी कार्यक्रमहरू हेर्न सकिन्छ । अनलाइन पत्रकारिता वा समाचार सम्प्रेषणले भौगोलिक सिमितताको अवधारणालाई नै समाप्त पारिदिएको छ । (आचार्य, २०६८)

नेपालका प्रायः सबै प्रकाशन इन्टरनेटमा उपलब्ध छन् । ती मध्ये अधिकांश पत्रपत्रिकामा छापिएका सामग्री अनलाइन सङ्ग्रह गर्ने प्रकारमा छन् । कुनै अनलाइनले छापिएका सामग्रीको सङ्ग्रह गर्नुका साथै आफ्ना स्वतन्त्र सामग्री पनि राख्ने गर्छन् । गोरखापत्र, नेपाल समाचारपत्र, हिमालखबर पत्रिका र राजधानीका अनलाइन साइटहरू छापा प्रकाशनका अनलाइन साइटको वर्गमा पर्छन् । कान्तिपुर, नागरिक रिपब्लिका र द हिमालयन टाइम्सका साइट दोस्रो वर्गमा पर्छन् (अर्याल,२०७०) । जसले दिनभर आफ्नो संवाददाता र अन्य माध्यमबाट प्राप्त समाचार पनि सम्प्रेषण गर्छन् । छापामा कुनै प्रकाशन नभएका तर अनलाइन साइटका लागि समाचार संकलन र सम्प्रेषण गर्ने स्वतन्त्र अनलाइन प्रकाशन पनि नेपालबाट सञ्चालन गरिएका छन् । यस्ता साइटले केही कर्मचारी नियुक्ति गरी समाचार सम्प्रेषण गर्ने गरेका छन् । नेपाल न्यूज, अनलाइन खबर, सेतो पाटी, हाम्रो कुरा, हरेकपल जस्ता समाचार साइट यस वर्गमा पर्छन् । यसै अन्तर्गत सुर्खेत जिल्लाको अनलाइन समाचारको साइटहरूको सुरूवात पनि भएको छ । सुर्खेतका सन्दर्भमा पनि जागरण अनलाइन, इअखवार अनलाइन, क्विक खबर, राराखबर र अनलाइन सुर्खेत डटकम आदि सञ्चालनमा रहेका छन् । जसले आफ्नो विविध समस्या र चुनौतिका साथ यस अनलाइन समाचार सम्प्रेषणमा महत्त्वपूर्ण योगदान दिएको छ । यस अनलाइन सुर्खेत

डटकम अल्फा कम्यूनिकेसन कर्नर एण्ड विज्ञापन एजेन्सी वीरेन्द्रनगर-६ सुर्खेतबाट सञ्चालित  छ । यस अनलाइन सुर्खेत डटकमको प्रबन्धक निर्देशक दीपक बुढा रहनु भएको छ । यस अनलाइन सुर्खेत डटकमको सम्पादक शुशिल खड्का रहनु भएको छ । मध्यपश्िमाञ्चल विकास क्षेत्रको सुन्दर नगरी सुर्खेतबाट सञ्चालित यस अनलाइन साइट सन् २०६९ देखि हालसम्म निरन्तर रूपमा सञ्चालन भइरहेको छ । यस अनलाइन साइट प्रेस काउन्सिल सूचीकृत नं. १६० मा दर्ता भई सञ्चालन भएको छ । यस क्षेत्रबाट सञ्चालनमा आएको अनलाइन सुर्खेत डटकम साइटका उद्देश्यहरू अनियमिता, भ्रष्टाचारका विरूद्धमा नियमित खबरदारी गर्ने, छैटौँ प्रदेशको समृद्धिका लागि प्रेरणादायी समाचार, लेख, रचना, प्रकाशित गर्ने, देश-विदेशमा रहेका र अनलाइनको पहुँचमा भएका नेपालीहरूलाई छिटो समाचार, सूचना प्रवाह गर्ने, अनलाइन पत्रिकालाई छैटौँ प्रदेशको मुख्य पत्रिका बनाउने, विभिन्न विषयवस्तुमा खोज अनुसन्धान गरी प्रतिवेदन, पुस्तक प्रकाशन गर्ने र बजार अनुसन्धानात्मक कार्य गर्ने रहेका छन् । यस अनलाइन सुर्खेत डटकमले हाल गरिरहेका क्रियाकलापमा समाचार, लेख रचना दैनिक ३ पटक भन्दा बढी अपलोड गर्ने, स्थानीयस्तरका विभिन्न पसलहरूको विज्ञापन प्रकाशन गर्ने र मनोरञ्जनका विभिन्न भिडियो अपलोड गरी संसारका सबै मानिसहरूलाई सूचना र जानकारीहरू सम्प्रेषण गरिरहको छ । विविध समस्या र चुनौती भएपनि समाचार सम्प्रेषणमा ठूलो योगदान दिएको छ । नेपाली भाषालाई माध्यम बनाएर सुर्खेतमा पहिलो पटक सुरूवात गरेको अनलाइन सुर्खेत डटकम सबै स्तम्भहरूमा प्राय: नेपाली भाषाको प्रयोग भएको छ । यस भित्रका विविध समाचारसँगै मुख्य (प्रमुख) समाचार पनि नेपाली भाषामा नै सम्प्रेषण भएको हुन्छ । इमेल, इन्टरनेट, अनलाइनको सहायताले विश्वका जुनसुकै कुनामा बसेर भएपनि विविध खालका खबर, समाचार, जानकारी घरमै बसीबसी अनलाइनमा हेर्न, पढ्न पाउनु वर्तमान समय र सूचना तथा प्रविधिको चरम विकासको उपज हो । प्रेस र छापाखाना जस्ता प्रविधिको लामो ऐतिहासिक कालखण्ड पार गरी विज्ञान तथा प्रविधिको विकाससँगै अनलाइन, इमेल, इन्टरनेटको पनि विकास भएको हो । त्यस्तै अनलाइन सुर्खेत डटकमको पनि आफ्नै इतिहास रहेको छ । अनलाइन सुर्खेत डटकमले पनि विश्वमा जुनसुकै ठाँउका मानिसहरूलाई समाचार सम्प्रेषणमा महत्त्वपूर्ण योगदान दिएको छ । मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेतमा सञ्चारका थुप्रै माध्यम रेडियो, एफ.एम, टेलिभिजन, पत्रपत्रिकाको विकास भइरहेको समयमा यस क्षेत्रमा अनलाइन समाचार साइटको विकास हुनु भनेको सुचना तथा

प्रविधिको विकासमा उल्लेखनीय फड्को मारेको मानिन्छ । अनलाइन सुर्खेत डटकम सञ्चालन भएको त्यति लामो समय त भएको छैन् । स्थानीय स्तरका सूचना, समाचार, घटना, सन्देश र विचार विश्वमा छरिएर रहेका सम्पूर्ण मानिसहरूलाई अनलाइन मार्फत सम्प्रेषण गरिएको छ । राष्ट्रिय तथा स्थानीय तहमा यस्ता अनलाइन समाचार साइटहरू थुप्रै रहेका छन् । यस्ता अनलाइन समाचार साइटहरूलाई निरन्तरता दिन निकै कठिनाइ भएको छ । सुर्खेत अनलाइन डटकमको समाचारमा अध्ययन अनुसन्धान भएको पाइएन् । वर्तमान समयको रूचि र आवश्यकताको विषय भएकाले यस '**अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषा**'शीर्षकमा अध्ययन गर्न आवश्यक देखिन्छ ।

## १.२समस्या कथन

वर्तमान समयमा सूचना तथा प्रविधि प्रयोगले आम मानिसहरूका काम सहज र सरल भएका छन् । विश्वभरको इन्टरनेट र अनलाइनको विकास र प्रभाव भइरहेको समयमा नेपालका हरेक क्षेत्रमा पनि इन्टरनेटको प्रयोग भइरहेको छ । रेडियो र टेलिभिजनले परम्परागत शैली बदल्दै इन्टरनेटमा प्रवेश गराएका छन् । दिनप्रति दिन नयाँ नयाँ प्रविधिको विकास र आविष्कारले हरेक कुरा सहज भए सँगै समाचार, सूचना, जानकारीहरूलाई ग्रहण गर्ने तरिका पनि सहज भएको छ । नेपालमा इन्टरनेटमा आधारित (अनलाइन) पत्रकारिताको सम्भावना व्यापक रहेको छ । पर्याप्त अवसर हुँदाहँदै पनि यस क्षेत्रमा समस्या र चुनौति पनि उत्तिकै छन् । मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पनि अनलाइन समाचार सुरूवात, अनलाइन समाचारका प्रयोगकर्ता, अनलाइन साइटका भिजिटरहरू के कति छन् भनी अध्ययन गर्न आवश्यक रहेको छ । सुर्खेत जिल्लामा विशुद्ध अनलाइन समाचार सम्प्रेषणमा अनलाइन सुर्खेत डटकमले नेपाली भाषा प्रयोगलाई प्रमुख माध्यम बनाएको छ । सूचना तथा समाचार सम्प्रेषणमा दिएको योगदान सहित यसका समस्या, कमी कमजोरी साथै समस्या समाधानको अपेक्षा समेत गरिएको हुन्छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका सम्पूर्ण जिल्लामध्ये सुर्खेतमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने जनसङ्ख्याको तथ्याङ्कलाई हेर्दा जि.एस.एम. प्रिपेड मोवाइलका प्रयोगकर्ता दुई लाख तीन हजार सात सय चौवालिस् रहेका छन् । जि.एस.एम. पोष्टपेड मोवाइल प्रयोगकर्ता तीन हजार नौ सय त्रिसट्ठी रहेका छन् । स्काइ प्रिपेड मोवाइलका प्रयोगकर्ता पैतिस हजार छ सय उनन्चास् रहेका छन् । स्काइ पोष्टपेड मोवाइलका प्रयोगकर्ता सात सय दुईले प्रयोग गरेका छन् । एडि.एस.एल (इन्टरनेट सेवा)का प्रयोगकर्ता दुई हजार नौ सय रहेका छन् ।

वाईम्याक्स इन्टरनेट सेवाका प्रयोगकर्ता १ सय अठ्ठासी रहेका छन् । (नेपाल टेलिकम सुर्खेत) यस्तै अन्य इन्टरनेटका प्रयोगकर्ताहरू पनि रहेका छन् ।

स्थानीय स्तरको अनलाइन सुर्खेत डटकमलाई नियमित भिजिट नेपालका ७५ जिल्ला, भारत, मलेसिया, अमेरिका, चीन, बेलायत, दक्षिणकोरिया आदि देशका आम मानिसहरूले गरेको पाइन्छ । यस अनलाइन सुर्खेत डटकमको फेसबुक पेजका साथीहरू ४३७४ रहेका छन् । विविध समस्या भए पनि अनलाइन सुर्खेत डटकमको पेज सहज तरिकाले खुल्न सक्छन् या सक्दैन्, सबैका लागि उपयोगी छन् या छैनन्, यसमा प्रयोग गरिएको नेपाली भाषा के कस्ता रहेको छ, यसको सम्प्रेषणनीयताको अध्ययन हुन जरूरी छ । यसबाट प्रयोगकर्ता के कति मात्रामा लाभान्वित छन् । समाचारको शैलीगत, संरचनागत पक्ष के कस्तो छ ? भन्ने कुरा अध्ययन गरी सेवा प्रदायकलाई सुझाव, सल्लाह दिन आवश्यक छ । अन्तर्राष्ट्रिय, राष्ट्रिय, तथा स्थानीय स्तरका समाचार, सूचनाहरू यथोचित मात्रामा समेटिएका छन् या छैनन् । तिनको सम्प्रेषण स्तर कस्तो छ भन्ने कुराको अध्ययन गर्न आवश्यक रहेको छ । अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषालाई मुख्य समस्याको रूपमा प्रस्तुत गरी त्यस विषयसँग सम्बन्धित समस्यामा केन्द्रित भई शोधपत्र तयार गरिएको छ, जुन निम्नानुसार छन् :

(क) अनलाइन सुर्खेत डटकममा मुख्य समाचारको बाह्य पक्ष (शीर्षक, विषयवस्तु, संरचना, शैली र चित्र/तस्विर) के कस्तो रहेको छ ?

(ख) अनलाइन सुर्खेत डटकममा आन्तरिक पक्ष (शब्दभण्डार, काल, पक्ष र वाच्य ) के कस्तो रहेको छ ?

(ग) अनलाइन सुर्खेत डटकम बाह्य तथा आन्तरिक पक्षसँग सम्बन्धी के कस्ता कमी कमजोरी रहेका छन् ? अनलाइन सेवा प्रदायकलाई के कस्ता सुझाव दिन सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकाउद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) अनलाइन सुर्खेत डटकममा मुख्य समाचारको बाह्य पक्ष (शीर्षक, विषयवस्तु, संरचना, शैली, चित्र/तस्विर) को अध्ययन गर्नु,

(ख) अनलाइन सुर्खेत डटकममा मुख्य समाचारको आन्तरिक पक्ष (शब्दभण्डार, काल, पक्ष र वाच्य) को अध्ययन गर्नु,

(ग) अनलाइन सुर्खेत डटकममा मुख्य समाचारको सम्बन्धित कमी कमजोरी पहिचान गरी आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य

मध्यपश्चिमाञ्चल तथा सुर्खेत जिल्लाको स्थानीय स्तरमा विशुद्ध अनलाइन समाचार साइटहरूमध्येअनलाइन सुर्खेत डटकम पनि एक हो । अल्फा कम्यूनिकेशन कर्नर एण्ड विज्ञापन एजेन्सीले सञ्चालन गरेको यस अनलाइन समाचार साइट वि.सं. २०६९ साल देखि हालसम्म निरन्तर रूपमा सूचना तथा समाचार सम्प्रेषण गरिरहेको छ । यो प्रेस काउन्सिलमा १६० औँ नम्बरमा दर्ता भएको छ । नेपालका थुप्रै अनलाइन समाचार साइटहरू भए तापनि हालसम्म कुनैपनि अध्ययन अनलाइन समाचार साइटको भाषिक अध्ययन अनुसन्धान भएको देखिदैन । अनलाइन समाचार साइटको नेपाली भाषामा भएका कमी कमजोरीहरू सुधार गरी स्तरीय र प्रभावकारी बनाई अगाडि बढाउनका लागि अध्ययन अनुसन्धान गर्न अत्यन्त आवश्यक छ । अनलाइन सुर्खेत डटकमको भाषिक पक्षको शोधकार्य हालसम्म नभएको देखिएकोले अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषालाई समस्याका रूपमा छनोट गरिएको छ । यो अध्ययन कार्य अनलाइन सञ्चार माध्यम तथा त्यसमा प्रकाशित समाचारको भाषिक पक्षको अध्ययन गर्ने पहिलो अध्ययन कार्य हुनेछ । अनलाइन सुर्खेत डटकमको सेवामा प्रभावकारिता थप्नेछ । कुनैपनि कार्यलाई सफल र प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि पूर्व अध्ययनको आवश्यकता पर्दछ ।

वर्तमान युगमा इन्टरनेटबिना कुनै काम गर्न सकिदैन । शोधकार्य सम्पन्न भई सकेपछि त्यसबाट कसलाई कुन कुन पक्षमा के कस्ता लाभ पुग्न सक्छन् सो बारेमा उल्लेख गर्नुपर्दछ । नेपालमा भएका अनलाइन समाचार तथा सूचना सम्प्रेषणका साइटमा अध्ययन अनुसन्धान भएको पाउन सकिएन । पछिल्लो समयमा निकै लोकप्रिय भएको अनलाइन वा इन्टरनेटमार्फत हुने सूचना तथा समाचारका साइटहरूले नेपाली भाषालाई मुख्य भाषा बनाई देश विदेशमा बसेका सम्पूर्ण मानिसहरूलाई समाचार ग्रहण गर्न सहयोग पुऱ्याएका छन् । वर्तमान समयमा यस अनलाइन समाचार सम्प्रेषणको एक सशक्त माध्यम भएको बेलामा यस विषयको शीर्षकमा अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ । यस अनलाइन

सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त नेपाली भाषाको अध्ययनले आउँदा दिनमा इन्टरनेट तथा अनलाइन समाचारका प्रयोक्तालाई उत्साह बढ्नेछ । समाचार तथा सूचना प्राप्त गर्नुको प्रमुख निर्विकल्प उपाय इन्टरनेट वा अनलाइन समाचार हुनेछ । यस्तो स्थितिमा इन्टरनेट वा अनलाइनमा प्रयुक्त भाषा संरचनागत, सम्प्रेषणगत, विषयगत र उपयुक्तताको अध्ययन हुन आवश्यक छ । यस अध्ययनले अनलाइन खबरलाई आवश्यक सुधारका उपायहरू सुझाउनेछ । यस अध्ययनले अनलाइन सुर्खेत डटकमका कमी कमजोरी खोतली सम्बन्धित निकायलाई समेत यस तर्फ सचेत गराउनेछ । यस अनलाइन सुर्खेत डटकमको अध्ययनको औचित्यलाई निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ :

(क) प्रस्तुत अध्ययनबाट मुख्य समाचार उपयोगकर्ता,अध्येता, विद्यार्थी, शोधार्थी र आम पाठक (भिजिटर) लाई लाभहुने भएकाले,

(ख) प्रयोगकर्ताले सहज, सरल भाषिक पक्षमा प्रस्तुत सामग्रीहरू प्राप्त हुने भएकाले,

(ग) अनलाइन सुर्खेत डटकमका सम्पूर्ण सम्पादक सहित अन्य सदस्यहरूलाई आगामी दिनमा समाचार सम्प्रेषण गर्न सहयोग  पुग्ने हुनाले,

(घ) अनलाइन समाचारमा प्रयुक्त भाषाको अध्ययन गर्न चाहने जो कोही शोधकर्तालाई सहयोगी हुने भएकाले,

(ङ) भाषा सम्बन्धी जानकारी राख्न खोज्ने जिज्ञासु, भाषाप्रेमी व्यक्ति, पत्रकारिता तथा आमसञ्चारका विद्यार्थीलाई पनि सहयोग पुग्ने भएकाले,

(च) यस अध्ययनको निष्कर्षको उपयोगबाट इन्टरनेट वा अनलाइन समाचार प्रयोगकर्ताको सङ्ख्यामा बढोत्तरी हुने भएकाले,

(ज) सूचना तथा समाचार प्राप्त गर्ने माध्यमका रूपमा अनलाइन समाचारहरूका साइट नै पहिलो रोजाइ हुने भएकाले,

(झ) मध्यपश्चिमाञ्चलको सुर्खेतबाट सञ्चालन भएको यस अनलाइन सुर्खेत डटकमको सम्बन्धमा इन्टरनेट प्रयोक्तामा रूचि बढ्ने भएकाले,

(ञ) हालसम्म कसैले पनि अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययन नगरेकाले ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनको निम्नानुसार परिसीमा निर्धारणगरिएको छ :

(१) प्रस्तुत अध्ययन इन्टरनेट समाचारको भाषामा मात्र सिमित रहेको छ ।

(२) प्रस्तुत अध्ययन अनलाइन सुर्खेत डटकममा मुख्य समाचारको प्रयुक्त भाषामा सिमित रहेको छ । नेपालका सञ्चार माध्यमबाट प्रसारित अन्य इन्टरनेट समाचारको अध्ययन गरिएको छैन ।

(३) सुर्खेत डटकमका समाचार मिति २०७३/२/१२देखि २०७३/२/३१ सम्ममा प्रकाशन भएका १० वटा समाचारहरूलाई मात्र अध्ययन गरिएको छ ।

(४) प्रस्तुत अध्ययन समाचारको बाह्य तथा आन्तरिक संरचना पक्षको अध्ययनमा मात्र सीमित रहेको छ । त्यसको साहित्यिक/शैलीगत पक्षको अध्ययन गरिएको छैन ।

## १.६ अध्ययनको रूपरेखा

यस शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझावहरू

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत **अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषा**लाई पूर्णता दिन र नयाँ रूपमा स्थापित गर्नका लागि पूर्वकार्यको अध्ययन गर्न आवश्यक छ । यस शोधसँग सम्बन्धित पूर्वकार्य समीक्षात्मक निष्कर्ष अध्ययन निम्नानुसार छन् :

पन्त (२०६१), द्वारा **'शुक्लाफाँट क्षेत्रीय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन'**शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा शुक्लाफाँटा क्षेत्रीय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाशैलीको अध्ययन गर्नु, सम्पादकीयमा प्रयुक्त शब्दावलीको अध्ययन गर्नु, उक्त पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्य संरचनाहरू पहिल्याउनु उद्देश्यहरू निर्धारण गरिएको छ । सम्पादकीयको विषवस्तुको आधारमा अध्ययन गर्दा विभिन्न ६ क्षेत्रका विषयमा लेखिएको देखिन्छ । १५ वटा नमुनामध्ये सबैभन्दा बढी राजनीतिक, ५ वटा (४० प्रतिशत) जानकारी गराउने ४ वटा (२६.६७ प्रतिशत) आर्थिक २ वटा (१३.३३ प्रतिशत) र प्रशासन, यातायात र स्वास्थ्य सम्बन्धी १/१ वटा (६.६७ प्रतिशत) रहेको कुरा पत्ता लगाएको छ । सम्पादकीयको कालका आधारमा अध्ययन अध्ययन गर्दा भूतकालभन्दा अभूतकालको प्रयोग धेरै भएको २५१ वाक्यमध्ये भूतकालका वाक्य २३३ वटा (९२.८२ प्रतिशत) र अभूतकालको वाक्य १८(७.१८ प्रतिशत) रहेको पत्ता लगाएको छ । यस अध्ययनमा अकरण वाक्यभन्दा करण वाक्यको बढी प्रयोग, कृर्तवाच्यको बढी प्रयोग व्युत्पन शब्दको बढी प्रयोग, जटिल वाक्यको प्रयोग अधिक भएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको प्रस्तुत शोधका लागि सहयोगी भएकाले उपयोग गरिएको छ ।

पोखरेल (२०६१), द्वारा**'नेपाली राष्ट्रिय दैनिक अखवारका समाचारको भाषा तथा प्रस्तुतीकरणको अध्ययन'**शीर्षकमा रत्न राज्यलक्ष्मी क्यापस, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग प्रदर्शनी मार्गमा उक्त शोधपत्र प्रस्तुत गरेको देखिन्छ । जसमा समाचारका भाषाको अध्ययन भने तापनि उनको यो अध्ययन विशेष गरी नेपाली भाषाको इतिहास र समाचार पत्रमा रहेका त्रुटिसँग मात्र सम्बन्धित रहेको छ । पोखरेल स्वयम् पत्रकारिता तथा आमसञ्चार विषयको विद्यार्थी भएकोले उनको शोधपत्र बाक्लै अध्ययन र मेहेनतबाट तयार

भएको देखिन्छ । यस शोधपत्र गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, हिमालय टाइम्स, स्पेसटाइम, राजधानी र अन्नपूर्ण पोष्ट गरी काठमाडौंबाट प्रत्येक दिन बिहान निस्कने ठूला आकारका अपेक्षाकृत अधिराज्यको ठूलो भूभागमा बिक्री वितरण हुने अखबारहरूलाई समेटिएको देखिन्छ । यसमा नेपाली वर्णविन्यास सम्बन्धी समस्याको वर्गीकरण, समाचार प्रस्तुतीकरण सैद्धान्तिक आधार, प्रस्तुतीकरण सम्बन्धी समस्याको  वर्गीकरणको व्यापक अध्ययन गरिएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको प्रस्तुत शोधका लागी सहयोगी भएकाले उपयोग गरिएको छ ।

आचार्य (२०६८), द्वारा लिखित आम सञ्चार र पत्रकारिता सम्बन्धी आधारभूत सिद्धान्तहरूलाई समेटेर तयार पारिएको छ । यस पुस्तकमा सञ्चार, आमसञ्चार, आम सञ्चारमाध्यम, सूचना, पत्रकारिता, सञ्चारको अवधारणा, फोटोग्राफी र फोटोपत्रकारिता, प्रसारण पत्रकारिता, समाचार सम्प्रेषण, समाचार सम्पादन, प्रेस स्वतन्त्रता, प्रेस कानुन आदि विषयवस्तुलाई समेटिएको छ । मानव अधिकारका आधारभूत सिद्धान्त र मानव अधिकारका मानक तयार गर्ने अन्तर्राष्ट्रिय कानुनलाई समेत समेटिएको छ । आम सञ्चारका आधारभूत सिद्धान्तदेखि  पत्रकारिताको विश्व र नेपालको इतिहास, प्रेस, कानुन तथा आम सञ्चारका बारेमा समेटिएको छ । उक्त पुस्तक प्रस्तुत शोधका लागी सहयोगी भएकाले उपयोग गरिएको छ ।

बाँस्तोला(२०६९),द्वारा'**नेपाली समाचारका खेलकुद खण्डमा प्रयुक्त नेपाली भाषाको अध्ययन**' शीर्षकमा शोध भएको छ । यस शोधमा नेपाली समाचारपत्रका खेलकुद खण्डका प्रयुक्त शब्दभण्डारको अध्ययन गर्नु, भाषाका वाक्य संरचनाको विश्लेषण गर्नु, भाषामा कोड मिश्रणको स्थिति पत्ता लगाउनु र प्राप्त तथ्यका आधारमा निष्कर्ष प्रस्तुत गर्नु उद्देश्य रहेका छन् । यस अध्ययनमा वि.स.२०६८/१२/०५ देखि २०६८/१२/२० सम्ममा प्रकाशित भएका जम्मा तीनवटा नेपाली समाचारपत्र, गोरखापत्र, कान्तिपुर र नागरिक दैनिकका पन्ध्र दिनसम्म प्रकाशित जम्मा ४५ वटा पत्रिकाहरू सङ्कलन गरी पुस्तकालयीय अध्ययन विधिलाई अङ्गीकार गरी वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अँगालेकी छिन् । शब्दभण्डार, व्याकरणिक पक्ष र कोड मिश्रण आदिलाई मध्यनजर राख्दै सङ्कलित सामग्रीबाट प्राप्त तथ्याङ्कको तालिकीकरण, व्याख्या र विश्लेषण गरिएको छ यस शोधपत्रमा भाषा विचार विनिमयको माध्यम भएको, समाचारपत्रको खेलकुद खण्ड बौद्धिक र

जानकारीमूलक भएको तत्सम शब्द बढी प्रयोग भएको अकरण भन्दा करणको प्रयोग बढी भएको, भाषिक कोड मिश्रणका सम्बन्धमा कोड मिश्रण भएका वाक्यहरूको सङ्ख्या अत्यधिक रहेको आदि निष्कर्ष निकालिएको छ । हरिकला वाँस्तोलालाई उक्त अध्ययन नेपाली समाचार पत्रका खेलकुदमा प्रयुक्त नेपाली भाषाको अध्ययन भनिए पनि खेलकुद खण्डमा प्रयुक्त भाषाका चारवटा विषयमा मात्र सीमित रहेको देखिन्छ । उक्त शोध यस अध्ययनका लागि सहयोगी भएकाले उपयोग गरिएको छ ।

थापा (२०६९),द्वारा **'सार्वजनिक महत्त्वका होडिङ बोर्डमा पाइने भाषिक त्रुटि सम्बन्धी अध्ययन'** शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा होडिङ वोर्डमा भएको भाषिक त्रुटिको पहिचान गर्नु, भाषिक त्रुटिहरूको व्याख्या, विश्लेषण गर्नु, प्रस्तुतीकरण वा चित्राङ्कन शैलीको विश्लेषण गर्नु र भाषिक त्रुटिको निराकरणका लागि सुझावहरू प्रस्तुत गर्नु उद्देश्य रहेका छन् । यस शोधपत्रमा स्रोत तथ्याङ्क सामग्रीका रूपमा काठमाडौँ जिल्ला चक्रपथ भित्रका १८ वटा होडिङ वोर्डलाई लिई त्रुटि सम्बन्धी अध्ययन गरिएको छ । उक्त शोधपत्रको प्रस्तुत शोधका लागि सहयोगी भएकाले उपयोग गरिएको छ ।

भट्टराई (२०६९), द्वारा **'पूर्वाञ्चल दैनिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन'** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा पूर्वाञ्चल दैनिक पत्रिकाले समाचारको शीर्षक, संरचना, विषयवस्तु र शैलीको अध्ययन गर्नु, पत्रिकाको समाचारमा प्रयुक्त कालको स्थिति पत्ता लगाउनु, समाचारमा प्रयुक्त शब्दभण्डारको अध्ययन गर्नु र समाचार प्रस्तुतिको अध्ययन गर्नु उद्देश्यहरू रहेका छन । उक्त शोधपत्रमा समाचारको शीर्षकको आधारमा अध्ययन गर्दा ३ देखि ११ शब्दसम्ममा संरचित भएको पत्ता लगाएको छ । जसमध्ये ३ शब्दे शीर्षक ५ वटा, ४ शब्दे ६ वटा, ५ शब्दे शीर्षक ३ वटा र ११ शब्दे शीर्षक १ वटा रहेको कुरा पत्ता लगाएको छ । क्रमशः ३३.३५ प्रतिशत, ४० प्रतिशत, २० प्रतिशत, ६.६७ प्रतिशत रहेको पत्ता लगाएको छ । समाचारको शैलीका आकारमा अध्ययन गर्दा जम्मा ८ शैलीको प्रयोग पाइन्छ । जसमध्ये सुझाव शैलीको प्रयोग सबैभन्दा बढी ४ वटामा (२६.६७ प्रतिशत) रहेको छ । समाचारको संरचनाको आधारमा अध्ययन गर्दा पूर्वाञ्चल दैनिकका समाचारहरू ४ देखि २० अनुच्छेद सम्म संरचित भएको पत्ता लगाएको छ । विषयवस्तुको आधारमा अध्ययन गर्दा पूर्वाञ्चल दैनिकका समाचारहरू ७ वटा

विषयक्षेत्रमा लेखिएको छ । जसमा सबैभन्दा बढी राजनीतिक क्षेत्रसँग सम्बन्धित रहेका छन् । १५ वटा समाचारहरूमध्ये राजनीतिमा ५वटा, स्वास्थ्यमा ३ वटा, शैक्षिकमा २ वटा, जनचेतनामूलक विषयवस्तुमा २ वटा र प्रशासन, धार्मिक, आर्थिक विषयवस्तुमा १/१ वटा रहेको पत्ता लगाएको छ । पूर्वाञ्चल दैनिक पत्रिकाको समाचार प्रायः एक वाक्यको आमुख राखेको पाएको छ । जसमा २५ देखि ३० शब्दसम्मको प्रयोग गरिएको पत्ता लगाएको छ । समाचारको शरीर र अन्त्यको अध्ययन गर्दा शरीरको भागमा समाचारका विस्तृत कुराहरू राखिएको पाइएको छ भने समाचारको अन्त्यमा समाचारकै मुख्य कुराहरूलाई विस्तार गरिएको पत्ता लगाएको छ । उक्त शोधपत्रको प्रस्तुत शोधका लागी सहयोगी भएकाले उपयोग गरिएको छ ।

सापकोटा(२०७०), द्वारा **'काँक्रेबिहार दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन'** शीर्षकको शोधपत्रमा काँक्रेबिहार पत्रिकाको वि.स.२०७० वैशाख १५गते देखि १५ असार सम्मका आठवटा सम्पादकीयहरूलाई नमुनाको रूपमा छनोट गरी काँक्रेबिहार दैनिक पत्रिकामा रहेको सम्पादकीयको संरचना, विषयवस्तु, शैली, शीर्षक तथा सम्पादकीयमा प्रयुक्त भाषा, वाक्यका प्रकार, शब्दभण्डार र कालका प्रकारहरूको अध्ययन गर्नु शोधकार्यका उद्देश्यका रूपमा लिइएको छ । पाँचवटा अध्यायमा रहेको यस शोधपत्रको अध्ययनमा सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय अध्ययन विधिलाई आत्मसाथ गरी वर्णनात्मक तथा विश्लेषणात्मक विधि अँगालिएको देखिन्छ । काँक्रेबिहार पत्रिकाको सम्पादकीयलाई प्राथमिक स्रोतका रूपमा र यससँग सम्बन्धित अन्य पत्र पत्रिका, पुस्तकहरु, शोधपत्र, लेख-सचना, शब्दकोश आदिलाई द्वितीय स्रोतको रूपमा लिइएको छ । उक्त शोध पत्रमा सम्पादकीयका शीर्षकहरु दुईदेखि पाँच शब्दसम्ममा संरचित भएका, सम्पादकीय संरचना दुई अनुच्छेददेखि तीन अनुच्छेदसम्ममा संरचित भएका, सम्पादकीयका विषयवस्तु क्रमशः अनुरोध, वर्णन, आलोचना, सूचनामा केन्द्रित भएको, सम्पादकीयमा भूतकाल भन्दा वर्तमान कालको बढी प्रयोग भएको, ध्रुवीयताका दृष्टिले अकरण भन्दा करण वाक्यको प्रयोग अधिक भएको, शब्द स्रोतका दृष्टिले सम्पादकीयमा तत्सम शब्दको प्रयोग बढी भएको, सम्पादकीयमा जटिल वाक्यको प्रयोग बढी भएको, बोधगम्यताका दृष्टिले सम्पादकीय धेरै हदसम्म बोधगम्य रहेको निष्कर्ष निकालिएको छ । शीर्षकको सीमितता अनुसार शोधकार्य सान्दर्भिक भएकोले यसलाई प्रस्तुत शोध कार्यमा उपयोग गरिएको छ ।उक्त शोधपत्रको प्रस्तुत शोधका लागी सहयोगी भएकाले उपयोग गरिएको छ ।

पोखेरेल (२०७१),द्वारा **'पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन'** मा प्रयुक्त भाषाको अध्ययन शीर्षकको शोधपत्र तयार पारिएको छ । यसमा सम्पादकीयको बाह्य पक्ष शीर्षक, विषयवस्तु, संरचनामा अध्ययन गर्नु र आन्तरिक पक्ष शब्दभण्डार, काल, वाक्य, स्थानीय भाषिकाको अध्ययन गर्नु उद्देश्य रहेका छन् । यस शोध अध्ययनका लागी प्राथमिक र द्वितीय स्रोतका सामग्री प्रस्तकालयबाट प्राप्त भएका छन् । प्राप्त भएका सामग्रीलाई विभिन्न आधारमा विश्लेषण गर्नका लागी वर्णनात्मक विश्लेषण विधि अपनाइएको छ । पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको २०७० भाद्र २ गतेदेखि २०७१ साउन २ गतेसम्मका हरेक दिनको २ गते प्रकाशित पत्रिकाको सम्पादकीयलाई आधार बनाइएको छ । यस शोधपत्र शिक्षक, विद्यार्थी, आमसञ्चार, पत्रकारिता जगतका व्यक्ति तथा नयाँ शोधार्थीलाई र सम्बन्धित निकायका लागि समेत महत्त्वपूर्ण उपयोगी हुने अपेक्षा गरिएको छ । सो यसमा अध्ययनमा भूतकालको भन्दा अभूतकालको प्रयोग धेरै भएको तद्भव र आगन्तुक शब्दको तुलनामा तत्सम शब्दको बढी वाक्य सङ्ख्या बढी रहेको निष्कर्ष निकालिएको छ उक्त शोधपत्रको प्रस्तुत शोधका लागी सहयोगी भएकाले उपयोग गरिएको छ ।

शाही (२०७१), द्वारा **'सुर्खेतपत्रको सम्पादकीयमा प्रयुक्त भाषा अध्ययन'** शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा सुर्खेतपत्र दैनिक पत्रिकाको सम्पादकीय प्रयुक्त शीर्षक, विषयवस्तु र शैलीको संरचनात्मक अध्ययन गर्नु, सम्पादकीयमा प्रयुक्त भाषाको भाषिक पक्ष अन्तर्गत वाक्यकोटि, काल, पक्ष, वाक्यका प्रकार, शब्द भण्डार र ध्रुवीयताको अध्ययन गर्नु र पत्रिकाको समपादकीय प्रयुक्त भाषाको बोधगम्यताको अध्ययन गर्नु रहेका छन । यस शोध भाषिक पक्षसँग सम्वन्धित भएकाले गुणात्मक रहेको छ । यस अध्ययनमा सुर्खेतपत्रको वि.स. २०६८ असोज १ देखि २०६१ भदौ २४ गते सम्मका प्रतिनिधिमूलक ६ वटा अङ्कलाई प्राथमिक प्रकृतिको स्रोतकारूपमा समावेश गरिएको छ । यस शोध पत्रमा सम्पादक, व्यवस्थापक, पत्रकार आदिसँग प्रत्यक्ष भेटी गरिएको अन्तरवार्ता आदि विधिबाट तथ्याङ्कहरू सङ्कलन गरिएको छ । उक्त शोधपत्रमा पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कलाई तिनीहरूको प्रकृति अनुसार वर्णनात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा सम्पादकीय कालगत आधारमा अध्ययन गर्दा भूतकाल भन्दा अभूतकालको बढी प्रयोग भएको पत्ता लगाएको छ । यसमा सम्पादकीयको वाक्य प्रकारका आधारमा अध्ययन

गर्दा जटिल वाक्य कम र सरल वाक्य प्रयोग बढी, बोधगम्यताका दृष्टिले बोधगम्यता पाइए पनि सम्पादकीयमा वाक्यहरूमा भावार्थ पुनरावृत्ति भएको निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको प्रस्तुत शोधका लागि सहयोगी भएकाले उपयोग गरिएको छ ।

चौलागाई (२०७२), द्वारा **'कान्तिपुर पत्रिकाको पाठक प्रतिक्रियामा प्रयुक्त भाषाको अध्ययन'** शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा पाठक प्रतिक्रियामा प्रयोग भएको विषयवस्तु र लेखन शैलीको अध्ययन गर्नु, पाठक प्रतिक्रिया स्तम्भमा प्रयुक्त वाक्य संरचनाको अध्ययन गर्नु नेपाली भाषा स्तरीयता, शैली पुरुष काल पक्ष, शब्दवर्ग शब्दस्रोत र पद सङ्गतिको अध्ययन गर्नु रहेका छन् । यस शोधपत्रमा कान्तिपुरको २० वटा पाठक प्रक्रियालाई विषयवस्तुको आधारमा अध्ययन गर्दा विविध ८ वटा विषय क्षेत्रलाई समेटिएको ६ जसमध्ये राजनितिक विषयवस्तुहरू सबै भन्दा बढी ३५ प्रतिशत, धार्मिक १० प्रतिशत, शिक्षा र साहित्य १५ प्रतिशत, सामाजिक समस्या तथा विकृति १५ प्रतिशत, खेलकुद १० प्रतिशत, सहयोगको अपिल समीक्षा स्वास्थ्य प्रत्येकले ५/५ प्रतिशत स्थान ओगटेको पत्ता लगाएको छ । सूचनामूलक र सन्देशमूलकका आधारमा अध्ययन गर्दा पाठक प्रतिक्रियाको भाषा सन्देशमूलक र सूचनामूलक ५०/५० प्रतिशत रहेको निष्कर्ष निकालिएको छ । स्तरीयता आधारमा पाठक प्रतिक्रियाको भाषा अध्ययन गर्दा केही वर्ण विन्यासका त्रुटिहरू रहेको भएता पनि मानक भाषाको प्रयोग गरिएको र सहज, सरल र सुबोध्य भाषाको प्रयोग भएको निष्कर्ष निकालिइएको छ । उक्त शोधपत्रको प्रस्तुत शोधका लागि सहयोगी भएकाले उपयोग गरिएको छ ।

## २.२ पूर्वकार्यको उपादेयता

यस शोधको लागि आवश्यक र सम्बन्धी पूर्व शोधपत्र, पुस्तकहरूको उपादेयता निम्नानुसार रहेका छन् :

पोखरेल (२०६१), द्वारा 'नेपाली राष्ट्रिय दैनिक अखवारका समाचारको भाषा तथा प्रस्तुतीकरणको अध्ययन'शीर्षकमा शोध पत्र तयार गरिएको छ । उक्त शोधपत्रबाट आवश्यक शीर्षक चयन, उद्देश्य, सीमाङ्कन रूपरेखा, पूर्वकार्यको अध्ययन, सैद्धान्तिक पक्षको व्याख्या, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न प्रस्तुत शोध उपयोगी रहेको छ ।

पन्त (२०६१), द्वारा 'शुक्लाफाँट क्षेत्रीय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन'शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रबाट आवश्यक शीर्षक चयन, उद्देश्य, सीमाङ्कन रूपरेखा, पूर्वकार्यको अध्ययन, सैद्धान्तिक पक्षको व्याख्या, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न प्रस्तुत शोध उपयोगी रहेको छ ।

आचार्य (२०६८), द्वारा लिखित आम सञ्चार र पत्रकारिता सम्बन्धी आधारभुत सिद्धान्तहरूलाई समेटेर तयार पारिएको छ ।यस पुस्तकबाट सञ्चार, सञ्चारको अर्थ, परिभाषा, सञ्चार प्रक्रियाका तत्त्वहरू, सञ्चारका प्रकार, सञ्चारको तह, आमसञ्चार, अनलाइनका बारेमा जानकारी लिन प्रस्तुत शोधलाई उपयोगी रहेको छ ।

थापा (२०६९),द्वारा 'सार्वजनिक महत्त्वका होडिङ वोर्डमा पाइने भाषिक त्रुटि सम्बन्धी अध्ययन'शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रबाट आवश्यक सीमाङ्कन रूपरेखा, पूर्वकार्यको अध्ययन, सैद्धान्तिक पक्षको व्याख्या, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न यो शोध उपयोगी रहेको छ ।

भट्टराई (२०६९), द्वारा 'पूर्वाञ्चल दैनिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रबाट आवश्यक शीर्षक चयन, उद्देश्य, सीमाङ्कन रूपरेखा, पूर्वकार्यको अध्ययन, सैद्धान्तिक पक्षको व्याख्या, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न प्रस्तुत शोधका लागि उपयोगी रहेको छ ।

वाँस्तोला(२०६९),द्वारा'नेपाली समाचारका खेलकुद खण्डमा प्रयुक्त नेपाली भाषाको अध्ययन'शीर्षकमा शोध भएको छ । उक्त शोध पत्रबाट शब्दभण्डार, व्याकरणिक पक्ष आदिको अध्ययन गर्न, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न प्रस्तुत शोधलाई उपयोगी रहेको छ ।

सापकोटा(२०७०), द्वारा 'काँक्रेबिहार दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकको गरिएको छ । उक्त शोध पत्रबाट आवश्यक शीर्षक चयन, उद्देश्य, सीमाङ्कन रूपरेखा, पूर्वकार्यको अध्ययन, सैद्धान्तिक पक्षको व्याख्या, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न प्रस्तुत शोध उपयोगी रहेको छ ।

पोखरेल (२०७१), द्वारा 'पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोध पत्रबाट बाह्य पक्ष शीर्षक विषयवस्तु, संरचनामा अध्ययन गर्नु र आन्तरिक पक्ष शब्दभण्डार, काल, वाक्य, स्थानीय भाषिकाको अध्ययन गर्नमा उपयोगी भएको छ ।

शाही (२०७१), द्वारा 'सुर्खेतपत्रको सम्पादकीय प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा गरिएको छ । उक्त शोधपत्रबाट आवश्यक शीर्षक चयन, उद्देश्य, सीमाङ्कन रूपरेखा, पूर्वकार्यको अध्ययन, सैद्धान्तिक पक्षको व्याख्या, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न प्रस्तुत शोध उपयोगी रहेको छ ।

चौलागाई (२०७२), द्वारा 'कान्तिपुर पत्रिकाको पाठक प्रतिक्रियामा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ ।उक्त शोधपत्रबाट आवश्यक सीमाङ्कन रूपरेखा, पूर्वकार्यको अध्ययन, सैद्धान्तिक पक्षको व्याख्या, शोध प्रक्रिया, विधि, शोधको निष्कर्षलाई थप स्पष्ट पार्न प्रस्तुत शोध उपयोगी रहेको छ

## २.३ अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययनमा अनलाइन सुर्खेत डटकमको मुख्य समाचारको अध्ययन गर्ने क्रममा सर्वप्रथम मुख्य समाचारको बाह्य पक्षको अन्तर्गत शीर्षक, विषयवस्तु, संरचना, शैली र चित्र/तस्विरका आधारमा गरिएको छ । अनलाइन सुर्खेत डटकमको मुख्य समाचारको आन्तरिक पक्ष अन्तर्गत शब्दभण्डार, काल, पक्ष र वाच्यको आधारमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनको अवधारणात्मक ढाँचा निम्नलिखित किसिमको रहेको छ :

रेखा चित्र १




अनलाइन सुर्खेत डटकमको मुख्य समाचारको अध्ययन अन्तर्गत बाह्य पक्ष र आन्तरिक पक्ष गरी जम्मा दुई पक्षको अध्ययन गरिएको छ । यस अन्तर्गत बाह्य पक्षमा शीर्षक, विषयवस्तु, संरचना, शैली र चित्र/तस्विर पर्दछन् । आन्तरिक पक्ष अन्तर्गत शब्दभण्डार, काल, पक्ष र वाच्यको प्रभाव अध्ययन गरिएको छ ।

**(क) बाह्य पक्ष**

अनलाइन समाचारको बाह्य पक्ष भन्नाले शीर्षक, विषयवस्तु, संरचना, शैली र चित्र/तस्विरलाई बुझाउँछ । यस अध्ययनमा शीर्षक, विषयवस्तु, संरचना, शैली, चित्र/तस्विरलाई बाह्य पक्षका रूपमा अध्ययन गरिएको छ ।

**(अ) शीर्षक**

शीर्षक भनेको समाचारको शीर्ष भागमा रहने महत्त्वपूर्ण अंश हो । यसले सम्पूर्ण समाचारको सार बताउँछ । शीर्षकले समाचारको सूक्ष्म विवरण वा सङ्केत दिन्छ । शीर्षकले

समाचार कुन विषयसँग सम्बन्धित छ भन्ने बारेमा बताउँछ र समाचार पढ्न उत्सुकता जगाउँछ ।

(आ) **विषयवस्तु**

अनलाइनमा विभिन्न विषयवस्तुमा समाचार सम्प्रेषण गर्न सकिन्छ । राननीति, स्वास्थ्य, शिक्षा, मनोरञ्जन, खेलकुद, पर्यटन जस्ता विषय दिएर/लिएर समाचार संकलनका लागि खटिएका संवाददाताहरू यी विषयसँग सम्बन्धित समाचारका स्रोतहरूसंकलन गरी समाचारको विषयवस्तु तयार गर्ने गर्दछन् । दिन दैनिक घटना परिघटनाहरू नै समाचारका विषयवस्तु हुन् ।

(इ) **संरचना**

हरेक समाचारको आफ्नै किसिमको स्वरूप हुन्छ, जसलाई हामी समाचार संरचना भनिन्छ । संरचनाबिना समाचारको विषयवस्तु तथ्यहरूको थुप्रो जस्तो मात्रै हुन्छ । समाचारलाई अर्थपूर्ण  र बुझ्न सकिने बनाउन तिनलाई खास प्रकारका संरचनाहरूमा ढाल्ने गरिन्छ । सबै समाचारलाई एउटै किसिमको संरचनामा राख्नु हुदैंन । समाचारको विषयवस्तुको मर्म र महत्त्वअनुसार फरकफरक प्रकारको संरचना प्रयोग गर्नुपर्दछ जस्तै शब्द संरचना, वाक्य संरचना, अनुच्छेद संरचना तथा पाठ/संकथन संरचना आदि पर्दछन् ।

(ई) **शैली**

शैली भनेको समाचार लेखनको वा सम्प्रेषणको तौर तरिका हो । समाचार प्रस्तुतिको महत्त्वपूर्ण कुरा लेखनकला हो । समाचार लेखनमा भाषाको प्रयोग गर्दा विषयवस्तुसँग मेल खाने वाक्य, संरचना, शब्दचयन र संयोजन आवश्यक हुन्छ । समाचार लेखन निबन्धलेखन वा पुस्तक लेखन जस्तो हुँदैन । समाचार लेखनको आफ्नै शैली र आफ्नै उद्देश्य हुन्छ । पाठकसम्म सरल ढङ्गले सूचना वा भावको सञ्चार गर्नु हो ।

(उ) **चित्र/तस्विर :**

कुनैपनि सजिव तथा र्निजीव वस्तुको आकृतिलाई चित्र भनिन्छ । समाचार सम्प्रेषणमा चित्र/तस्विरको महत्त्वपूर्ण भूमिका हुन्छ । समाचारलाई आकर्षक बनाउन चित्र

वा तस्विरले मद्दत गर्दछन् । समचारमा चित्र/तस्विरहरू समाचारसँग तालमेल खाने हुनुपर्दछ । समाचार, जानकारी, घटनासँग सम्बन्धित चित्र/तस्विरले पाठकहरूको ध्यान आकर्षण गर्ने मद्दत गर्दछ । अनलाइन समाचारमा चित्रको झनै महत्त्व रहेको हुन्छ । घटना तथा समाचारका सम्बन्धित चित्र खिचेर समाचारसँगै पोष्ट गर्नाले यसको विशेष महत्त्व हुन्छ । ती रङ्गीन चित्र वा तस्विरहरूले पाठकहरूको ध्यानाकर्षण गराई अनलाइन समाचारको प्रभावकारितामा सहयोग पुऱ्याउँदछ । चित्रका माध्यमबाट समग्र समाचार, घटनाहरूको सन्देशलाई सम्प्रेषण गर्न खोजिएको हुन्छ । चित्र र तस्विर बिना अनलाइन समाचारहरू पाठकहरूले त्यत्ति ध्यान दिदैनन् । अनलाइन समाचारहरूमा कतिपय चित्रहरू यस्ता पनि हुन्छन् जसले समग्र समाचारको व्याख्या गरेको हुन्छ । चित्र आफैँ बोल्छ भने जस्तै समाचारको तथा घटना, परिवेशको यथार्य चित्रण चित्र/तस्विरले गरिदिएको हुन्छ । समाचारसँगै अनलाइन समाचारमा पोष्ट गरि तस्विरहरूले पाठकको मनमा दृश्यात्मक आकृति भरिदिन्छ । त्यसैले अनलाइन समाचारमा चित्र तथा तस्विरहरूको महत्त्वपूर्ण र प्रभावकारी भूमिका हुन्छ । अनलाइन समाचारमा चित्र/तस्विर ठूला राख्नु हुदैन जसले तस्विर खुल्न वा लोड हुन धेरै समय लाग्दछ । त्यत्ति सानो आकारको राख्नु पनि हुदैन । जसले समाचारको यथार्थ चित्रण अस्पष्टता नहोस् ।

(ख) आन्तरिक पक्ष

आन्तरिक पक्ष भन्नाले अनलाइन सुर्खेत डटकममा मुख्य समाचारका आन्तरिक पक्ष अन्तर्गत शब्दभण्डार, काल, पक्ष र वाच्य आदिलाई बुझाउँछ । यस शोधपत्रमा आन्तरिक पक्षमा माथि उल्लिखित पक्षमा अध्ययन गरिएको छ ।

(अ) **शब्दभण्डार**

कुनै पनि भाषामा अनगन्ती शब्दहरू रहेका हुन्छन । ती शब्दहरू विभिन्न स्रोतबाट आई विभिन्न अर्थ जनाउन प्रयुक्त हुन्छन् । यही शब्द समूहलाई शब्द भण्डार भनिन्छ ।

(आ) **काल**

क्रियापदको कथन अनुसार भएको काम वा अवस्थाको समय जसले हिजो, आज र भोलिलाई जनाउछ त्यसलाई काल, भनिन्छ । काल अभिव्यक्तिको समय अनुसार कुनै कुरा अभिव्यक्त हुँदा सुरू भएको, त्यसभन्दा अघि भएको वा पछिको समयमा सुरू हुने आधारमा

काल छुट्याउने प्रचलन छ । अनलाइन समाचार वर्तमान कालको हुनुपर्छ । समाचारको कालको महत्त्वपूर्ण भूमिका हुन्छ ।

(इ) वाच्य

वाक्यमा कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गर्ने तरिकालाई वाच्य भनिन्छ । कर्ता, कर्म र भावसँग क्रियापदको सम्बन्ध फेर्दा वाक्यको अर्थमा भने कुनै परिवर्तन हुदैन । वाक्यको अभिव्यक्ति क्रियापदले गर्दछ । (वराल, एटम, २०६३ : १०७) अनलाइन समाचारमा वाच्यको महत्त्वपूर्ण भूमिका हुन्छ र कर्तृवाच्यको प्रयोग गर्नुपर्दछ ।

(ई) पक्ष

कालका विविध अवस्था विशेषलाई सङ्केत गर्ने रूपायनिक कोटिलाई पक्ष भनिन्छ । यो पनि क्रियामा अभिव्यक्ति हुने कोटि हो । यो कालिक सर्गभन्दा अगाडि देखापर्दछ ।

## २.४ सम्बन्धित विषयको सैद्धान्तिक अध्ययन

### २.४.१भाषा

संस्कृतको 'भाष्' धातुबाट बनेको 'भाषा' शब्द बोल्नु वा भन्नु हो । मानिसले आफ्नो भाव वा विचार वा अनुभूति व्यक्त गर्न जे बोलिन्छ त्यो भाषा हो । भाषाको मानव सभ्यतासँग प्रत्यक्ष सम्बन्ध हुने गर्दछ र भाषालाई मानव ज्ञानका विविध क्षेत्र, आयाम र विषयका कोणबाट हेरिन्छ । समाजशास्त्रीहरू भाषालाई भाषिक समुदायको अन्तरक्रियाको रूपमा लिन्छन्, कलाशास्त्रीहरू विचारको कलात्मक प्रस्तुतिको रूपमा र मनोवैज्ञानिकहरू मनमा उठेका अमूर्त मनोबिम्बको अभिव्यक्तिका रूपमा लिने गर्दछन् । यसरी आफ्नो क्षेत्र र कोणबाट परिभाषित गरिए पनि भाषालाई विचार सम्प्रेषणका लागि गरिने अभिव्यक्तिका रूपमा लिइएको पाइन्छ । सारांशमा भाषालाई विचार अभिव्यक्ति र संरचनात्मक व्यवस्थाको कोणबाट हेरिन्छ । भाषाको परिभाषा, संगठन, स्वरूप, प्रयोक्ता, प्रकार्य, वस्तु र कथ्यसँग सम्बन्धित वाक्प्रतीकहरूको अन्तः सम्बन्धको आधारमा नै गरिएको पाइन्छ (गौतम, २०६९ : १, २) ।संस्कृतको 'भाष्' धातुबा भाषा शब्दको निर्माण भएको हो । जे बोलिन्छ त्यो भाषा हो । यसरी शाब्दिक भाषा विचार विनिमयको माध्यम हो, तर विचार विनिमयका सबै माध्यमलाई भाषा भनिँदैन। आँखा झिक्क्याएर, हातले इसारा गरेर, ताली बजाएर गरिने

विचार विनिमय भाषा होइन । त्यसैगरी पशुपंक्षीहरूले प्रयोग गर्ने ध्वनि वा आवाजलाई पनि भाषावैज्ञानिक सन्दर्भमा भाषा भनिँदैन । खास गरी स्वर र व्यञ्जनजस्ता ध्वनिहरू स्पष्ट छुट्याउन सकिने गरी मान्छेका उच्चारण अवयवद्वारा उच्चरित आवाजलाई मात्र भाषा भनिन्छ । यसरी व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिए पनि भाषावैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनिप्रतीकहरूको व्यवस्थालाई भाषा भन्ने गरिएको छ ।( न्यौपाने र अन्य,२०६९: १)

## २.४.२सञ्चार

एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म बोली, सङ्केत, लिपि, अङ्ग, इसारा वा अन्य कुनै तरिकाले विचार धारणा एवम् जानकारीको आदान प्रदान गरिने प्रक्रिया नै सञ्चार हो । वक्ता र स्रोताबीच उद्देश्यमूलक र क्रमवद्ध ढङ्गबाट सङ्केत, चिह्न वा हाउभाउको सहायताले सूचना आदानप्रदान गर्ने कार्यलाई सञ्चार भनिन्छ ।विश्वका सबै प्राणीहरू आ-आफ्नै तरिकाले सूचना सञ्चार गर्दछन् । मानिसका अतिरिक्त पशुपन्छी र कीट्पतङ्गले पनि आफूलाई सहज हुने किसिमको सञ्चार प्रक्रिया विकास गरेका हुन्छन् तर अन्य प्राणीले भन्दा मानव जातिले सञ्चार प्रक्रियाको विस्तृत र व्यवस्थित ढङ्गले युगौँदेखि उपयोग गर्दै आएको छ । मानिस सामाजिक प्राणी हो र सञ्चार नै मानिसलाई सामाजिकीकरण गर्ने मूल आधार हो । संसारको कुनैपनि व्यक्ति सञ्चार प्रक्रियाबाट अलग भएर बस्न सक्दैन । सञ्चारको क्रमबद्ध विकासले नै मानिसलाई अहिलेको अवस्थामा ल्याइपुऱ्याएको हो । यसरी सूचना आदानप्रदान गर्दा कुनै सञ्चार साधन वा माध्यमले अझ प्रभावकारी भूमिका खेल्छ । उद्देश्यमूलक र क्रमबद्ध सञ्चारको अभाव भइरहेको भए मानिस अझसम्म पनि लाखौँ वर्ष अघि जस्तै जङ्गली अवस्थामै भौँतारिइरहेको हुन्थ्यो  होला ।

## २.४.३ सञ्चारको उत्पत्ति

सञ्चारको उत्पत्ति शब्द ल्याटिन भाषाको (Communes)कम्युनिसस र (Communicare)कम्युनिकेयर शब्द क्रमशः नाम शब्द र क्रियापद हो । कम्युनिससको अर्थ साझा, साझापन वा आदानप्रदान हो भने कम्युनिकेयर शब्दको अर्थ कुनै कुराको साझेदारी गर्नु भन्ने हुन्छ।  कतिपय विद्वानहरूले कम्युनिकेसन शब्दलाई अङ्ग्रेजी भाषाको अर्को शब्दमा (Community)अर्थात समाजसँग तुलना गरेका छन् । यस अनुसार समाजका

सदस्यहरूसँग एक आपसमा केही सम्बन्ध हुन्छ । सञ्चार सम्बन्ध कै कारणले गर्दा समाज सङ्गठित भएको मानिन्छ । तसर्थ सञ्चार नै समाजको जग हो । (आचार्य : ३) । यही जगको रूपमा सञ्चारको उत्पत्ति भएको हो ।

### २.४.४ सञ्चारको अर्थ

'सञ्चार' मूलत : संस्कृत शब्द हो । संस्कृत भाषामा सञ्चार शब्दका विभिन्न अर्थहरू छन् जसमध्ये सन्देशको आदान प्रदान कार्य पनि एक हो भन्ने तथ्य अमरकोशबाट स्पष्ट हुन्छ । हाल नेपाली भाषामा 'सञ्चार' शब्दलाई अंग्रेजी भाषाको 'कम्युनिकेसन' शब्दको उल्थाका रूपमा प्रयोग गरिन्छ । तसर्थ सञ्चारको खास अर्थ के हो भन्ने बुझ्न 'कम्युनिकेसन' कै अर्थ बुझ्नुपर्ने हुन्छ । कम्युनिकेसन ल्याटिन भाषाको कम्युनिस (Communis)शब्दबाट उत्पन्न भएको मानिन्छ जसको अर्थ हुन्छ साझा, साझापन वा साझेदारी । यसैगरी ल्याटिन भाषाकै अर्को शब्द कम्युनिकेयर (Communicare)लाई पनि यसको मूलका रूपमा लिइने गरेको पाइन्छ । जसको अर्थ साझा बनाउनु हुन्छ ।

(अधिकारी २०६३ : १/२)

यसरी सञ्चारको कारणले नै मानिसहरू आपसमा भावनाको साझेदारी गर्न वा समझदारीको सामन्य सम्बन्ध कायम राख्न सफल भएका हुन् भन्ने तथ्यलाई यहाँ ख्याल राखिएको देखिन्छ । सन्देशको आदान प्रदानबाट सञ्चारमा संलग्न व्यक्तिहरूमा समझदारीको सामान्य सम्बन्ध स्थापित हुने भएकाले यसलाई साझेदारीको प्रक्रिया भनिनु स्वभाविकै हो ।

### २.४.५ सञ्चारका परिभाषा

सञ्चार आफैंमा एउटा अस्पष्ट र बृहत शब्द हो । यस्तो शब्दको परिभाषा गर्नु निश्चय नै सजिलो छैन् । विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले सञ्चारलाई परिभाषित गरेका छन् । सञ्चारको सम्बन्धमा दिएका केही परिभाषाहरू निम्नानुसार रहेका छन् :

'सजिलो परिभाषामा सञ्चार भनेको सूचना आदान प्रदानको प्रक्रिया हो' ।

- आहुजा र चाब्रा

'प्रेषक र प्रापकबीच सूचनाको स्थानान्तरण सञ्चार हो जसमा प्रापकले सूचनालाई बुझेको हुन्छ' ।

- कुन्ज र वेइरिच

'साधारणत : सङ्केतको साझा प्रणाली हुँदै सूचनाको विनिमय गर्ने प्रक्रिया नै सञ्चार हो ।'

- आन्सर्स डट कम

'सञ्चार शब्दका धेरै अर्थ र परिभाषाहरू छन् तर मूल कुरा भनेको यो बढ्दो साझापनको प्रक्रिया अथवा सहभागीहरू बीचको आदान-प्रदान हो ।' - डेनिस मक्वाइल

सञ्चार सामाजिक प्रक्रिया हो र असङ्ख्य उपायहरू जसमा मानव प्राणीहरू एक अर्कासँग सम्पर्कमा रहन्छन् । समग्रमा सञ्चार भनेको शाब्दिक, दृश्यात्मक र लिखित सङ्केतहरू प्रयोगबाट विचारको आदान प्रदान काम हो । - उमा नारूला

उपयुक्त परिभाषाहरूका आधारमा सञ्चार भनेको खबरहरूको आदानप्रदान हो, जसमा वक्ता र स्रोताबीचको आपसी समझदारी हुने गर्दछ । वक्ताले सम्प्रेषण गरेको सन्देश अभिप्राय स्रोताले ग्रहण गर्दछ ।

## २.४.६ सञ्चार प्रक्रिया

**रेखा चित्र २**




(आचार्य, २०७० :४)

उपर्युक्त चित्र अनुसार सञ्चार सूचना आदान प्रदान गर्ने प्रक्रिया हो, सञ्चार प्रक्रिया एक खेल जस्तो हो भनी अमेरिकी सञ्चारविद् जोसेफ आर. डभिनिकले उपर्युक्त चित्रको ढाँचा मार्फत प्रस्ट पारेका छन् । (आचार्य, २०७० :४)

### २.४.७ सञ्चार प्रक्रियाका तत्त्व

सञ्चार प्रक्रियालाई पूर्णता दिन विविध तत्त्वहरूको आवश्यकता पर्दछ । सञ्चार प्रक्रियाका  तत्त्वहरूको आवश्यकता पर्दछ । सञ्चार प्रक्रियामा विभिन्न तत्त्वहरू हुन्छन् । आचार्यका अनुसार सञ्चार प्रक्रियाका प्रमुख तत्त्वहरू निम्नानुसार छन् :

(१)स्रोत
(२) सङ्केत
(३)सन्देश
(४) माध्यम
(५) प्रतिसङ्केत प्रक्रिया
(६)प्रापक
(७) प्रतिक्रिया
(८) सम्भाव्य अवरोध

यी माथि उल्लिखित पक्षहरूको सञ्चार प्रक्रियामा रहने यिनका सञ्चारका तत्त्व मानिएको हो ।

### २.४.८ सञ्चारका प्रकार

रेखा चित्र ३




(आचार्य, २०७० : ८)

### २.४.९ सञ्चारको तह

सञ्चार एक प्रक्रिया हो जसमा सन्देशको आदान प्रदान गरी कुनै कुरा साझेदारी गरिन्छ । सञ्चारलाई परिभाषित गर्दै रबर्ट एम लसी भन्छन् ‘सञ्चार भनेको सूचनाको

हस्तान्तरण प्रक्रिया हो ।' सञ्चार प्रक्रिया प्रभावकारी बन्न वक्ता र स्रोताको समान सहभागिता हुनुपर्दछ । सञ्चारका तहहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**रेखा चित्र ४**




(आचार्य, २०७०:११)

## २.५ आमसञ्चार

'आम' र 'सञ्चार' शब्दहरूको संयोजनबाट आम सञ्चार शब्दको निर्माण भएको छ । आमको अर्थ 'व्यापक' र सञ्चारको अर्थ 'कुनै सन्देश पठाउने काम' हो । यसरी आम सञ्चार भन्नाले 'व्यापक रूपमा सन्देश पठाउने काम' बुझिन्छ । आम सञ्चारलाई नेपालीमा 'जनसञ्चार' पनि भन्ने गरिएको छ । अङ्ग्रेजी भाषामा आम सञ्चारलाई मास कम्युनिकेसन भनिन्छ । आम सञ्चार माध्यम भन्नाले आम जनतालाई सुचना, जानकारी पुऱ्याउन प्रयोग हुने साधन भन्ने बुझिन्छ । विविध स्थानमा छरिएर रहेका आम जनसमुदायलाई द्रुत गतिमा सन्देश पुऱ्याउँछ । असीमित जनसमुदायका लागि कुनै सञ्चार माध्यम जस्तैः रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिको सहायताले सूचना प्रकाशन वा प्रसारण गर्ने प्रक्रियालाई आम सञ्चार भनिन्छ । यस्तो सञ्चार प्रक्रियामा तुरून्तै र प्रायः एकतर्फी रूपमा बारम्बार टाढा-टाढासम्म सन्देश प्रवाहित हुने गर्छ । सूचना लेनदेन वा आदान प्रदान नै यस्तो प्रक्रियाको प्रमुख आधार हो । आधुनिक युगमा आमसञ्चारका रूपमा विभिन्न विधि, प्रविधि हुँदै आजको दुनिया इन्टरनेटसम्म आइपुग्दा सञ्चार माध्यमलाई निम्ननानुसार विभाजन गरिएको छ :

रेखा चित्र ५




(आचार्य, २०७० :४८)

सन्देश वा सूचनाको प्रवाह आम जनमानस समक्ष पुऱ्याउने साधनलाई आम सञ्चारका माध्यम भनिन्छ । वर्तमान समयमा टेलिफोन, हुलाक, क्यामरा, टेलिभिजन, कम्प्युटर, इमेल आदिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सूचनाहरूको आदान प्रदान हुन्छ ।

## २.६. समाचार

समाचार शब्दलाई अङ्ग्रेजी भाषाको न्युज(News)शब्दको अर्थका रूपमा लिइन्छ । न्युज शब्द संस्कृत भाषाको नव (Nawa)शब्दबाट बनेको भन्ने पूर्वेली भाषाविद्हरूले ल्याटिन भाषाको नोभा (Nava) बाट न्युज (New)बनेको हो भन्दछन् । न्यु (New)शब्दको बहुबचनका रूपमा न्युज (News)शब्दको विकास भएको भनाइ पनि छ ।समाचार के हो त ? भन्ने विषयमा विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाबाट परिभाषा गरेका छन् । अक्सफोर्ड डिक्सनरी (सातौं संस्करण) मा समाचार अर्थात न्युज शब्दका तीन अर्थहरू दिइएको छ । समाचार भन्नाले

१. भर्खरै भएको कुनै घटना सम्बन्धी नयाँ जानकारी दिने,

२. अखबार, टेलिभिजन वा रेडियोमा प्रस्तुत गरिएका घटना विवरण,

३. समाचारका रूपमा प्रस्तुत गर्न सुहाउने वा चाखलाग्दो मानिस, कुनै वस्तु वा घटना ।

त्यसै गरी पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशाबाट प्राप्त हुन आएका घटना विवरण आदि नै समाचार हुन भन्दै दिशा बोधक अङ्ग्रेजी शब्दहरू नर्थ, इस्ट, वेस्ट र

साउथ (North,East,West and South) को पहिलो अक्षर एन (N), ई (E), डब्लु (W)र एस (S)को छोटकरी रूपलाई न्युज अर्थात समाचार हो भनी परिभाषित गरेको पाइन्छ । केही विद्वानहरूले समाचारलाई सञ्चार माध्यमको प्राण पनि भनेको छन् । समाजमा दैनिक हजारौँ घटनाहरू भइरहेका हुन्छन् तर सबै घटनाहरूलाई समाचार बनाइदैन किनकि समाचार सार्वजनिक चासोको विषय, अचम्म लाग्ने विषय, कुनै राष्ट्र वा सरकार वा जनताका लागि महत्त्वपूर्ण घटना आदिबाट बन्दछ । समाचारमा नौलो चाखलाग्दो विषय र अत्यावश्यक कुराहरू भएको हुनुपर्दछ । (आचार्य, २०७० :२४५,२५५) समाचार भनेको कुनै पनि घटना विषयवस्तु, स्थान आदिका बारेमा तयार पारिएको नवीनतम् सूचना वा जानकारी हो । समाचारलाई ताजा जानकारी सूचना, घटना, विवरणपनि भनिन्छ ।

### २.६.१ समाचारको परिभाषा

समाचार एउटा आश्चर्य हो, एउटा अप्रत्याशित घटना ।

- लर्ड नर्थक्लिफे

हिजोसम्म तपाईले थाहा नपाएको कुरा नै समाचार हो ।

- टर्नर क्याटलेज

समाचार तब हुन्छ जब यो नयाँ हुन्छ ।

- एनभी कायथ

समाचार भनेको तथ्य र विचारहरूको सामयिक रिपोर्ट हो, जसले उल्लेखनीय, जन समुदायको चाख र महत्त्व वा दुवैलाई समेटेको हुन्छ । - माइकल भी. चार्ल्री

जब कुकुरकले मान्छेलाई टोक्छ, त्यो समाचार हुँदैन तर जब मान्छेले कुकुरलाई टोक्छ, त्यो समाचार बन्दछ । - जोन वी बोगर्ट

समाचार त्यो हो जसलाई कोही कहीँ प्रकाशित भएको देख्न चाहँदेन, बाँकी सबै प्रचार हुन् ।

- पोइन्टर इन्स्टिच्युट

धेरै समाचार विवरणहरू साँच्चिकै समाचारीय घटना होइनन्, बरू कृत्रिम-घटना मात्र हुन्, ती कार्यहरू सञ्चार माध्यमबाट प्रचार पाउन योजनाबद्ध तरिकाले निर्माण गरिन्छन् ।

- डी.बुर्स्टिन

(आचार्य, २०७० : २५५)

२.६.२ समाचारका प्रकार

घटना र प्रयोगका हिसाबले समाचारलाई विभिन्न दृष्टिकोणबाट विभाजन र विश्लेषण गर्न सकिन्छ तर, समाचार प्रतिको दृष्टिकोण पनि समय वा परिस्थितिले फरक पार्न सक्छ । कहिले काहीँ पत्रकारको आफ्नै इच्छा वा सञ्चार माध्यमले ठम्याइका आधारमा पनि विभिन्न प्रकारले समाचारका वर्गीकरण भएको पाइन्छ :

(क) घटनाको प्रकृतिका आधारमा,

(ख) समाचार सङ्कलन प्रक्रियाका आधारमा,

(ग) भावनात्मक प्रवृत्तिका दृष्टिकोणबाट,

(घ) समाचार प्राप्त भएका आधारमा,

(ङ) सूचनाको विषय र प्राप्त हुने स्थानका आधारमा  वर्गीकरण गर्न सकिन्छ ।

**रेखा चित्र ६**




(आचार्य,२०७० : २६०)

**(क) घटना प्रकृतिका आधारमा**

घटनाको प्रकृतिका आधारमा समाचारलाई घटनाप्रधान र प्रक्रियाप्रधान समाचारका रूपमा विभाजन गर्न सकिन्छ :

**(१) घटनाप्रधान समाचार**

घटना र विषयवस्तुलाई ध्यानमा राखी तयार पारिने समाचारलाई घटनाप्रधान समाचार भनिन्छ । अङ्ग्रेजी शब्द हार्डन्युज को अनुवादका आधारमा यसलाई कडा समाचार पनि भन्ने गरिएको छ । यस्ता समाचार महत्त्वपूर्ण विषयमा लेखिएका र गम्भीर तथा

तथ्यपूर्ण हुन्छन् । घटना प्रधान समाचारहरूमा लक्षित वर्गका लागि महत्त्वपूर्ण विषयवस्तु समावेश गरिएको हुन्छ । राजनीतिक घटना, भाषण, अपराध, आगलागी, आन्दोलन, दुर्घटना आदि यस समाचारका उदाहरणहरू हुन् ।

(२) **प्रक्रियाप्रधान समाचार**

प्रक्रियाप्रधान समाचारमा घटनाको विवरण मात्र हुँदैन, प्रक्रिया समेत उल्लेख गरिएको हुन्छ । घटनालाई सोझै प्रस्तुत गुर्नको सट्टा त्यसको निहित कारण, तथ्यको व्याख्या र परिणामका बारेमा उल्लेख गरिएको हुन्छ । यस्ता समाचारलाई विवेचनात्मक समाचार वा अङ्ग्रेजी अनुवादका आधारमा नरम समाचार पनि भनिन्छ । फुर्सदको समयमा लेखिने, पाठकको हृदयलाई स्पर्श गर्न सक्ने तथा मानवीय अभिरूचि समेटिएको समाचार नै प्रक्रिया प्रधान समाचार हो । यस्तो समाचारको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

(ख) **समाचार सङ्कलन प्रक्रियाका आधारमा**

समाचार सङ्कलन प्रक्रियाका आधारमा समाचारलाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ ।

(१) **सक्रिय समाचार**

कुनै सञ्चार गृह वा समाचार संस्थाले आफ्नै संवाददाता पठाएर समाचार सङ्कलन गरी प्रकाशन र प्रसारण गर्दछ भने त्यस्तो समाचारलाई सक्रिय समाचार भनिन्छ । स्थानीय तहसम्म संवाददाताहरू आफैँ पुगेर सम्बन्धित व्यक्ति वा स्थानका बारेमा जानकारी सङ्कलन गरी ल्याउन गरिएको सक्रियताका आधारमा नै यस्तो समाचारलाई सक्रिय समाचार भनिएको हो ।

(२) **निष्क्रिय समाचार**

निष्क्रिय समाचार सक्रिय समाचारभन्दा ठीक विपरीत ढङ्गले सङ्कलन गरिएका हुन्छन् । संवाददाताहरू आफैँ घटनास्थलमा नपुगी समाचार कक्षमा प्राप्त भएका विवरण जस्तै : टेलिफोनबाट टिपाइएका विवरण, सङ्घसंस्थाले प्रेषित गरेका प्रेस विज्ञप्ति, विभिन्न स्थानबाट प्राप्त इमेल, सञ्चारगृह आफैँले अनुगमन गरेका विवरणहरू, विभिन्न संस्थाले

गरेका प्रत्रकार सम्मेलन र तिनले सार्वजनिक गरेक प्रतिवेदनहरू वा अन्य सञ्चारमाध्यम मार्फत प्राप्त हुने सामग्रीहरूका सहयोगमा बनाइने समाचार नै निष्क्रिय समाचार हुन् ।

**(ग) भावनात्मक प्रवृत्ति दृष्टिकोणका आधारमा**

भावनात्मक प्रवृत्तिका दृष्टिकोणका आधारमा समाचारलाई सकारात्मक र नकारात्मक गरी वर्गीकरण गर्न सकिन्छ ।

**(१) सकारात्मक समाचार**

जुनसुकै विषय वा घटनाका बारेमा सकारात्मक कुराहरू सङ्कलन गरी तयार गरिएको समाचारलाई सकारात्मक समाचार भनिन्छ । यस्ता समाचारहरू धेरैजसो विकास, उन्नति र प्रगतिका घटनाहरूतर्फ उन्मुख हुन्छन् । समाचार सङ्कलन र सम्पादनका क्रममा यस्ता किसिमका समाचारलाई ध्यान पुऱ्याई संयम अपनाउनुपर्ने हुन्छ ।

**(२) नकारात्मक समाचार**

समाजभित्र रहेको संरचनात्मक विग्रहसम्बन्धी  समाचारजन्य विवरणहरु भएका त्यस किसिमका समाचारलाई नकारात्मक समाचार भनिन्छ । बाढी, पहिरो, अपराध, हिंसा, द्वन्द्व, सामाजिक विकृति, छाडापन इत्यादि  यस समाचार अन्तर्गत पर्दछन् ।

**(घ) समाचार प्राप्त भएका आधारमा**

समाचार प्राप्त भएका आधारमा समाचारलाई प्रारम्भिक समाचार र अनुगमन समाचारमा वर्गीकरण गर्न सकिन्छ :

**(१) प्रारम्भिक समाचार**

प्रारम्भिक समाचारलाई सुरू वा आकस्मिक समाचार पनि भन्ने गरिन्छ । अझ सजिलो रूपमा भन्दा सञ्चारमाध्यमले कुनै विषयमा पहिलो पटक उठान गरेको समाचार विवरण नै प्रारम्भिक समाचार हो । कतिपय विद्वानले यसलाई विस्फोटन समाचार (Breaking News) को समकक्षमा राखेर हेर्ने गरेका छन् ।

(२) **अनुगमन समाचार**

फलो अप न्युज को विस्तृतीकरण फलो योर स्टोरी अप टु द एन्ड (Follow Your news story up to the end)अर्थात 'आफ्नो समाचार कथालाई समाप्त नहोउन्जेलसम्म पछ्याइ राख' भन्ने हो । मानव अधिकार पत्रकारितामा अनुगमन समाचारको ज्यादै महत्त्वपूर्ण भूमिका हुन्छ ।

(ङ) **सूचनाको विषय र प्राप्त हुने स्थानका आधारमा**

सूचनाको विषय र प्राप्त हुने  स्थानका आधारमा  पनि समाचारलाई वर्गीकरण गर्न सकिन्छ ।

(१) **विषयगत समाचार**

विषयवस्तुका आधारमा समाचारलाई विभिन्न विधामा छुट्ट्याइएको हुन्छ । जस्तै : राजनीतिक समाचार खेलकुद समाचार, विकास समाचार, वातावरण समाचार, अर्थ वाणिज्य समाचार, साहित्यिक समाचार, शिक्षा समाचार, द्वन्द्व समाचार, शान्ति समाचार, मानवअधिकार समाचार, कूटनीतिक समाचार, विज्ञान समाचार,  स्वास्थ्य समाचार, दुर्घटना समाचार आदि

(२) **स्थानगत समाचार**

सूचना प्राप्त हुने स्थानका आधारमा पनि समाचालाई विभिन्न विधामा छुट्ट्याइएको हुन्छ । जस्तः प्रहरी समाचार, सैनिक समाचार, अदालती समाचार, संसद् समाचार, ग्रामीण समाचार, मोफसल समाचार आदि ।

समाचार विविध प्रकार अन्तर्गत मुख्य समाचार पनि एक हो । मुख्य समाचारलाई प्रमुख समाचार पनि भनिन्छ । माथि उल्लिखित  समाचारमध्ये प्रारम्भिक समाचारसँग मुख्य समाचार अन्तरसम्बन्धित छ । अनलाइनमा मुख्य समाचार भनी मुख्य रूपमा वा प्राथमिकताका साथ छापिने समाचार हो । (आचार्य, २०७० : २६०, २६१, २६३, २६४, २६५)

### २.६.३. समाचारको भाषा

समाचार एउटा आश्चर्य हो, एउटा अप्रत्याशित घटनालाई समाचार भनिन्छ । समाचारलाई पूर्णता दिन विविध तत्त्वहरूको आवश्यकता पर्दछ । कुनै वस्तुको अशं वा भागलाई तत्त्व भनिन्छ । नेपाली बृहत शब्दकोश अनुसार तत्त्व भनेको कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने मूल कारण हो । एउटा राम्रो समाचार बन्न त्यसमा समाचारका आधारभूत तत्त्वहरू समावेश हुनुपर्छ । समाचारमा आवश्यक तत्त्वहरूका अभावमा अखबारमा छापिएकै भरमा एउटा घटना विवरण प्रभावकारी समाचार बन्न सक्दैन् । कुनै पनि समाचारमा छ क बाहेक अरु केही हुदैंमा समाचारको पूरा विवरण भन्नु नै तिनै छ वटा तत्त्वहरूको चित्तबुझ्दो जवाफ खोज्ने प्रयास हो । समाचारको तत्त्व के हो भन्ने कुरामै पत्रकारिता छ क वटा तत्त्व के, कहाँ, कहिले, को, किन, कसरीलाई समेट्ने प्रयास गरिन्छ ।

विभिन्न राजनेताहरूले आफ्नो भाषाशैलीलाई तिखार्न आफू भन्दा विज्ञहरूको भाषण वा प्रवचन सुन्ने गर्दछन् । जसरी सरल प्रस्तुति, वजनदार भाषाशैली र सरल शब्द प्रयोग गरी बोलेको भाषण प्रभावकारी हुन्छ, ठिक त्यसैगरी समाचार प्रस्तुतिको महत्त्वपूर्ण कुरा लेखनकला हो । त्यसैले समाचार लेखनमा भाषाको प्रयोग गर्दा विषयवस्तुसँग मेल खाने, वाक्य संरचना, शब्द चयन र संयोजन आवश्यक छ । समाचार लेखन, निबन्ध लेखन वा पुस्तक लेखन वा पुस्तक लेखन जस्तो हुँदैन । समाचार लेख्नुको उद्देश्य पाठकसम्म सरल ढङ्गले सुचना वा भावको सञ्चार गर्नु हो । यो केबल सिद्धान्तको कुरा मात्र होइन व्यवहारिक प्रयोगको कुरा हो । पत्रकारिताको निश्चय नै आफ्नै प्रकारको भाषा हुन्छ । यो स्पष्ट र विशिष्टीकृत पाराले लखिएको हुन्छ । अङ्ग्रेजी लेखक जोसेफ कन्राडले भनेका छन लेखकको काम भनेको लेखिएको शब्दहरू द्वारा शक्तिद्वारा तपाइलाई सुनाउनु, तपाइलाई अनुभव गराउनु, तपाइलाई देखाउनु हो । समाचार लेख्दा स्पष्टता, सरलता र पठनियतालाई ध्यान दिनुपर्छ । समाचारदाताले विषयवस्तु र घटनालाई बुझेर मात्र समाचार लेख्नुपर्दछ । समाचारलाई सरल बनाउन छोटा वाक्य, दैनिक प्रयोगमा आउने शब्द र छरितो अनुच्छेदको प्रयोग गर्नुपर्छ । समाचारमा सत्यता, सन्तुलन र विश्वसनीयता समाविष्ट हुनुपर्छ । समाचारमा कठिन शब्द र प्राविधिक शब्दको प्रयोग गर्नु हुँदैन । समाचारमा कतृवाच्यको क्रियापद प्रयोग गर्नुपर्दछ । कर्मवाच्यले समाचारलाई भद्दा र अस्पष्ट बनाउँछ । वाक्य संरचनामा विविधता प्रयोग गर्नुपर्छ । समाचारमा सम्भव भएसम्म घटना वा विषयवस्तुबारे

आवश्यक जानकारी समावेश भएको हुनुपर्छ । समाचार लेख्दा पत्रकारिताको मर्यादा, आचारसंहिता र कानुनी पक्षलाई ध्यान दिनुपर्दछ । समाचारलाई तथ्यपूर्ण बनाउन गलत अर्थ लाग्ने वाक्य वा तथ्यहरूको प्रयोग गर्नु हुँदैन ।

## २.७मुख्य समाचार

मुख्य समाचार त्यो मूलपाठ हो, जसले सम्पूर्ण समाचारको प्रकृतिको सङ्केत गर्दछ । ठूलो प्रकारको पहिलो पेजको मुख्य समाचार उन्नाइसौँ शताब्दी भन्दा पहिले सम्म प्रकाशन भएको थिएन । जब पत्रपत्रिका र मूख्य समाचारको शीर्षकमा प्रतिष्पर्धा बढ्दै गयो त्यसपछि मुख्य समाचारको विभिन्न मोडलमा सतर्कता बढ्दै गयो । कहिले काहीँ मुख्य समाचारलाई पत्रपत्रिकाको मुख्य समाचार वा मुख्य शीर्षक भन्ने गरिन्छ । आजको जल्दोबल्दो समयमा जानाजानी गलत हिज्जेमा मुख्य समाचार तयार गर्ने गरिन्छ र कस्तो प्रकारको समाचारको शीर्षक बनाउने भन्ने कुरा सम्पादकको जिम्मामा दिइन्छ । मुख्य समाचार विशेष गरी व्याकरणीय नियम अनुसार तयार गरिन्छ र केही क्रियाका रूपहरूलाई वेवास्ता गरी निपातलाई पनि प्रायः प्रयोग गरिदैन तर छोटा छोटा क्रियाको प्रयोग गरेर मुख्य समाचारलाई पारदर्शी बनाइन्छ । सञ्चारका माध्यम पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनका साइटमा मुख्य रूपमा छापिने अथवा सम्प्रेषण हुने समाचारलाई मुख्य समाचार भनिन्छ । मुख्य समाचार भन्नाले कुनै पनि लेख वा समाचारलाई चित्रण गर्ने शीर्षक हो । ( विकिपेडयिा द फ्रि इन्साइकोपेडिया) पत्रपत्रिकाहरुले पाठकको ध्यानाकर्षण गर्न १९औं शताब्दीको पहिल्लो समय पछि मात्र ठूलो आकारमा अघिल्लो पेजमा शीर्षक (मुख्य समाचार) लेख्ने चलन आएको हो । त्यसैले वर्तमान समयमा पनि सूचना प्रवाह गर्ने सम्पूर्ण माध्यमहरूमा मुख्य समाचार प्रमुख केन्द्रविन्दुका रूपमा रहेको हुन्छ । तत्कालीन, जल्दोबल्दो, सम्पूर्ण पाठकहरूको ध्यान खिच्न सक्ने, छोटो, छरितो खालको समाचार, खबर, घटना आदिलाई मुख्य समाचारमा राखिएको हुन्छ । प्रायजसो न्यूयोर्क टाइम्सले दोस्रो विश्व युद्धको समयमा सिपाहीहरूलाई अनुमोदन गर्दा र तिनीहरूलाई सचेत बनाउदा ठूलो अक्षरको मुख्य समाचार तयार पार्ने गर्दथ्यो ।

शीर्षकको प्रमुख उद्देश्य भनेका छिटो, छरितो ढङ्गबाट घटनाले भन्न खोजेको कुरालाई स्पष्ट पार्नु हो । यसलाई सामान्यतया अनुकरण सम्पादकद्वारा लेख्ने गरिन्छ तर यसलाई प्रायजसो लेखक स्वयम्, अनुकरण योजनाकार तथा सम्पादक स्वयम्द्वारा पनि लेख्न

गरिन्छ । माथि दिएको समाचार पहिलो पानाको शीर्षकलाई ठूलो अक्षरमा महत्त्वपूर्ण तरिकाले प्रस्तुत गरिन्छ । उदाहरणका लागि २१ जुन १९६९ को न्यूयोर्क टाइम्समा **'मानिसको चन्द्रमामा यात्रा'** चार वटा शब्दमा पहिलो पेजको दाँयातर्फ ठूलो अक्षरमा लेखिएको थियो । मुख्य समाचार वा शीर्षक बनाउँदा शीर्षकलाई राम्रोसँग डिजाइन गर्नुपर्छ । यो समाचार वा घटनाको बीचमा पाइन्छ, यो मुटुको धड्कन जस्तै हो जसलाई सम्वाददाताले बनाउने गर्दछन् । यस प्रस्तुत अध्ययनमा अनलाइन सुर्खेत डटकमको मुख्य समचारमा गरिएको छ । अनलाइन समाचारमा समाचार सम्प्रेषणका आ-आफ्नै तरिका हुन्छन् । यस अनलाइन सुर्खेत डटकममा दैनिक तीन पटक सम्म अपडेट गरिने भए तापनि प्रत्येक दिनमा एउटा मुख्य समाचार अपलोड तथा प्रकाशन पाइदैन् ।२०७३/२/१२देखि २०७३/२/३१ मा अपलोड भएका जम्मा १० वटा समाचारलाई यस अध्ययनमा विषयवस्तु बनाइएको छ ।

### २.७.१ मुख्य समाचारको महत्त्व

समाचार तथा लेख रचनाको शीर्षकहरू एकदमै महत्त्वपूर्ण हुन्छन् किनभने अधिकांश मानिसहरूले समाचार, लेख र  रचना पढ्ने कि नपढ्ने भनेर मुख्य समाचारलाई नै प्रयोग गर्दछन् । समाचार र लेख राम्रो वा नराम्रो त्यसमा त्यत्ति वास्ता राख्दैनन् । यदि समाचारको मुख्य शीर्षक नै कमजोर र अस्पष्ट छ भने त्यस्तो लेख र समाचारलाई कसैले पढ्दैनन् । मुख्य समाचारको महत्त्वपूर्ण पक्ष भनेको अरूलाई पाठकहरूको ध्यान आकर्षित गर्नु हो । मुख्य समाचारले अन्य समाचार, लेख, रचनालाई पढ्न उत्साहित गराउँछ । मानिसहरू मुख्य समाचार ताजा, उत्सुकता जगाउने खालको भएमा पढ्न झन्झट मान्दैन । मुख्य समाचार अनलाइन समाचारमा पहिलो प्राथमिकताका रूपमा रहेको हुन्छ ।  वेव साइटबाट अनलाइन समाचारका विविध खालका खाका दिइएको हुन्छ । राम्रो लेख समाचारको शीर्षकको अग्रभागमा निम्न कुराहरू समावेश गरिएका हुन्छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

#### (१) खोजबक्समा अपनाउनु पर्ने प्रक्रिया

पाठकले खोजेको र  सोचेको शब्द टाइप गर्नु त्यहाँ लाखौंको नतिजाहरू प्राप्त गर्न सक्नेछन् । एकदमै चाखलाग्दो  कुरा यो छ कि गुगलमा खोजेका नतिजाहरू पढ्नेहरूका

लागि अति छोटो छोटो आकर्षक शीर्षकमा भेटिन्छन्, जसलाई क्लिक गरेर हेर्न सकिन्छ । त्यहाँ छोटा बुँदागत रूपमा तथा URL पाइन्छन् । बढी भन्दा बढी शीर्षकहरूलाई आकर्षित गरिएको हुन्छ । कुनै पनि मानिसलाई आवश्यकता अनुसारका जानकारी, सूचना खोज्नु परेमा खोजबक्समा टाइप गरी सूचना तथा जानकारी तत्काल प्राप्त गर्न सकिन्छ । यसका लागि गुगल डटकमले चाहे जस्तो नतिजा उपलब्ध गराउन मद्दत गर्दछ ।

**(२)आर एस.एस वाचकलाई सतर्क गराउन**

समाचारको शीर्षकमा समाचार प्रयोग कर्ताहरूलाई सतर्क गराउने क्षमता रहेको हुन्छ । जस्तो जल्दोबल्दो समाचार पाठक तथा प्रयोग कर्ताले सम्पूर्ण समाचार पढ्नु भन्दा समाचारक शीर्षकमा के छ त्यो कुरालाई बढी उत्सुकताका साथ हेर्न गर्दछन् ।

**(३) सामाजिक बुकमार्किङ क्षेत्रमा सतर्कता गराउन**

यो सामाजिक सञ्जाल क्षेत्र सतर्कताको सिद्धान्त रेडिट डट कम र डेलिसिअस डट कम जत्तिकै साँचो छ । जसले सम्भावित शीर्षकलाई हजारौं प्रयोगकर्ताको बीचमा सजिलै पुऱ्याउन मद्दत गर्दछ ।

**(४) बफादार वाचनकर्ता**

मुख्य समाचारले समाचार वाचकहरूलाई बफादार रहन प्रभावित बनाउँछ । विविध वेव साइटमा अन्तरक्रिया गर्न प्रत्यन्न गर्दछन् । राम्रो शीर्षकले साइट हेर्नेहरूलाई बढी रूचिपूर्वक गहन रूपले अध्ययन गराउन अभिप्रेरित गर्दछ । तिनीहरूले वेव साइटमा भएका रोचक कुराहरूलाई आफ्नै ढङ्गले षड्यन्त्र नगरी विश्लेषण गर्न तर्फ प्रेरित हुन्छन् ।

**(५) अनुकूल खोजी**

सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको मुख्य समाचारमा प्रयोग गर्ने अक्षरको आकार तथा शैली हो । जसले लेख, रचना तथा समाचारलाई अरूप्रति आकर्षित गराउने गर्दछ र अरू मानिसहरू आकर्षित भई सो पोष्टलाई ट्याग गर्ने गर्दछ जुन URL संरचनामा रहेको हुन्छ । यी दुवै तत्त्वहरूले शीर्षक छनौट प्रक्रियामा ठूलो योगदान दिन्छन् । अन्य प्रयोगकर्ताले पनि शीर्षक प्रयोग गरेर आफ्नो लेख, रचना समाचारलाई राम्रो बनाउन सक्दछन् ।

मुख्य समाचारको शीर्षकहरूलाई मात्र नभई पछाडिको शीर्षकलाई समय दिनुपर्छ । उपशीर्षकहरूले समाचार वा लेखलाई चाखलाग्दो वा रोचक बनाउदछन् तर पुराना शीर्षकहरूलाई स्मरण गर्दै पछिल्ला शीर्षकलाई तुलनात्मक अध्ययन गर्नु हुदैन । राम्रो समाचार, राम्रो मुख्य शीर्षकको छनौटले सबैलाई आकर्षित गर्ने र पढ्न मन लाग्ने गराउन सहयोग पुऱ्याउँछ । यदि मुख्य शीर्षक राम्रो भएन भने समाचारप्रति कसैले चासो राख्दैनन् । त्यसैले अनलाइन समाचारका लागि मुख्य समाचारको महत्त्व बढी रहेको हुन्छ ।

## २.८ अनलाइन

इन्टरनेटका माध्यमबाट सूचना तथा समाचार सम्प्रेषण एवम् प्रकाशन गर्ने पत्रकारितालाई अनलाइन पत्रकारिता भनिन्छ । विश्वका प्रायः सबै प्रमुख सञ्चार माध्यमले इन्टरनेट मार्फत सूचना तथा समाचार सम्प्रेषण गर्दछन् । बिबिसी, सिएनएन, अलजेजिरा, तेहल्का डटकम, द न्यूयोर्क टाइम्स, टाइम्स अफ इन्डिया विश्वका चर्चित अनलाइन माध्यम हुन् । सन् १९९३ मा अमेरिकाको क्यारोलिना राज्यमा नान्दो डटनेट नामक वेव साइटले विश्वमै पहिलो पटक समाचारमूलक इन्टरनेट साइट सुरू गरेको थियो । प्रसारण वा छापा पत्रकारिता गर्ने थुप्रै समाचार संस्थाहरूले अनलाइन पत्रकारिता पनि सँगसँगै सुरूगरेर आफ्ना लक्षित पाठक, श्रोता वा दर्शकलाई सूचना सुविधा दिइरहेका छन् । तर त्यो विषयगत वा क्षेत्रीय रूपमा सीमित हुन सक्छ । ब्रिटिस ब्रोडकास्टिङ सर्भिसको बिबिसीन्युज डटकम विश्वकै ठुलो समाचार अनलाइन सेवा हो । अनलाइन पत्रकारिताले परम्परागत पत्रकारितामा व्यापक परिवर्तन ल्याइदिएको छ । सुरूमा अनलाइन पत्रकारिताले छापा माध्यम लगायतका सम्पूर्ण परमपरागत पत्रकारितालाई नै विस्थापित गर्ने हो कि भन्ने अनुमान गरिएको थियो । तर पछि यसलाई परम्परागत पत्रकारितालाई प्रभावकारी बनाउने थप प्रविधिका रूपमा सहजै ग्रहण गरियो । अनलाइन पत्रकारिताले वितरण र भौगोलिक सीमितताको अवधारणालाई नै समाप्त पारिदिएको छ । नेपालमा वि.सं. २०५३ देखि मर्केन्टाइल कम्युनिकेसन्सको नेपाल न्यूज डटकमले व्यावसायिक रूपमा अनलाइन पत्रकारिता सुरू गरेको हो ।

### २.८.१ अनलाइनका लागि समाचार लेखन

अनलाइन समाचारका लक्षित उपभोक्ता को हुन् भन्ने कुराको निक्यौंल गर्नुपर्दछ । अनि तिनले बुभ्ने गरी लेख्नुपर्छ । लक्षित उपभोक्ताले नै बुभ्न भने लेख्नुको कुनै अर्थ छैन् । अनलाइन विश्वभरिकै उपभोक्ताका लागि भएकाले सकेसम्म धेरैले बुभ्ने शब्दहरू, सजिलो भाषा, छोटा अनुच्छेद आदिको प्रयोग गरिएमा अनलाइन समाचार प्रभावकारी हुन्छ । लेख्नु भन्दा अघि राम्ररी विचार गनुपर्दछ ताकि प्रस्तुत गर्न खोजेको विषयवस्तुलाई कस्तो प्रकारले लेख्दा सबैभन्दा बढी प्रभावकारी बनाउन सकिन्छ । अनलाइन समाचारमा अक्षरबाहेक तस्विर, ग्राफिक एनिमेसन, लिङ्क, भिडियो क्लिप्स आदि थुप्रै विकल्पहरू राखिन्छ । छापामाध्यमका पत्रकारहरू लिखित जानकारीको खोजी गर्दछन्, टेलिभिजनका पत्रकारहरू क्यामेराले कति आवेगलाई समेट्न सक्यो भने हेर्छन, रेडियोका पत्रकारहरू शब्द र ध्वनिको तालमेल मिल्यो कि मिलेन भनेर ध्यान दिन्छन् तर अनलाइन समाचार सम्प्रेषणमा अनलाइनका पत्रकारहरूले सबैतिर उत्तिकै ध्यान पुऱ्याउनुपर्दछ । अनलाइनको लेखन भनेको छापा र प्रसारण माध्यमबीचको संयोजन हो । यो छापा माध्यमको भन्दा बढी कसिलो र प्रभाव छाड्न सक्ने किसिमको हुनुपर्दछ । साथै प्रसारण माध्यममा भन्दा बढी विस्तार वर्णन गरिएको हुनुपर्दछ । अनलाइनका समाचार शीर्षकहरू सोभ्रो अर्थ बुभ्रिने किसिमका र कर्तृवाच्यमा लेखिएका हुनुपर्दछ । सजिला शब्द, छोटा र सरल वाक्यहरू ज्यादै महत्त्वपूर्ण छन् । लामो र पट्यार लाग्दो समाचार विवरणबाट बच्न सम्भव हुने स्थानमा अन्य सान्दर्भिक वेब साइटहरूलाई लिङ्क गर्न सकिन्छ तर गलत विवरण भएका वा अश्लील साइटहरूबाट बच्न होसियारी अपनाउनु पर्दछ ।

### २.८.२ अनलाइन समाचार, लेख तथा रचनाका तत्त्व

समाचार तथा लेखको उपयुक्त खाका तयार पार्ने एकदमै महत्त्वपूर्ण तत्त्व भनेको समाचारका लागि छनौट गरेको सामग्री हो । कुनैपनि ब्लगको लेख, रचना र समाचारमा आवश्यक सामग्रीको सम्बन्ध एकदमै बढी मात्रामा हुने गर्दछ । समाचार तथा लेखमा आवश्यक पर्ने सामग्रीलाई गुमाउनु हुदैन, जसले समाचार तथा लेख रचनालाई स्पष्ट खाका दिन सकोस् । ती सामग्रीहरू वा तत्त्वहरू निम्नानुसार रहेका छन् :

(१) **शीर्षक :**

अनलाइन समाचार वा लेखमा छुटाउनै नहुने महत्त्वपूर्ण तत्त्व भनेको शीर्षक हो । अनलाइन समाचार शीर्षकको मुख्य काम पाठकलाई आकर्षित गर्नु हो । प्रभावकारी शीर्षकले पाठकलाई रोकिने, हेर्ने, पढ्ने र उत्प्रेरणा जगाउने काम गर्छ । आकर्षक शीर्षकले समचारको स्तरीयता प्रर्दशन गर्नुका साथै अनलाइन वेवसाइटहरूको लोकप्रियता बढाउँछ । शीर्षकमा मुख्यतः चार तत्त्व हुन आवश्यक छ । जस्तै उपयोगी, अति जरूरी, अनौठो र विशिष्टीकृत हुनुपर्दछ । प्रभावकारी शीर्षक लेखन कडा मेहनत, अभ्यास, कल्पनाशील र विश्लेषणात्मक क्षमता हुनुपर्दछ । शीर्षक एकदमै स्पष्ट छोटो र सबैले त्यसको व्याख्या गर्न सक्ने खालको हुनपर्छ । समचार, लेख, रचनाका तत्त्वहरू जसले समाचार र लेखमा हुनुपर्ने तत्त्वहरूलाई समेटेको हुन्छ । शीर्षकको अनलाइन समाचारमा प्रमुख भूमिका रहेको हुन्छ । शीर्षकले नै सिङ्गो समाचार, लेख, रचनाको प्रतिनिधित्व गरेको हुन्छ । शीर्षकले थोरै शब्दमा समाचारको भाव प्रतिबिम्बित गर्न सक्नुपर्छ । शीर्षक अनलाइन समाचारमा उपलब्ध स्थानमा अटाउन  सक्ने किसिमको हुनुपर्छ । शीर्षकमा अनावश्यक शब्दहरूको प्रयोग गर्नु हुदैन । छोटो र बोलीचालीका शब्दहरूलाई प्राथमिकता दिनुपर्दछ । शीर्षक घुमाउरो भाषा अर्थात बहुअर्थी शब्दको प्रयोग गर्नु हुदैंन । शीर्षक सकेसम्म कर्तृवाच्यको प्रयोग गर्नुपर्दछ । वर्तमान कालमा लेखिएको शीर्षक सधैँ ताजा देखिन्छ र पाठकलाई आर्कषित गरिरहेको हुन्छ । सङ्क्षेपीकृत शब्दको प्रयोग गर्दा सतर्क रहनुपर्छ । सर्वनाम, नामयोगी र क्रियापदबाट शीर्षक सुरू गर्नु उपयुक्त होइन । शीर्षक व्याकरणीय हिसाबले शुद्ध हुनुपर्दछ । शीर्षक लेख्दा पत्रकारिताको मर्यादा र कानुनी सीमाको ख्याल राख्नुपर्छ । समाचारको आमुखसँग सुहाउँदो शीर्षक राख्नुपर्छ । शीर्षक र आमुखको तालमेल नमिल्दा पाठकले समाचार पढ्नमा रूचि देखाउँदैनन् । शीर्षकमा प्रयोग भएका अक्षरको आकार र रङ्गले समाचारको महत्त्वलाई प्रतिबिम्बित गर्ने भएकाले मुख्य र महत्त्वपूर्ण समाचारलाई ठूलो अक्षर र उपयुक्त रङ्गमा सजाउने गर्नुपर्छ । शीर्षकलाई आकर्षक देखाउन दुई वा तीन हरफमा राख्न सकिन्छ । समाचारको महत्त्वपूर्ण कुरा नछुटुन् भन्न विभिन्न उपशीर्षकहरू राख्न सकिन्छ । समाचारको शीर्षकमा पूर्णविराम, प्रश्नवाचक चिह्न, आश्चार्यबोधक चिह्नको प्रयोग प्रायः राम्रो मानिदैन् ।

अनलाइन समाचारमा शीर्षकलाई आकर्षक ढङ्गले राखिएको हुन्छ । अक्षरका आकार ठूला र अक्षर रङ्गीन बनाएर राखिएका हुन्छ ताकि समाचार पाठकहरूको

ध्यानाकर्षण जाओस् । अनलाइन समाचारको लागि मात्र नभई पत्रपत्रिकामा समाचारमा शीर्षकमा अलि ध्यान दिएको हुनुपर्छ ।

(२) **मुख्य भाग :**

अनलाइन समाचार वा लेखको महत्त्वपूर्ण अङ्ग भनेको मुख्य भाग हो । यस भागमा सम्पूर्ण समाचार तथा सूचनाको व्याख्यात्मक जानकारी गराउने कुराहरू समेट्नु पर्दछ । माथि शीर्षक भएका शब्दहरूलाई यस भागमा व्याख्या तथा विश्लेषण गरिएको हुन्छ । समाचारको शीर्षकले जगाएको कौतुहलतालाई यसले व्याख्या गरिदिएको हुन्छ । ती समाचार, लेख तथा रचनामा शब्दहरू जस्ताको त्यस्तै दोहोर्‍याउनु हुदैन् । समाचारमा एउटै शब्दहरू प्रयोग भएमा समाचार पढ्ने पाठकलाई झन्जटिलो लाग्छ । समाचार उत्कृष्ट पनि मानिदैन् । त्यसैल समाचारका लागि मुख्य भाग पनि महत्त्वपूर्ण अङ्गका रूपमा पर्दछ ।

(३) **उपशीर्षक :**

अनलाइन समाचार, लेख रचनाको मुख्य भागभित्र उपशीर्षकलाई समावेश गर्नु पर्दछ । यसले समाचार तथा लेख प्रयोगकर्तालाई आवश्यक सूचना दिने काम मात्र गर्ने नभएर समाचार र लेखमा समावेश भएका कुराको विश्लेषण गर्न सहयोग पुर्‍याउँछ । अनलाइनमा हुने लेख रचनालाई तीन वा सो भन्दा बढी भागमा बाँडेर त्यसबाट नै उपशीर्षक बनाउन सकिन्छ । उदाहरणको लागि कुनै फाइदा नलिने संगठनको बारेमा लेख लेख्दै हुनुहुन्छ भने, यसको उपशीर्षक विभिन्न भागमा छुट्याउनु पर्दछ, जस्तो संगठन वा संस्था के को बारेमा छ । कहिले स्थापना भयो त्यसको फाइदा कसले लिन्छ र संस्थाले संसारमा कस्तो प्रभाव पारेको छ आदि । अनलाइन समाचारमा आ-आफ्नो तरिकाले शीर्षक तथा उपशीर्षक बनाउन सकिन्छ । सबै अनलाइन समाचारमा एउटै खालको हुनुपर्छ भने हुदैँन ।

(४) **जोडाई :**

अनलाइन समाचार वा लेखमा दुई प्रकारको सम्बन्ध रहेको हुन्छन । पहिलो सम्बन्ध अन्य वेव साइटसँगको सम्बन्ध जसले समाचार र लेखको शीर्षकमा गहिरो सूचना उपलब्ध गराउँछ । दोस्रो सम्बन्ध भनेको पछाडिबाट जोड्ने यदि कुनै समाचार, लेख, रचना लेख्नु

भएको छ भने त्यसबाट पनि पछिल्लो लेख समाचारमा केही कुराहरू समावेश गर्न सक्नुहुन्छ । त्यसले वाचककर्तालाई लेख तथा समाचार पढ्न रूचिको विकास गराउँदछ । त्यसैले पुरानो लेखलाई सम्पादन गरी नयाँ समाचारमा जोड्नाले नयाँ समाचारले उपयुक्त र सुहाउँदो सुचना दिन सक्दछ ।

(५) **प्रतिबिम्व /तस्बिर :**

अनलाइन समाचार वा लेखमा तस्बिरको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । अनलाइनमा तत्कालीन घटना, जानकारी, सूचना हेर्न र पढ्न पाइन्छ । अनलाइन समाचारमा प्रयोगकर्ताहरू समाचार सहित तस्बिर पनि तत्कालीन हेर्न चाहन्छन् । कुनै वेव साइटबाट तस्बिर छान्नुभयो भने तिनीहरू समाचार, लेख, रचनासँग मेल खान गई तयार गरेको समाचार, लेख, रचना, जस्ता देखिनुपर्दछ अर्थात समाचार र तस्बिरमा तालमेल मिल्नुपर्छ । केही तस्बिरहरू अन्य वेव साइटबाट खोजेर समाचार तथा लेख रचनामा राखिन्छ । अनलाइन समाचारमा तत्कालीन खिचिएका तस्बिरहरू भए भने समाचार अझ प्रभावकारी हुन्छ । अनलाइन समाचार, लेख, रचनाहरूमा प्रयोग गरेका तस्बिरले पाठककर्तालाई वा प्रयोगकर्तालाई आकर्षण गर्दछन् । धेरै जनाले यसलाई पढ्दछन् ।

प्रत्येक समाचार, लेख, रचनामा माथि उल्लिखित तत्त्वहरूसमावेश हुनुपर्दछ । जसले अनलाइनमा प्रकाशित हुने समाचार, लेख, रचनाहरूले उपयुक्त उद्देश्य प्राप्त गर्न सक्छ र वक्ताहरूलाई आकर्षण गर्न मद्दत पुऱ्याउँदछ ।अनलाइन समाचारलाई आकर्षक र सान्दर्भिक बनाउन विविध तत्त्वको महत्त्वपूर्ण भूमिका रहन्छ ।

(६) **निष्कर्ष :**

अनलाइन समाचार वा लेखले कुनै कुरा स्पष्ट पार्दै मुख्य भागमा समावेश गरिएको लेखबाट निष्कर्ष राख्नु पर्दछ । मुख्य शब्दावली लेखमा समावेश भएका सम्पूर्ण कुराहरूलाई अलिअलि समावेश गर्दै आफ्नो व्यक्तिगत तरिकालाई समावेश गर्दै समापन गर्नु पर्दछ ।

### २.८.३ अनलाइन समाचारका विशेषता

इन्टरनेटको माध्यमबाट समाचार सम्प्रेषण एवम् प्रकाशन गर्नुलाई अनलाइन समाचार भनिन्छ । सूचना तथा जानकारीलाई विश्वभरी फैलाउनका लागि अनलाइन

समाचारको महत्त्वपूर्ण भूमिका रहन्छ । अनलाइन समाचारले विश्वलाई एउटा कोठाभित्र सीमित गरिदिएको छ । विज्ञान तथा प्रविधिको आविष्कारसँगै मानिसहरूलाई समाचार प्राप्त गर्न एकदमै सहज भइदिएको छ । विश्वका जुनसुकै कुनामा घटेका घटना, जानकारीहरू एकक्षणमै अनलाइन समाचारका मार्फत विश्वव्यापी रूपमा थाहा पाउन सकिन्छ । अनलाइन समाचार एउटा यस्तो सशक्त माध्यम हो, जसले समाचार सम्प्रेषणको परम्परागत शैलीलाई तोड्दै नयाँ शैलीका साथ छिटो छरितो रूपमा समाचार ग्रहण गर्न सकिने भरपर्दो साधन हो । वर्तमान समयमा मानिसका लागि अनलाइन समाचारमा भएका खबर तथा जानकारीसँगै तस्बिरहरू प्रत्येक समय समयमा प्राप्त गर्न सकिने आधार अनलाइन समाचार हो । अनलाइन समाचारका विशेषताहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(१) इन्टरनेटको पहुँच भएको स्थानमा विश्वमा भएका समचार सहज तरिकाले प्राप्त गर्न सकिन्छ ।

(२) अनलाइन समाचार सम्प्रेषणमा समाचारसँगै तस्बिरहरू हेर्न पाइन्छ ।

(३) तत्कालीन समाचारलाई एकैसाथ आम जनमानसमा पुऱ्याउन सकिन्छ ।

(४) परम्परागत समाचार सम्प्रेषणलाई प्रभावकारी बनाउने नयाँ प्रविधिको रूपमा अनलाइन समाचारलाई मानिन्छ ।

(५) अनलाइन समाचारले भौगोलिक सीमितताको अवधारणालाई नै समाप्त पारिदिन्छ ।

(६) अनलाइन समाचार चाहेको खण्डमा अर्थात जुनसुकै समयमा आ-आफ्नो ल्यापटप, मोवाइल, आइफोन जस्ता साधनमा हेर्न र पढ्न सकिन्छ ।

### २.८.४ अनलाइन समाचारका उपयोगिता

बितेको दशकमा पत्रकारिता प्रवेश गरेको क्षेत्रमा अनलाइन कार्यको लागि थोरै लगानीको इच्छा देखाइएको थियो । एक अध्ययनका अनुसार अनलाइन समाचार पूर्ण रूपमा संशोधित भएको छैन् तर सम्भावित खोजी कार्य भैरहेको छ किनभने अनलाइन मिडिया समाचारको बजारमा परम्परागत मिडियालाई प्रतिस्थापित गर्दै आइरहेको छ । परिणाम स्वरूप, तिनीहरू वास्तविक रूपमा अनलाइन समाचारमा प्रयोगकर्ताले के चाहान्छन् भनेर बुझ्दैनन् र कसरी यसलाई प्राप्त गरिसके पछि व्यवहारमा कस्तो प्रभाव पार्दछ । परम्परागत छापाखानाले अझै पनि क्रान्ति ल्याएको छ, जसले गर्दा प्रयोगकर्तालाई किन

मानिसहरू अनलाइन समाचार र परम्परागत समाचारमा केही कुरा मिल्दोजुल्दो छ भन्ने बुझाइमा प्रयास भइरहेको छ । अनलाइन समाचार र यसको प्रयोगमा प्रभाव पार्ने विशेषताहरू रहेका छन् । पुरानो अध्ययनले समाचारको क्षेत्रमा अनलाइन समाचारले सामाजिक प्रविधिका फाइदाहरूलाई समावेश गरेको छ ।

(क) कुनै लागत नलाग्ने

(ख) बहुकार्यकलाप

(ग) धेरै समाचारको छनौट

(घ) गहिरो र पृष्ठभूमिको ज्ञान

(ङ) अनुकूलन

(च) समाचार र सहकर्मी बिच छलफल गर्ने क्षमता

(छ) फरक दृष्टिकोण र अस्तित्व

(ज) सञ्चार माध्यमसँग कुरा गर्ने अवसर

(https://onlinejournalismblog.com)

अनलाइन समाचार र इन्टरनेट प्रयोगकर्ता उनीहरूको निर्णय गर्ने क्षमता र अवस्था अनुसारको निर्णय गर्ने क्षमतालाई पूर्णरूपमा देखाएको हुन्छ । यो भविष्यमा विकसित हुने अनलाइन समाचारको लागि एकदमै महत्त्वपूर्ण कुरा हो । कुन हदसम्म सामाजिक प्राविधिकका अनलाइन समाचार इन्टरनेट प्रयोगकर्ता, प्रयोग र आफैँ सम्बन्धनमा लाभ गर्दछन् । अनलाइन समाचारमा लागतलाई हेर्दा लागत कम लाग्ने गरेको छ । अनलाइन समाचार र अन्य समाचारलाई तुलना गर्दा अनलाइन समाचारको महत्त्व बढी भएको र प्रयोगकर्ताहरू परम्परागत समाचारमा भन्दा अनलाइनमा बढी चासो राखेको पाइन्छ । अनलाइन समाचारमा लाग्ने खर्च कसरी प्राप्त गर्ने भन्ने विषयमा चासो रहेको हुन्छ । अनलाइन समाचार केही वर्ष यताबाट इन्टरनेटमा देखा पर्दै आएको छ र यसको अस्तित्व अझै पनि एउटा शैलीको रूपमा रहेको छ । अनलाइन समाचार शैलीमा अन्वेषणात्मक तत्त्वहरू, आधारशीला, समाचार प्रवाह, मुख्य समाचार र विज्ञानपनको बढी पारदर्शिक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । अनलाइन समाचारका माध्यमबाट विश्वभरका समाचारहरू एकसाथ हेर्न र पढ्न पाइन्छ । वर्तमान समय अनलाइन समाचार निकै लोकप्रिय र उपयोगी सिद्ध भएको छ ।

# अध्याय : तिन
# अध्ययन विधि

अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाशीर्षकको अनुसन्धानका उद्देश्य पूरा गर्नका लागि विभिन्न विधि वा पद्धतिलाई अवलम्बन गरिएको छ । अनुसन्धानलाई उद्देश्य मूलक निष्कर्षमा पुऱ्याउन अपनाइने नमुना छनोट, तथ्याङ्क सङ्कलन र तथ्याङ्कको विश्लेषण गर्ने प्रक्रियाको समिष्टिगत खाकालाई निम्नानुसार चर्चा गरिन्छ ।

## ३.१ अनुसन्धानको ढाँचा

यस अध्ययनमा अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको बाह्य र आन्तरिक पक्षको अध्ययन गरिएको छ । सो अध्ययन अनलाइन सुर्खेत डटकमका मिति २०७३/२/१२देखि २०७३/२/३१ सम्मका समाचारलाई आधार बनाई तीनको विश्लेषण गरिएको छ । उक्त समाचारमा प्रयुक्त भाषिक पक्षको संरचना, वाक्यकोटिका आधारमा विश्लेषण गरिएको छ । समाचारको लम्बाई, समाचारमा प्रयुक्त भाषिक पक्षको स्थितिलाई विश्लेषण गरी निष्कर्ष पहिल्याइएको छ । प्रस्तुत अध्ययन गुणात्मक र परिमाणात्मक ढाँचाको रहेको छ ।

## ३.२ तथ्याङ्कको प्रकृति र स्रोत

अनलाइन सुर्खेत डटकमको मुख्य समाचार प्रयुक्त भाषालाई अनलाइनमा प्राप्त समाचार तथ्याङ्कको मूल स्रोत, विषय रहेको छ । भाषिक पक्षको संरचनात्मक अध्ययनमा आधारहरू यसको तथ्याङ्क विश्लेषणमा उपयोगमा ल्याइएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोत सामग्रीलाई पनि उपयोग गरिएको छ ।

(अ) **प्राथमिक स्रोत**

प्राथमिक स्रोतका रूपमा अनलाइन सुर्खेत डटकम समाचार साइटका मिति २०७३/२/१२देखि २०७३/२/३१ गतेसम्म प्रकाशित अनलाइनका सुर्खेत डटकमका मुख्य समाचार सङ्कलन गरिएको छ । ती समाचारमा प्रयुक्त भाषिक पक्ष प्राथमिक स्रोतको

रूपमा रहेको छ । इन्टरनेटको माध्यमबाट तोकिएका समयभित्रका समाचारहरू डाउनलोड गरी तथ्याङ्क सङ्कलन गरिएको छ । अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययनमा अनलाइन प्रबन्धक निर्देशक, सम्पादक, व्यवस्थापन पक्षसँगको कुराकानीबाट प्राप्त तथ्याङ्क र शोध निर्देशक, गुरूहरू तथा सम्पूर्ण सहयोगी साथीहरूको सल्लाह, सुझावहरू प्रथम स्रोतका रूपमा उपयोग गरिएको छ

(आ) **द्वितीय स्रोत**

यस अनुसन्धानको विषयसँग सम्बन्धित ग्रन्थ, शब्दकोश, लेख, रचना, पाठ्यपुस्तक, शोधपत्र, इन्टरनेट, विविध अनलाइन साइट, पत्रपत्रिका, आदिलाई अनुसन्धानको द्वितीय स्रोतका रूपमा लिइएको छ ।

## ३.३सामग्री निर्माण र मानकीकरण

तथ्याङ्क सङ्कलनको मुख्य सामग्री इन्टरनेट रहेको छ । यसको माध्यमबाट अनलाइन सुर्खेत डटकमको मुख्य समाचारहरू सङ्कलन गरिएको छ । सङ्कलित समाचारमा भाषा अध्ययनको प्रमुख सामग्री हुन् । यसका साथै टिपोट कार्ड, कुराकानी, सोधपुछ, प्रश्नावलीको प्रयोग गरिएको छ । अनलाइन सुर्खेत डटकमका व्यवस्थापन पक्ष र प्रयोग कर्ताहरूमा गरिएको छ । यस अध्ययनमा प्रयोग गरिने टिपोट कार्ड, कुराकानी, शोधपुछ, प्रश्नावलीलाई शोध निर्देशक, विषय विशेषज्ञ, पत्रकार, अनलाइन सम्पादक, प्रयोगकर्ताबाट मानकीकरण गरिएको छ ।

## ३.४जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनमा मूलतः अनलाइन सुर्खेत डटकमको मुख्य समाचारको २०७३/२/१२देखि २०७३/२/३१ सम्मका सम्पूर्ण अपडेट मुख्य समाचारहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त जनसङ्ख्या भित्रको प्रत्येक दिनको अपडेट समाचारको प्रतिनिधित्व हुने गरी सम्भावना रहित नमुना छनोट विधि अन्तर्गत प्रतिनिधित्वमूलक नमुना छनोट र सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा पुस्तकालय तथा स्थलगत/क्षेत्रीय अध्ययन विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । इन्टरनेटको प्रयोग गरी तोकिएको समयभित्रमा समाचारहरू सङ्कलन गरिएको छ । डाउनलोड गरी प्रिन्ट पश्चात ती समाचारहरूको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यसमा अलिखित इ-समाचारका निर्माता, सञ्चालनकर्ता, इ-समाचारको प्रयोक्ता, पत्रकार, अनलाइन सम्पादकहरूसँग व्यक्तिगत रूपमा भेटघाट, अन्तरक्रिया, छलफलबाट पनि तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले यस कार्यका लागि क्षेत्रीय भ्रमण अध्ययन विधिको पनि उपयोग गरिएको छ । प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलनको लागि निम्नलिखित विधिहरू उपयोग गरिएको छ :

### (क) क्षेत्रीय अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि अपनाइने विधिहरू मध्ये क्षेत्रीयअध्ययन विधि एक हो । यस विधि अन्तर्गत अनलाइन सुर्खेतको सम्पादक, प्रबन्ध निर्देशक, व्यवस्थापक पत्रकार आदि सँग प्रत्यक्ष भेट गरिएको अन्तरवार्ता, कुराकानी, शोधपुछ, प्रत्यक्ष भेटघाट आदि विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### (ख) पुस्तकालयीय अध्ययन विधि

प्रस्तुत अनुसन्धानको विषय शीर्षकसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, लेख, रचना, शोधपत्र, इमेल, इन्टरनेट, अनलाइन समाचारहरू, विविध समाचार साइट, (डाउनलोड गरी) आदि सङ्कलन गरी गरिने यस अध्ययन पुस्तकालयीय अध्ययन विधि हो । पुस्तकालयीय अध्ययन विधि अन्तर्गत इन्टरनेटको उपयोगबाट अनलाइन सर्खेत डटकमको २०७३/२/१२देखि २०७३/२/३१ सम्मका जम्मा मुख्य समाचारका अङ्कहरू तथ्याङ्कको रूपमा संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण विधि

प्रस्तुत शोधपत्रमा प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कलाई तिनीहरू प्रकृति अनुसार वर्णनात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउन भाषिक विश्लेषणमा वैज्ञानिक पद्धतिहरूको सचेत

अनुसरण गरिएको छ । अनलाइन सुर्खेत डटकममा प्रयुक्त भाषाको अध्ययनमा संरचनात्मक र गुणात्मक पक्षको अध्ययन गरिएको छ । शैली वैज्ञानिक प्रक्रियाको अवलम्बन गरिएको छ । इ-समाचारमा प्रयुक्त भाषाको बाह्य र आन्तरिक पक्षलाई क्रमशः एक एक केलाइएको छ ।

## ३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

शोध पत्र तयार गर्दा यसका विभिन्न भागहरूलाई कुनै ठाउँमा राख्दा उपयुक्त हुन्छ भनेर अध्ययन गरिन्छ । अतःयस शोधपत्रको ढाँचालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **पूर्व भाग**

अनलाईन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययनको यस खण्डमा मुख्य समाचारको शीर्षक पृष्ठ, सिफारिस पत्र, शोधसार, कृतज्ञता ज्ञापन, संक्षेप शब्द र पूर्ण रूप, विषयसूची र तालिका सूची रहेको छ ।

(ख) **मूल भाग**

यस अध्ययनको मूल भागमा अनुसन्धान कार्यको सम्पूर्ण विवरण अनुसार : परिचय खण्ड, अध्ययन र विश्लेषण खण्ड र उपसंहार खण्ड वा निष्कर्ष खण्ड राखिएको छ ।

(ग) **अन्तिम भाग**

यस भागमा सन्दर्भ सामग्री, परिशिष्ट, व्यक्तिवृत्त राखिएको छ ।

# अध्याय : चार

## नतिजाको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनमा अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाअन्तर्गत बाह्य पक्ष र आन्तरिक पक्षको अध्ययन गरिएको छ । बाह्य पक्ष अन्तर्गत शीर्षक, विषयवस्तु, संरचना, शैली, र चित्र/तस्विरका आधारमा र आन्तरिक पक्ष अन्तर्गत शब्दभण्डार, काल, पक्ष र वाच्यको  आधारमा अध्ययन गरिएको छ । अनलाइन सुर्खेत डटकममा स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय विविध समाचारहरू अपलोड भइरहेका छन् । जस अन्तर्गत मिति २०७३/२/१२ देखि मिति २०७३/२/३१ सम्ममा अपलोड भएका जम्मा १० वटा मुख्य समाचारको अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१ बाह्य पक्षका आधारमा विश्लेषण

बाह्य पक्ष अन्तर्गत  शीर्षक, विषयवस्तु, संरचना, शैली, चित्र/तस्विरका आधारमा विश्लेषण गरिएको छ । जसलाई क्रमशः निम्नानुसार प्रस्तुत गरिएको छ :

#### ४.१.१ शीर्षक

यस अध्ययनमा समावेश भएका मुख्य समाचारको शीर्षकको विवरण :

(क) शीर्षक १ विश्वविद्यालयको सभामा प्रधानमन्त्री (१२ जेठ २०७३)

(ख) शीर्षक २ समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य (१६ जेठ २०७३)

(ग) शीर्षक ३ बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन (१७ जेठ २०७३)

(घ) शीर्षक ४ खरी- बोरीको पानी असोजमा आउने (२२ जेठ २०७३)

(ङ) शीर्षक ५ क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट (२३ जेठ २०७३)

(च) शीर्षक ६ सरकार परिवर्तन असम्भव : जवरा (२४ जेठ २०७३)

(छ) शीर्षक ७ वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन २५जेठ २०७३)

(ज) शीर्षक ८ काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष (२६ जेठ २०७३)

(झ) शीर्षक ९ कृषि पेशा यान्त्रीकरण बन्दै (२९ जेठ २०७३)

(ञ) शीर्षक १० अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु (३१ जेठ, २०७३)

उपर्युक्त मुख्य समाचारका शीर्षकहरूमा रहेका शब्द सङ्ख्या र अक्षर सङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**शीर्षक संरचनाका आधारमा**

| क्र. स. | प्रकाशित मिति | समाचारका शीर्षक | शब्द सङ्ख्या | अक्षर सङ्ख्या |
|---|---|---|---|---|
| १ | १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | ५ | १७ |
| २ | १६ जेठ, २०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | ९ | २० |
| ३ | १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | ४ | १४ |
| ४ | २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | ५ | १२ |
| ५ | २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | ६ | १६ |
| ६ | २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | ४ | १२ |
| ७ | २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | ५ | १४ |
| ८ | २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्बिनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | ६ | २३ |
| ९ | २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | ४ | १० |
| १० | ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | ४ | १५ |

उपर्युक्त तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययनका लागि वि.स.२०७३/२/१२ गते देखि वि.स. २०७१/२/३१ सम्ममा अपलोड तथा प्रकाशित सम्पूर्ण मुख्य समाचारहरूबाट जेठ महिना १२, १६, १७, २२, २३,

२४, २५, २५, २९, ३१ गतेका मुख्य समाचार जम्मा १० वटा अङ्कलाई अध्ययनको जनसङ्ख्याको रूपमा समावेश गरिएको छ । तालिकालाई हेर्दा क्रमसङ्ख्या १ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ५ र अक्षर सङ्ख्या १७ रहेका छन् । क्रमसङ्ख्या २ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ९ र अक्षर सङ्ख्या २० रहेका छन् । क्रमसङ्ख्या ३ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ४ र अक्षर सङ्ख्या १४ रहेका छन् । क्रमसङ्ख्या ४ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ५ र अक्षर सङ्ख्या १२ रहेका छन् । क्रमसङ्ख्या ५ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ६ र अक्षर सङ्ख्या १७ रहेका छन् । क्रमसङ्ख्या ६ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ४ र अक्षर सङ्ख्या १२ रहेका छन् । क्रमसङ्ख्या ७ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ५ र अक्षर सङ्ख्या १४ रहेका छन् । क्रमसङ्ख्या ८ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ६ र अक्षर सङ्ख्या २३ रहेका छन् । क्रम सङ्ख्या ९ को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ४ र अक्षर सङ्ख्या १० रहेका छन् । क्रम सङ्ख्या १० को मुख्य समाचारको शीर्षकमा शब्द सङ्ख्या ४ र अक्षर सङ्ख्या १५ रहेका छन् ।

### ४.१.२ विषयवस्तु

शीर्षक अन्तर्गत रहने समाचार विषयवस्तु हो । यस अध्ययनमा नमुनाका रूपमा लिइएका अनलाइन सुर्खेत डटकमका १० वटा मुख्य समाचारका विषयवस्तुको संरचनालाई निम्नानुसार विश्लेषण गरिन्छ :

**तालिका नं. २**

**विषयवस्तुका आधारमा समाचारको संरचना**

| क्र. स. | प्रकाशित मिति | शीर्षक | शब्द सङ्ख्या | वाक्य सङ्ख्या | अनुच्छेद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | १५४ | ९ | ५ |
| २ | १६ जेठ, २०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | ३५५ | १६ | १२ |
| ३ | १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | ३३४ | २४ | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | ४१८ | २६ | १० |
| ५ | २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | ३८५ | २० | १० |
| ६ | २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भवः जवरा | २४२ | १७ | ८ |
| ७ | २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | ९८ | ६ | ३ |
| ८ | २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | ५७० | २८ | १३ |
| ९ | २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | ३९२ | १९ | १० |
| १० | ३१ जेठ,२०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | २७१ | २१ | ८ |

माथिको तालिकामा उल्लिखित भए अनुसार क्रम सङ्ख्या १ को विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षकको मुख्य समाचारमा १५४ शब्द, ९ वाक्य र ५ अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या २ को समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य शीर्षकको मुख्य समाचारमा ३४७ शब्द, १६ वाक्य र १२ अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या ३ को बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारमा ३३५ शब्द, २४ वाक्य र ९ अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या ४ को खरी-बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचरमा ४०० शब्द, २६ वाक्य र १० अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या ५ को क्षेत्रीय अपस्तालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा, ३८५ शब्द, २० वाक्य र १० अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या ६ को सरकार परिवर्तन असम्भवः जवरा शीर्षकको मुख्य समाचारमा २४२ शब्द, १७ वाक्य र ८ अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या ७ को वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचारमा ९८ शब्द, ६ वाक्य र ३ अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या ८ को काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा, ५७९ शब्द, २८ वाक्य र १३ अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या ९ को कृषि पेशा

यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा ३९२ शब्द, १९ वाक्य र १० अनुच्छेद रहेका छन् । क्रम सङ्ख्या १० को अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकको मुख्य समाचारमा २७१ शब्द, २१ वाक्य र ८ अनुच्छेद रहेका छन् । विषयवस्तुका आधारमा समाचारको संरचनालाई हेर्दा सबैभन्दा बढी ५७० शब्द सङ्ख्या रहेको पाइयो भने सबैभन्दा कम ९८ वटा शब्द सङ्ख्या रहेको पाइयो । वाक्य संख्यालाई हेर्दा सबैभन्दा बढी २८ वटा रहेको पाइयो भने सबैभन्दा ६ वटा रहेको पाइयो । अनुच्छेद संरचनाका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी १३ वटा अनुच्छेद रहेको पाइयो भने सबैभन्दा कम ३ वटा रहेको पाइयो ।

(क) **विषयवस्तुको क्षेत्र**

अनलाइन ताजा खबर प्रदान गर्ने सूचना प्रविधि भएकाले सुर्खेत अनलाइन समाचारहरूले विभिन्न क्षेत्रलाई समाचारको विषयवस्तुका रूपमा प्रस्तुत गरिएको देखिन्छ जसलाई तालिका निम्नानुसार प्रस्तुत गरिन्छ :

**तालिका नं.३**

**विषयवस्तुको क्षेत्रका आधारमा मुख्य समाचार**

| समाचारको किसिम | समाचार किसिमका सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जानकारीमूलक समाचार | ५ | ५० | |
| आर्थिक समाचार | १ | १० | |
| राजनीतिक समाचार | १ | १० | |
| साँस्कृतिक समाचार | १ | १० | |
| कृषि समाचार | १ | १० | |
| स्वास्थ्य समाचार | १ | १० | |
| जम्मा | १० | १०० | |

माथिका तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा जानकारी विषयवस्तुका समाचार ५, आर्थिक विषयवस्तुका समाचार १, राजनीतिक विषयवस्तुका समाचार १, साँस्कृतिक विषयवस्तुका समाचार १, कृषि विषयवस्तुका समाचार १ र

स्वास्थ्यविषयवस्तुका समाचार १ वटा रहेका छन् । यसरी हेर्दा सबैभन्दा बढी जानकारी विषयवस्तुका मुख्य समाचार ५० प्रतिशत, आर्थिक विषयवस्तुका मुख्य समाचारमा १० प्रतिशत, राजनीतिक विषयवस्तुका मुख्य समाचारमा १० प्रतिशत, साँस्कृतिक विषयवस्तुमा मुख्य समाचारमा १० प्रतिशत, कृषि विषयवस्तुका मुख्य समाचारमा १० प्रतिशत र स्वास्थ्य विषयवस्तुका मुख्य समाचारमा १० प्रतिशत प्रयोग गरिएको पाइयो । उपर्युक्त तालिकाका अनुसार सबै खालका विषयवस्तुलाई अनलाइन समाचारको मुख्य समाचारमा  अपलोड गरिरहेको पाइयो । त्यसैले अनलाइन सुर्खेत डटकममा प्रकाशित मुख्य समाचारका आधारमा विषयवस्तुले समग्रता र समय सान्दर्भिकतालाई समेटिएको पाइयो । विषयवस्तुको क्षेत्रका आधारमा विश्लेषण गरी हेर्दा सबैभन्दा बढी ५ वटा  जानकारीमूलक समाचार रहेको पाइयो भने सबैभन्दा कम अन्य समाचारहरू १/१ वटा मुख्य समाचार रहेको पाइयो । यस आधारमा सुर्खेत डटकमका समाचारहरूमा जानकारीमूलक समाचारलाई महत्त्व दिएको पाइयो ।

### ४.१.३ संरचना

प्रस्तुत अध्ययनमा नमुना रूपमा लिइएका अनलाइन सुर्खेत डटकमको १० वटा मुख्य समाचारका संरचनाहरूलाई निम्न आधारमा वर्गीकरण  गरिएको  छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**(क) शब्द संरचनाका**

यस अध्ययनमा नमुनाका रूपमा लिइएको मुख्य समाचारको विषयवस्तुलाई शब्द संरचना अन्तर्गत मूल शब्द र व्युत्पन्न शब्दका आधारमा विश्लेषण गरिएको छ ।

**तालिका नं. ४**

**शब्द संरचनाका आधारमा**

| समाचार प्रकाशन मिति | मुख्य समाचार शीर्षक | मूल शब्द | व्युत्पन्न शब्द | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | ८१ | ७३ | १५४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ जेठ, २०७३ | समद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | २५७ | ९८ | ३५५ | |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | १९८ | १३६ | ३३४ | |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | २६२ | १५७ | ४१८ | |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | २३९ | १४६ | ३८५ | |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भवः जवरा | ९१ | १५१ | २४२ | |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | २८ | ७० | ९८ | |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | २६२ | ३०८ | ५७० | |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | १२० | २७२ | ३९२ | |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | १०६ | १६५ | २७१ | |

माथिको तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारलाई शब्द संरचनाकाआधारमा मूल शब्द र व्युत्पन शब्दमा विभाजन गरी अध्ययन गरिएको छ । जसमा तालिका नं.४ मा प्रत्येक मुख्य समाचारमा भएका शब्दहरूलाई छुट्याएको छ। मिति २०७३ जेठ १२ मा प्रकाशित विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षकको मुख्य समाचारमा ८१ मूल शब्द र ७३ व्युत्पन्न शब्द गरी जम्मा १५४ शब्द रहेका छन् । मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य शीर्षकको मुख्य समाचारमा २५७ मूल शब्द र ९८ व्युत्पन्न शब्द गरी जम्मा ३५५ शब्द

रहेका छन् । मिति २०७३ जेठ १७ मा प्रकाशित बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारमा १९८ मूल शब्द र १३६ व्युत्पन्न शब्द गरी जम्मा ३३४ जम्मा शब्द रहेका छन् । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी- बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचारमा २६२ मूल शब्द र १५७ व्युत्पन्न शब्द गरी जम्मा ४१८ शब्द रहेका छन् । मिति २०७३ जेठ २३ मा प्रकाशित क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा २३९ मूल शब्द र १४६ व्युत्पन्न शब्द गरी जम्मा ३८५ शब्द रहेका छन् । मिति २०७३ जेठ २४ मा प्रकाशित सरकार परिवर्तन असम्भव : जवरा शीर्षकको मुख्य समाचारमा ९१ मूल शब्द र १५१ व्युत्पन्न शब्द गरी जम्मा २४२ शब्द रहेका छन् । मिति २०७३ जेठ २५ मा प्रकाशित वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचारमा २८ मूल शब्द र ७० व्युत्पन्न शब्द गरी जम्मा ९८ शब्द रहेका छन् । मिति २०७३ जेठ २६ मा प्रकाशित काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा २६२ मूल शब्द र ३०८ व्युत्पन्न शब्द गरी जम्मा ५७० शब्द रहेका छन् । मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा १२० मूल शब्द र २७२ व्युत्पन्न शब्द गरी जम्मा ३९२ शब्द रहेका छन् । त्यसैगरी मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकको मुख्य समाचारमा १०६ मूल शब्द र १६५ व्युत्पन्न शब्द गरी जम्मा २७१ शब्द  रहेका छन् । अतः शब्द संरचनाका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी २६२ वटा मूल शब्द रहेका पाइयो भने सबैभन्दा कम २८ वटा रहेको पाइयो । त्यस्तै गरी व्युत्पन्न शब्दलाई हेर्दा सबैभन्दा बढी ३०८ वटा शब्द रहेको पाइयो भने सबैभन्दा कम ७० वटा व्युत्पन्न शब्द रहेको पाइयो ।

(ख) **वाक्य संरचना**

यस अध्ययनमा समावेश जम्मा मुख्य समाचारमा प्रयुक्त वाक्य र तिनका प्रकारलाई केलाउँदा प्राप्त भएको आँकडालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं.५

वाक्य संरचनाका आधारमा

| समाचार प्रकाशित मिति | मुख्य समाचार शीर्षक | सरल वाक्य | जटिल वाक्य | जम्मा वाक्य सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | ३ | ६ | ९ | |
| १६ जेठ, २०७३ | समृद्ध छैटौँ प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | ७ | ९ | १६ | |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | १५ | ९ | २४ | |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | १९ | ७ | २६ | |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | ११ | ९ | २० | |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | १० | ७ | १७ | |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | ४ | २ | ६ | |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | १२ | १६ | २८ | |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | १० | ९ | १९ | |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | १२ | ९ | २१ | |

उपर्युक्त तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारलाई वाक्य संरचनाका आधारमा सरल र जटिल वाक्यमा विभाजन गरी अध्ययन गरिएको छ । जसमा

तालिका नं.५ मा प्रत्येक मुख्य समाचारमा भएका वाक्यहरूलाई छुट्याएको छ । मिति २०७३ जेठ १२ गते मा प्रकाशित विश्वविद्यालयको सभामाआउने प्रधानमन्त्री शीर्षकको मुख्य समाचारमा  ३ वटा सरल वाक्य र ६ वटा जटिल वाक्य रहेका छन् । उक्त मुख्य समाचारको विषयवस्तुमा सरल र जटिल गरी जम्मा ९ वटा वाक्य रहेका छन् ।  मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौँ प्रदेश बनाउने नयाँ बजेट यस्ता छन् लक्ष्य शीर्षकको मुख्य समाचारमा ७ वटा सरल वाक्य र ९ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा १६ वटा वाक्य रहेका छन् । मिति २०७३ जेठ १७ गते प्रकाशित बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारमा १५ वटा सरल वाक्य र ९ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा २४ वटा वाक्य रहेका छन् । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी- बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचारमा १९ वटा सरल वाक्य र ७ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा २६ वटा वाक्य रहेका छन् । मिति २०७३ जेठ २३ मा प्रकाशित क्षेत्रीय अपस्तालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा ११ वटा सरल वाक्य र ९ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा २१ वटा वाक्य रहेका छन् ।  मिति २०७३ जेठ २४ मा प्रकाशित सरकार परिवर्तन असम्भवः जवरा शीर्षकको मुख्य समाचारमा १० वटा सरल वाक्य र ७ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा १७ वटा वाक्य रहेका छन् ।  मिति २०७३ जेठ २५ मा प्रकाशित वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचारमा ४ वटा सरल वाक्य र २ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा ६ वटा वाक्य रहेका छन् । मिति २०७३ जेठ २६ मा प्रकाशित काँक्रेविहारलाई लुम्विनीपछिको वौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा १२ वटा सरल वाक्य र १६ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा २८ वटा वाक्य रहेका छन् । मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा १० वटा सरल वाक्य र ९ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य

समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा १९ वटा वाक्य रहेको छन् । त्यसैगरी मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकको मुख्य समाचारमा १२ वटा सरल वाक्य र ९ वटा जटिल वाक्य रहेका छन् । उक्त शीर्षकको मुख्य समाचारको विषयवस्तुमा सरल वाक्य र जटिल वाक्य गरी जम्मा २१ वटा वाक्य रहेका छन् । अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययन शीर्षकको यस शोध पत्रमा समावेश भएका जम्मा १० वटा मुख्य समाचारमा जम्मा १०३ वटा सरल वाक्य र ८३ वटा जटिल वाक्य गरी जम्मा १८६ वाक्य रहेका छन् । वाक्य संरचनाका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी १९ वटा सरल वाक्य रहेको पाइयो भने सबभन्दा कम ३ वटा वाक्य रहेको पाइयो । जटिल वाक्यलाई हेर्दा सबभन्दा बढी १६ वटा वाक्य रहेको पाइयो भने सबभन्दा कम २ वटा रहेको पाइयो ।

### (ग) अनुच्छेद संरचना

अनलाइन समाचारहरूको संरचना लामो र छोटो सबै किसिमको रहेको पाइयो । समाचार भित्रको घटनाक्रमको पुष्टयाई, प्रष्टोक्तिका लागि आवश्यक भाषिक संरचनाको प्रयोग गर्दा कुनै दिनको मुख्य समाचार छोटा र कुनै दिनका लामो हुन गएको देखिन्छ । यसका आधारमा अनुच्छेदका तथा तिनमा प्रयुक्त वाक्यका सङ्ख्या पनि फरक फरक हुन भएको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

**तालिका नं. ६**

**अनुच्छेद संरचनाका आधारमा**

| समाचार प्रकाशन मिति | मुख्य समाचार शीर्षक | समाचारमा रहेका अनुच्छेद सङ्ख्या | समाचारमा रहेका वाक्य सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | ५ | ९ | |
| १६ जेठ, २०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | १२ | १६ | |

| | | | | |
|---|---|---|---|---|
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | ९ | २४ | |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | १० | २६ | |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | १० | २० | |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | ८ | १७ | |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | ३ | ६ | |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | १३ | २८ | |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | १० | १९ | |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | ८ | २१ | |

उपर्युक्त तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारलाई अनुच्छेद संरचनाका आधारमा अनुच्छेद सङ्ख्या र अनुच्छेदमा रहेका वाक्य सङ्ख्यामा विभाजन गरी अध्ययन गरिएको छ । जसमा तालिका नं. ६ मा प्रत्येक मुख्य समाचारमा भएका वाक्यहरूलाई छुट्याएको छ । मिति २०७३ जेठ १२ मा प्रकाशित विश्व वद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षकको मुख्य समाचारमा ५ वटा अनुच्छेद सङ्ख्या र ९ वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट यस्ता छन् लक्ष्य शीर्षकको मुख्य समाचारमा १२ वटा अनुच्छेद सङ्ख्या र १६ वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ १७ मा प्रकाशित वैकल्पिक विमान स्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारमा ९ वटा अनुच्छेद सङ्ख्या र २४ वटा वाक्य रहेका छन् । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी -बोरीको पानी असोजमा आउने

शीर्षकको मुख्य समाचारमा १० वटा अनुच्छेद सङ्ख्या र २६ वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ २३ क्षेत्रीय अपस्तालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा १० वटा अनुच्छेद र २० वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ २४ मा प्रकाशित सरकार परिवर्तन असम्भवः जवरा शीर्षकको मुख्य समाचारमा ८ वटा अनुच्छेद सङ्ख्या र १७ वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ २५ मा प्रकाशित वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचारमा ३ वटा अनुच्छेद सङ्ख्या र ६ वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ २६ मा प्रकाशित काँक्रेविहारलाई लुम्बिनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा १३ वटा अनुच्छेद सङ्ख्या र २८ वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा १० वटा अनुच्छेद सङ्ख्या र १९ वटा वाक्य सङ्ख्या रहेका छन् । मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पतालको लापरवाहीको सुत्केरीको मृत्यु शीर्षकको मुख्य समाचारमा ८ वटा अनुच्छेद सङ्ख्या र २१ वटा वाक्य सङ्ख्या रहेका छन् । यसरी अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययन शीर्षकको यस शोध पत्रमा समावेश भएका जम्मा १० वटा मुख्य समाचारमा जम्मा ८८ अनुच्छेद सङ्ख्या र १८६ वाक्य रहेका छन् । अनुच्छेद संरचनाका आधारमा विश्लेषण गर्दा सबभन्दा बढी १३ वटा अनुच्छेद रहेको पाइयो भने सबैभन्दा कम ३ वटा रहेको पाइयो । वाक्य सङ्ख्यालाई हेर्दा सबैभन्दा बढी २८ वटा रहेको पाइयो भने सबैभन्दा ६ वटा रहेको पाइयो ।

### ४.१.४ शैली

शैली भन्नाले समाचार सम्प्रेषण गर्ने तौरतरिका भनिन्छ । यहाँ नमुनाका रूपमा लिइएका अनलाइन सुर्खेत डटकमका १० वटा मुख्य समाचारका शैलीहरूलाई निम्न आधारमा वर्गीकरण गरिएको छ ।

(क) शीर्षकको शैली

तालिका नं. ७

शीर्षकको शैलीका आधारमा

| समाचार प्रकाशन मिति | मुख्य समाचार शीर्षक | वस्तुपरक शैली | लाक्षणिक शैली | आलङ्कारिक शैली |
|---|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | ✓ | - | - |
| १६ जेठ,२०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | ✓ | - | - |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | ✓ | - | - |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | ✓ | - | - |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | ✓ | - | - |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | ✓ | - | - |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरुङको निधन | ✓ | - | - |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाइ लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | ✓ | - | - |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | ✓ | - | - |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | ✓ | - | - |

समाचारका शीर्षक प्रष्ट सरल रहन वस्तुपरक शैली अपनाउनु पर्ने पत्रकारिता जगतको सिद्धान्तलाई अनलाइन सुर्खेत डटकममा समाचारका शीर्षकहरूमा पनि अवलम्वन

गरिएको पाइयो । तालिकामा प्रस्तुत शीर्षकहरू अभिधा अर्थमा रहेका छन् । तिनको अर्थ सोझो छ । जुनसुकै स्तरको पाठकले पनि सहजै प्रष्ट बोध गर्न सक्ने स्थिति रहेको छ । यसरी यस विश्लेषण गर्दा अध्ययनमा समावेश गरेका मुख्य समाचारका शीर्षकहरू वस्तुपरक शैलीमा आधारित रहेको पाइयो ।

(ख) **विषयवस्तुको शैली**

यस शोध पत्रमा अध्ययनका लागि छनोट गरिएका १० वटा अनलाइन सुर्खेत डटकमक मुख्य समाचारको विषयवस्तुको शैलीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८**

**विषयवस्तुको शैलीका आधारमा**

| समाचार प्रकाशन मिति | मुख्य समाचार शीर्षक | वस्तुपरक शैली | लाक्षणिक शैली | आलङ्कारिक शैली |
|---|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | ✓ | - | - |
| १६ जेठ, २०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | ✓ | - | - |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | ✓ | - | - |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | ✓ | - | - |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | ✓ | - | - |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | - | ✓ | - |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | ✓ | - | - |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | ✓ | - | - |

| | | | | |
|---|---|---|---|---|
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | ✓ | - | - |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | - | ✓ | - |

उपर्युक्त तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारका विषयवस्तुलाई शैलीका आधारमा विभाजन गरी अध्ययन गरिएको छ । जसमा तालिका नं. ८ मा मुख्य समाचारका विषयवस्तुलाई (वस्तुपरक, लाक्षणिक र आलङकारिक) शैलीमा छुट्याएको छ । मिति २०७३ जेठ १२ मा प्रकाशित विश्वविद्यालयको सभामा प्रधानमन्त्री शीर्षकको मुख्य समाचारको विषयवस्तुमा वस्तुपरक शैलीको प्रयोग गरिएको छ । मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य शीर्षकको मुख्य समाचारको विषयवस्तुमा वस्तुपरक शैलीको प्रयोग गरिएको छ । मिति २०७३ जेठ १७ मा प्रकाशित वैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारको विषयवस्तुमा वस्तुपरक शैली प्रयोग गरिएको छ । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी-बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचारको विषयवस्तु वस्तुपरक शैली प्रयोग गरिएको छ । मिति २०७३ जेठ २३ मा प्रकाशित क्षेत्रीय अपस्तालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारको विषयवस्तु वस्तुपरक शैली प्रयोग गरिएको छ । मिति २०७३ जेठ २४ मा प्रकाशित सरकार परिवर्तन असम्भव : जवरा शीर्षकको मुख्य समाचारको विषयवस्तु लाक्षणिक शैली प्रयोग गरिएको छ । मिति २०७३ जेठ २५ मा प्रकाशित वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचारको विषयवस्तु वस्तुपरक शैली प्रयोग गरिएको छ । मिति २०७३ जेठ २६ मा प्रकाशित काँक्रेविहारलाई लुम्बिनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारको विषयवस्तु वस्तुपरक शैलीमा रहेको छ । मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारको विषयवस्तु वस्तुपरक शैलीमा रहेको छ । त्यसैगरी मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकको मुख्य समाचारको विषयवस्तु लाक्षणिक शैलीको रहेको पाइयो । यस तालिकाबाट के कुरा प्रष्ट हुन्छ भने अनलाइन डटकममा प्रकाशन हुने मुख्य समाचारहरू प्राय : वस्तुपरक शैलीमा र लाक्षणिक शैलीमा आधारित हुनुपर्दछ ।

### ४.१.५ चित्र/तस्बिर

अनलाइन समाचारमा त्यस समाचारको विषयवस्तु, घटनाक्रम तथा जानकारीसँग सम्बन्धित चित्र/तस्विरलाई अपलोड गरिएको छ ।

**(क) चित्र/तस्विर सङ्ख्या**

प्रस्तुत शोध पत्रमा नमुनाका रूपमा लिइएका अनलाइन सुर्खेत डटकमका १० वटा मुख्य समाचारका चित्र/तस्विरका सङ्ख्या निम्न छन् :

**तालिका नं. ९**

**चित्र/तस्विर सङ्ख्याका आधारमा**

| समाचारको प्रकाशन मिति | मुख्य समाचारको शीर्षक | चित्र/तस्विर सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | - | नभएको |
| १६ जेठ, २०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | - | नभएको |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | १ | - |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | १ | - |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | १ | - |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | १ | - |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | १ | - |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | २ | - |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | ३ | - |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | १ | - |

यस शोधमा नमुन रूपम छनोट गरिएका मुख्य समाचारमा अधिकांश समाचारमा चित्र/तस्विरहरूको प्रयोग भएको छ। माथिको तालिकालाई विश्लेषण गर्दा १२ जेठ, २०७३ मा प्रकाशित विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षकको समाचारमा कुनैपनि चित्र वा तस्विरहरू नभएको पाइयो। त्यसैगरी १६ जेठ,२०७३ मा प्रकाशित समद्ध छैटौँ प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य शीर्षकको समाचारमा चित्र वा तस्विर नभएको पाइयो। १७ जेठ, २०७३ मा प्रकाशित बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर भएको पाइन्छ। २२ जेठ, २०७३ मा प्रकाशित खरी-बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर भएको पाइयो। २३ जेठ, २०७३ मा प्रकाशित क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर भएको पाइयो। २४ जेठ, २०७३ मा प्रकाशित सरकार परिर्वतन असम्भव : जवरा शीर्षको मुख्य समाचारमा एक वटा चित्र/तस्विर भएको पाइयो। २५ जेठ २०७३ मा प्रकाशित वरिष्ट संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर भएको पाइयो। २६ जेठ, २०७३ मा प्रकाशित काँक्रेविहारलाई लुम्बिनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा दुई वटा चित्र/तस्विर भएको पाइयो। २९ जेठ,२०७३ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा तीन वटा चित्र/तस्विर भएको पाइयो। त्यसैगरी ३१ जेठ, २०७३ मा प्रकाशित अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर भएको पाइयो। चित्र/तस्विरले मुख्य समाचारलाई आकर्षक, रोचक र प्रभावकारी बनाउँछ। यस अध्ययनमा छनोट भएका अनलाइन सुर्खेत डटकमको १० वटा मुख्य समाचारहरूमा जम्मा ११ वटा चित्र/तस्विरहरू रहेका छन्। चित्र/तस्विरको सङ्ख्याका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी ३ वटा चित्र रहेको पाइयो भने सबैभन्दा कम १ वटा चित्र रहेको पाइयो। ती चित्रहरूले समाचारलाई सरल, सहज तरिकाले पाठक समक्ष सम्प्रेषण गर्नुका साथै समाचारलाई आकर्षक, रोचक एवम् समय सान्दर्भिक बनाएका छन्। वर्तमान समयमा सुचना तथा प्रविधिको विकासले गर्दा तत्कालिन समाचार, सुचना, जानकारी एकैसाथ विश्वभर फैलाउने कार्य अनलाइन समाचारले गरेको हुन्छ। अनलाइन समाचारहरूमा समाचारसँगसँगै चित्र/तस्विरको प्रयोगलाई प्राथमिकता दिइएको हुन्छ। अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयोग भएका चित्र/तस्विरले मुख्य समाचारको सुन्दरता र सान्दर्भिकता कायम राखेका छन्।

(ख)चित्रमाप्रस्तुत वस्तु

यस शोध पत्रमा नमुनाका रूपमा लिइएका अनलाइन सुर्खेत डटकमका १० वटा मुख्य समाचारका चित्रहरूमा प्रस्तुत गरिएका वस्तुहरूलाई निम्न आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. १०

चित्रमाप्रस्तुत वस्तुका आधारमा

| समाचार प्रकाशित मिति | मुख्य समाचारको शीर्षक | प्रस्तुत गरिएका वस्तुहरू | कैफियत |
|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | - | नभएको |
| १६ जेठ,२०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | - | नभएको |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | सुर्खेत विमानस्थलको चित्र/तस्विर | |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | खरी-बोरीको पानीको मुहान वा उक्त खोलाको एक झलक | |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | क्षेत्रीय अस्पतालको नयाँ बनेको भवनको चित्र/तस्विर | |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | सरकार परिवर्तन असम्भवः विषयमा पशुपति शमसेर जवरा बोल्दै गरेको चित्र/तस्विर | |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | वरिष्ठ संगीतकार अम्बर गुरुङको अस्पतालको | |

| | | | |
|---|---|---|---|
| | | चित्र/तस्विर | |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | काँक्रेविहारको चित्र/तस्विर र सोही विषयमा विशिष्ट व्यक्तिहरूले छलफल गर्दै गरेको अर्को तस्विर | |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | भेरीगंगा नगरपालिका-१४ रामघाटमा मेशीनबाट लगाइएको धान, मेशीनबाट लगाइएको मकै खेतीका दुई चित्र/ तस्विर, | |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | मध्य-पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको चित्र/तस्विर | |

उपर्युक्त तालिकाका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्या समाचारमा प्रयुक्त भाषा अध्ययनमा नमुनाको रूपमा लिइएका १० वटा मुख्य समाचारमा जम्मा ११ वटा चित्र/तस्विरहरू रहेका छन् । उक्त चित्र/तस्विरमा प्रस्तुत गरिएका विषयवस्तुलाई व्याख्या विश्लेषण निम्नानुसार गरिएको छ । मिति २०७३ जेठ १२ मा प्रकाशित विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षकको मुख्य समाचारमा र मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौँ प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य शीर्षकको मुख्य समाचारमा कुनै पनि चित्र/तस्विर नभएको पाइएको छ । मिति २०७३ जेठ १७ मा प्रकाशित वैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरमा प्रस्तुत गरिएका वस्तु सुर्खेत विमानस्थलको एक झलकलाई प्रस्तुत गरिएको छ । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी-बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरमा प्रस्तुत गरिएको वस्तु खरी-बोरी पानीको मुहानसहित खोलाको आकृतिलाई प्रस्तुत गरिएको छ । मिति २०७३ जेठ २३ मा प्रकाशित क्षेत्रीय अस्पतालको सेवा अव नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा एक चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरले प्रस्तुत गरिएको वस्तु क्षेत्रीय अस्पतालको नयाँ बनेको भवनलाई प्रस्तुत

गरिएको छ । मिति २०७३ जेठ २४ मा प्रकाशित सरका परिवर्तन असम्भवः जवरा शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ। त्यस चित्र/तस्विरले प्रस्तुत गरिएको वस्तु सरकार परिवर्तन नहुने विषयमा बोल्द गरेको जवरा सहित अन्य व्यक्तिलाई प्रस्तुत गरिएको छ । मिति २०७३ जेठ २५ मा प्रकाशित वरिष्ट संगीतकार अम्वर गुरूङको निधन शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ। त्यस चित्र/तस्विरले प्रस्तुत गरिएको वस्तु वरिष्ठ संगीतकार अम्वर गुरूङ अस्पतालको शैयामा अन्तिम अवस्थालाई प्रस्तुत गरिएको छ । मिति २०७३ जेठ २६ मा प्रकाशित काँक्रेविहारलाई लुम्विनीपछिको बोद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा दुई वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस मुख्य समाचारमा भएको पहिलो चित्र/तस्विरले प्रस्तुत गरिएको वस्तु काँक्रेविहारको सुन्दर आकृतिलाई प्रस्तुत गरिएको छ। उक्त मुख्य समाचारमा भएको दोस्रो चित्र/तस्विरले प्रस्तुत गरिएको वस्तु सोही विषयवस्तुमा विशिष्ठ व्यक्तितत्वले छलफल गर्दै गरेको एक तस्विरलाई प्रस्तुत गरिएको छ। मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा तीन वटा चित्र/तस्विरहरू रहेका छन्। त्यस मुख्य समाचामा भएको पहिलो चित्र/तस्विरले प्रस्तुत गरेको वस्तु भेरीगंगा नगरपालिका १४ रामघाटमा मेशीनबाट लगाएको धान खेतीलाई प्रस्तुत गरिएको छ भने त्यस्तै दोस्रो, तेस्रो क्रमश : अन्य चित्र/तस्विरले प्रस्तुत गरिएको वस्तु सोही स्थानमा मेशीनबाट लगाएको मकै खेतीलाई प्रस्तुत गरिएको छ । त्यसैगरी मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ। त्यस चित्र/तस्विरले प्रस्तुत गरिएको वस्तु मध्य पश्चिमाञ्चल विकास क्षेत्रको एक मात्र अस्पताललाई प्रस्तुत गरिएको छ । जसले स्वास्थ्य सेवामा प्रभावकारिता दिन नसकेको सङ्केत समेत गरिएको छ । यस शोध पत्रमा छनोट गरिएका जम्मा १० वटा अनलाइन सुर्खेत डटकमका मुख्य समाचारमा ८ वटा मुख्य समाचारमा ११ वटा चित्र/तस्विर रहेका छन् भने २ वटा मुख्य समाचारमा कुनै चित्र/तस्विर नरहेको पाइयो । उपर्युक्त चित्र/तस्विरहरूमा विषयवस्तु, सुहाउँदा र समय सान्दर्भिक रहेका छन् । ती चित्र/तस्विरहरूले मुख्य समाचारमा प्रभावकारी बनाइको छ।

(ग) सङ्केत गरेको विषयवस्तु

यस शोध पत्रमा नमुनाका रूपमा लिइएका अनलाइन सुर्खेत डटकमका १० वटा मुख्य समाचारका चित्र/तस्विरहरूलाई सङ्केत गरेको विषयवस्तुलाई निम्न आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ११

सङ्केत गरेको विषयवस्तुका आधारमा

| समाचार प्रकाशित मिति | मुख्य समाचारको शीर्षक | सङ्केत गरेको विषयवस्तु | कैफियत |
|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | - | नभएको |
| १६ जेठ, २०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | - | नभएको |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | विमानस्थल उपर्युक्त नभएकाले बैकल्पिक विमानस्थलका लागि अन्य स्थानमा संभाव्यताको अध्ययन गरिनु पर्ने सङ्केत | |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | खरी-बोरीमा पानी स्रोत भएको र पानीलाई असोजसम्म खानेपानीमा ल्याउने | |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | क्षेत्रीय अस्पतालको सेवा नयाँ भवनबाट सञ्चालन गरिनु पर्ने सङ्केत | |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भवः जवरा | सरकार परिवर्तन गर्न असम्भव भएको भन्दै | |

| | | | |
|---|---|---|---|
| | | आफ्नो धारणा राख्दै पशुपति शमसेर जवराले दिएको अभिव्यक्तिलाई सङ्केत | |
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | खरी-बोरीमा पानी स्रोत भएको र पानीलाई असोजसम्म खानेपानीमा ल्याउने | |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | लुम्विनी जस्तै वौद्ध गन्तव्य बनाउने सकिन्छ भन्दै काँक्रेविहारलाई सङ्केत | |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | पहिलो चित्र/तस्विरले भेरीगंगा नगरपालिका-१४ रामघाटमा मेशीनबाट लगाएको धान खेतीलाई दोस्रो, तेस्रो चित्र/तस्विरले उक्त स्थानमा मेशीनबाट लगाएको मकै खेतीलाई सङ्केत | |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | मध्यपश्चिमाञ्चल एक मात्र अस्पतालमा जनताले स्वास्थ्य सेवा उचित नभएको, लापरवाहीले ज्यान समेत गुमाउन परेका अवस्था | |

उपर्युक्त तालिकाका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषा अध्ययनमा नमुनाको रूपमा लिइएका १० वटा मुख्य समाचारमा जम्मा ११ वटा चित्र/तस्विरहरू रहेका छन् । उक्त चित्र/तस्विरमा सङ्केत गरेका विषयवस्तुका आधारमा

व्याख्या विश्लेषण निम्नानुसार गरिएको छ । मिति २०७३ जेठ १२ मा प्रकाशित विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षकको मुख्य समाचारमा र मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य शीर्षकको मुख्य समाचारमा कुनैपनि चित्र/तस्विर नभएको पाइएको छ। मिति २०७३ जेठ १७ मा प्रकाशित बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरले सङ्केत गरेको विषयवस्तु सुर्खेत विमानस्थल उपर्युक्त नभएकाले बैकल्पिक विमानस्थलका लागि अन्य स्थानमा सम्भाव्यताको अध्ययन गरिनु पर्ने सङ्केत गरेको पाइएको छ । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी-बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरले सङ्केत गरेको विषयवस्तु खरी-बोरीमा पानी स्रोत भएको र पानीलाई असोजसम्म खानेपानीमा ल्याउने कुरालाई सङ्केत गरिएको छ। मिति २०७३ जेठ २३ मा प्रकाशित क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरले सङ्केत गरेको विषयवस्तु क्षेत्रीय अस्पतालको सेवा नयाँ भवनबाट सञ्चालन गरिनु पर्ने सङ्केत गरेको पाइएको छ। मिति २०७३ जेठ २४ मा प्रकाशित सरकार परिवर्तन असम्भवः जवरा शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरले सरकार परिवर्तन गर्न असम्भव भएको भन्दै आफ्नो धारणा राख्दै जवराले दिएको अभिव्यक्तिलाई सङ्केत गरेको पाइएको छ। मिति २०७३ जेठ २५ मा प्रकाशित वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ। त्यस चित्र/तस्विरले खरी-बोरीमा पानी स्रोत भएको र पानीलाई असोजसम्म खानेपानीमा ल्याउन गरेको पाइएको छ । मिति २०७३ जेठ २६ मा प्रकाशित काँक्रेविहारलाई लुम्बिनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा दुई वटा चित्र/तस्विर रहेका छन् । त्यसमा भएको पहिलो चित्र/तस्विरले लुम्बिनी जस्तै बौद्ध गन्तव्य बनाउने सकिन्छ भन्दै काँक्रेविहारलाई सङ्केत गरिएको छ भने दोस्रो चित्र/तस्विरले उक्त विषयमा वुद्धिजीविले छलफल गर्दै गरेको सङ्केत गरेको पाइएको छ। मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा तीन वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस मुख्य समाचारमा पहिलो चित्र/तस्विरले भेरीगंगा नगरपालिका-१४ रामघाटमा मेशीनबाट लगाएको धान खेतीलाई सङ्केत गरिएको छ । क्रमशः दोस्रो, तेस्रो

चित्र/तस्विरले उक्त स्थानमा मेशीनबाट लगाएको मकै खेतीलाई सङ्केत गरेको पाइएको छ । त्यसैगरी मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पातलको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरले मध्य पश्चिमाञ्चल एक मात्र अस्पतालमा जनताले स्वास्थ्य सेवा उचित नभएको, लापरवाहीले ज्यान समेत गुमाउन परेका अवस्थालाई सङ्केत गरेको पाइएको छ ।

(घ) **चित्रको आकार**

प्रस्तुत शोध पत्रमा नमुनाका रूपमा लिइएको १० वटा मुख्य समाचारमा भएका चित्र/तस्विरहरूलाई आकारको उचाइ र चौडाइमा आधारित रहेर विश्लेषण गरिएको छ :

**तालिका नं. १२**

**चित्रको आकारका आधारमा**

| **समाचार प्रकाशन मिति** | **मुख्य समाचारको शीर्षक** | **उचाइ** | **चौडाइ** | **रेजुलेशन** | **कैफियत** |
|---|---|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | - | - | | नभएको |
| १६ जेठ, २०७३ | समृद्ध छैटौँ प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | - | - | | नभएको |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | ६ इन्च | ११.६ इन्च | ७२ | |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | ३.३३ इन्च | ४.४४ इन्च | १८० | |
| २३ जेठ, २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | १.७१ इन्च | १.७१ इन्च | ३५० | |
| २४ जेठ, २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | २.५ इन्च | ४.४४ इन्च | १८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ जेठ, २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | ५.३३ इन्च | ९.०२ इन्च | ७२ | |
| २६ जेठ, २०७३ | काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष | ११.११ इन्च, १.७८ इन्च | ८.३३ इन्च, २.६६ इन्च | ७२ ३०० | |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | १.७१ इन्च, १.७१ इन्च, १.७१ इन्च | २.२८ इन्च, २.२८ इन्च, २.२८ इन्च | ३५० ३५० ३५० | |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | ५.५४ इन्च | ८.३३ इन्च | | |

उपर्युक्त तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारका विषयवस्तुलाई चित्र/तस्विरको आकार आधारमा विभाजन गरी अध्ययन गरिएको छ । जसमा तालिका नं. १२ मा चित्र/तस्विरहरूको आकार उचाइ, चौडाइ र रेजुलेशन आधारमा छुट्याएको छ । मिति २०७३ जेठ १२ मा प्रकाशित विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षक मुख्य समाचार र मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट यस्ता छन् लक्ष्य शीर्षकका मुख्य समाचारमा कुनैपनि चित्र/तस्विर नभएको पाइएको छ । मिति २०७३ जेठ १७ मा प्रकाशित बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकको मुख्य समाचारमा एक वटा तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरको आकार ६ इन्च उचाइ, ११.६ इन्च चौडाइ र ७२ रेजुलेशन रहेको पाइएको छ । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी-बोरीको पानी असोजमा आउने शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरको आकार ३.३३ इन्च उचाई, ४.४४ इन्चको चौडाई र १८० को रेजुलेशन रहेको पाइएको छ । मिति २०७३ जेठ २३ मा प्रकाशित क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट शीर्षकको मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेका पाइएको छ। त्यस चित्र/तस्विर आकार १.७१इन्च

उचाई, २.२८ इन्च चौडाई र ३५० को रेजुलेशनमा रहेको पाइएको छ । मिति २०७३ जेठ २४ मा प्रकाशित सरकार परिवर्तन असम्भवः जवरा शीर्षकका मुख्य समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ ।  त्यस चित्र/तस्विरको आकार २.५ इन्च उचाई, ४.४४ इन्च चौडाई र १८० को रेजुलेशन रहेका पाइएको छ । मिति २०७३ जेठ २५मा प्रकाशित वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकको मुख्य समाचार एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरको आकार ५.३३ इन्च उचाई, ९.०२ चौडाई र ७२ का रेजुलेशन रहेको पाइएको छ । मिति २०७३ जेठ २६ काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकको मुख्य समाचारमा दुई वटा  चित्र/तस्विर रहेको पाइएको छ । त्यस पहिलो चित्र/तस्विरको आकार ११.११ इन्च उचाई, ८.३३ इन्च चौडाई र ७२ को रेजुलेशन रहेको पाइएको छ । दोस्रो चित्र/तस्विरको आकार १.७८ इन्च उचाई, २.६६ इन्च चौडाई ३०० को रेजुलेशन रहेको पाइएको छ । मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकको मुख्य समाचारमा तीन वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरहरू आकार क्रमश : १.७१ इन्च, १.७१ इन्च, १.७१ इन्च उचाई, २.२८ इन्च, २.२८ इन्च, २.२८ इन्च चौडाइ र ३५०, ३५०, ३५० का रेजुलेशन रहेको पाइएको छ । त्यसैगरी मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकको मुख्य  समाचारमा एक वटा चित्र/तस्विर रहेको पाइएको छ । त्यस चित्र/तस्विरको आकार ५.५४ इन्चको उचाई, ३.३३ इन्च चौडाई र ९६ को रेजुलेशन रहेको पाइएको छ । चित्रको आकारलाई हेर्दा सबभन्दा बढी ११.११ इन्च उचाइ रहेको चित्र पाइयो भने सबभन्दा कम १.७१ इन्चको चित्र रहेको पाइयो । त्यस्तै चित्रको चौडाइलाई हेर्दा सबभन्दा बढी ११.६ इन्चको चित्र रहेको पाइयो भने सबभन्दा १.७१ इन्चको चित्र रहेको पाइयो । चित्रको रेजुलेशनलाई हेर्दा सबभन्दा बढी ३५० र सबभन्दा कम ७२ रहेको पाइयो ।

## ४.२ आन्तरिक पक्षका आधारमा

प्रस्तुत अध्ययनमा अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा भाषाको अध्ययनमा बाह्य र आन्तरिक पक्षको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा मुख्य समाचारलाई उत्कृष्ट बनाउने काम मुख्य समाचारको भाषाले महत्त्वपूर्ण भूमिका र आन्तरिक पक्ष अन्तर्गत शब्दभण्डार, काल, पक्ष र वाच्य आधारमा विश्लेषण गरिएको छ । जसलाई क्रमशः निम्नानुसार प्रस्तुत गरिएको छ :

४.२.१ शब्दभण्डार

यस अध्ययनमा समावेश अनलाइन सुर्खेत डटकमको मुख्य समाचारमा प्रयुक्त भाषाको अध्ययनमा मिति २०७३/२/१२ देखि मिति २०७३/२/३१ सम्ममा अपलोड गरिएका जम्मा १० वटा मुख्य समाचारका शब्दभण्डार निम्न आधारमा वर्गीकरण गरिएको छ। जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

(क) **शीर्षक अन्तर्गत शब्दभण्डार**

यस प्रस्तुत शोधपत्रमा नमुनाका रूपमा लिइएको १० वटा मुख्य समाचारका शीर्षकलाईशब्दभण्डारका आधारमा विश्लेषण  गरिएको छ :

**तालिका नं. १३**

**शीर्षक अर्न्तगत शब्दभण्डारका आधारमा**

| समाचार प्रकाशन मिति | मुख्य समाचारको शीर्षक | तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|---|---|
| १२ जेठ, २०७३ | विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने | ३ | १ | - |
| १६ जेठ,२०७३ | समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट, यस्ता छन् लक्ष्य | ६ | ३ | - |
| १७ जेठ, २०७३ | बैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन | ४ | - | - |
| २२ जेठ, २०७३ | खरी- बोरीको पानी असोजमा आउने | ३ | २ | - |
| २३ जेठ २०७३ | क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट | ४ | १ | १ |
| २४, जेठ २०७३ | सरकार परिवर्तन असम्भव : जवरा | २ | १ | १ |
| २५ जेठ २०७३ | वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन | ४ | १ | - |
| २६ जेठ,२०७३ | काँक्रेविहारलाई लुम्बिनीपछिको | ५ | १ | - |

| | | | | |
|---|---|---|---|---|
| | बौद्ध गन्तव्य बनाउने निष्कर्ष | | | |
| २९ जेठ, २०७३ | कृषि पेशा यान्त्रीकरण बन्दै | १ | २ | १ |
| ३१ जेठ, २०७३ | अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु | २ | १ | १ |

उपर्युक्त तालिका अनुसार अनलाइन सुर्खेत डटकमको मुख्य समाचारका शीर्षकलाई शब्दभण्डारका आधारमा विभाजन गरी विश्लेषण गरिएको छ । मिति २०७३ जेठ १२ मा प्रकाशित विश्वविद्यालयको सभामा प्रधानमन्त्री आउने शीर्षकमा ३ वटा तत्सम्, १ वटा तद्भव शब्द रहेका छन् । मिति २०७३ जेठ १६ मा प्रकाशित समृद्ध छैटौं प्रदेश बनाउने नयाँ बजेट यस्ता छन् लक्ष्य शीर्षकमा ६ वटा तत्सम् र ३ वटा तद्भव शब्द रहेका छन् । मिति २०७३ जेठ १७ मा प्रकाशित वैकल्पिक विमानस्थलको सम्भाव्यता अध्ययन शीर्षकम ४ वटा तत्सम् शब्द रहेका छन् । मिति २०७३ जेठ २२ मा प्रकाशित खरी बोरीको पानी असोजमा आउने शीर्षकमा ३ वटा तत्सम् र २ वटा तद्भव शब्द रहेका छन् । मिति २०७३ जेठ २३ मा प्रकाशित क्षेत्रीय अस्पतालको सेवा अब नयाँ भवनबाट शीर्षकमा ४ वटा तत्सम् र २ वटा तद्भव शब्द रहेका छन् । मिति २०७३ जेठ २४ मा प्रकाशित सरकार परिवर्तन असम्भव : जवरा शीर्षकमा २ वटा तत्सम्, १ वटा तद्भव र १ वटा आगन्तुक शब्द रहेका छन् । मिति २०७३ जेठ २५ वरिष्ठ संगीतकार अम्बर गुरूङको निधन शीर्षकमा ४ वटा तत्सम् र १ वटा तद्भव शब्द रहेका छन् । मिति २०७३ जेठ २६ मा प्रकाशित काँक्रेविहारलाई लुम्विनीपछिको बौद्ध गन्तव्य बनाउने निष्कर्ष शीर्षकमा ५ वटा तत्सम र १ वटा तद्भव शब्द रहेका छन् । मिति २०७३ जेठ २९ मा प्रकाशित कृषि पेशा यान्त्रीकरण बन्दै शीर्षकमा १ वटा तत्सम, २ वटा तद्भव र १ वटा आगन्तुक शब्द रहेका छन् । त्यसैगरी मिति २०७३ जेठ ३१ मा प्रकाशित अस्पतालको लापरवाहीले सुत्केरीको मृत्यु शीर्षकमा २ वटा तत्सम, १ वटा तत्दभव र १ वटा आगन्तुक शब्द रहेको पाइयो । शीर्षक अन्तर्गत शब्दभण्डारलाई हेर्दा सबैभन्दा बढी ६ वटा तत्सम शब्द रहेको पाइयो भने सबैभन्दा कम १ वटा तत्सम शब्द रहेको पाइयो । तद्भव शब्दहरूलाई हेर्दा सबैभन्दा बढी ३ वटा रहेका पाइयो भने सबैभन्दा कम १ वटा शब्द रहेको पाइयो । आगन्तुक शब्दलाई हेर्दा चार वटा मुख्य समाचारमा १/१ वटा रहेको पाइयो भने अन्य मुख्य समाचारमा आगन्तुक शब्द नरहेको पाइयो ।

(ख) विषयवस्तु (मुख्य समाचार) अन्तर्गत शब्दभण्डार

कुनै पनि भाषामा अनगन्ती शब्द रहेका हुन्छन् । ती शब्दहरू विभिन्न स्रोतबाट आई विभिन्न अर्थ जनाउन पयुक्त हुन्छ । यही शब्द समूहलाई शब्दभण्डार भनिन्छ । नेपाली भाषाको शब्दभण्डारमा तत्सम्, तद्भव, आगन्तुक स्रोतबाट आएका शब्दहरूले नेपाली भाषालाई समृद्ध तुल्याएको छ । यस प्रस्तुत शोध पत्रमा नमुनाका रूपमा लिइएको अनलाइन सुर्खेत डटकमको मुख्य समाचारका १० वटा मुख्य समाचारका विषयवस्तुलाई शब्दभण्डारका आधारमा विश्लेषण गरिएको छ :

तालिका नं. १४

मुख्य समाचारको विषयवस्तु अन्तर्गत शब्दभण्डारका आधारमा

